# नेपाल वार्षिक कृषि सर्वेक्षण २०७६

# गणना निर्देशिका

कृषि तथा पशुपन्छी विकास मन्त्रालय    केन्द्रीय तथ्याङ्क विभाग    विश्व खाद्य तथा कृषि सँगठन

# विषयसूची


परिचय १

**मुख्य प्रश्नावली** (Core Module) ५

**उत्पादन विधि तथा वातावरण सम्बन्धी प्रश्नावली** (PME Module) ५९

**परिचय**

नेपालको आर्थिक क्षेत्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रले राष्ट्रिय आय तथा रोजगारीमा महत्वपूर्ण योगदान गरेको छ । यसर्थ, कृषि क्षेत्रको विकासका लागि योजना तर्जुमा एवं नीति निर्माण गर्न, कार्यान्वयन गर्न, अनुगमन तथा मूल्याङ्कन गर्न नियमित रुपमा कृषिको संरचनागत बनोट तथा क्रियाकलाप सम्बन्धी भरपर्दो र विश्वासिलो तथ्याङ्कको आवश्यकता पर्दछ । अझै पनि हाम्रो जस्ता धेरै विकासोन्मुख देशहरुमा भरपर्दो तथ्याङ्कको नियमित रुपमा उत्पादन र प्रसार भएको पाइंदैन । यसै सन्दर्भमा, विश्वखाद्य तथा कृषि सँगठन (FAO) को Global Strategy on Agriculture and Rural Statistics (GSARS) कार्यक्रमले कृषि तथा कृषिसँग सम्बन्धित तथ्याङ्कहरुको उत्पादनको लागि १० वर्ष अवधिमा कृषिमा आधारित बाली तथा पशुपन्छी उत्पादन तथा यसै सँग सम्बन्धित, कृषिमा आधारित आर्थिक गतिविधि, कृषि जनशक्ती, उत्पादनविधि तथा वातावरण र मेशिनरी उपकरण तथा सम्पत्ती सम्बन्धी मोड्युलहरुको चक्रिय रुपमा सर्वेक्षण गर्ने गरि कृषि एकिकृत सर्वेक्षण (Agriculture Integrated Survey-AGRIS) भन्ने पद्धतिको विकास गरेको छ । यस पद्धतिअनुसार बाली तथा पशुपन्छी उत्पादन तथा यसै सँग सम्बन्धित वार्षिक रुपमा सर्वेक्षण गरि तथ्यांक संकलन गरिने मोड्युललाई मुख्य प्रश्नावली (Core Module) र आवश्यकताअनुसार आवधिक रुपमा तथ्यांक संकलन गरिने कृषिमा आधारित आर्थिक गतिविधि, कृषि जनशक्ती, उत्पादन विधि तथा वातावरण र मेशिनरी उपकरण तथा सम्पत्ती सम्बन्धी मोड्युलहरुलाई चक्रिय मोड्युल (Rotating Module) भनिएको छ ।

नेपालको कृषि तथ्याङ्क संकलन गर्ने प्रणालीलाई सुदृढीकरण गर्न विश्व खाद्य तथा कृषि सँगठनको आर्थिक तथा प्राविधिक सहयोगमा कृषि तथा पशुपन्छी मन्त्रालय र केन्द्रीय तथ्याङ्क विभागले परिक्षणको रुपमा चितवन जिल्लामा यो सर्वेक्षण कार्यक्रम सञ्चालन गर्न लागिएको हो । यस सर्वेक्षणमा दर्ता गरी वा दर्ता नगरी सञ्चालन गरिएका कृषि चलनहरुबाट मुख्य प्रश्नावली र रोटेटिङ मोड्युल अन्तर्गत उत्पादन विधि तथा वातावरण मोड्युलसँग सम्बन्धित विभिन्न विवरण संकलन गर्न लागिएको छ ।

**१. परिभाषा**

**कृषि चलन**

एउटै व्यक्ति वा परिवारले वा निकायले रेखदेख (व्यवस्थापन) गरेको कृषि उत्पादनको एक आर्थिक एकाइलाई कृषि-चलन भनिन्छ । यस्तो कृषि-चलनभित्र आफ्नो हकको वा अर्काको हकको भए पनि जुनसुकै शर्तमा लिई आंशिक वा पूर्ण रूपमा कृषि उत्पादनको उद्देश्यले पालिएका पशुपन्छीहरू वा जुनसुकै आकारको भए पनि कृषिका लागि उपयोग गरिएको सम्पूर्ण जग्गा पर्दछ । कृषि चलन दर्ता गरी वा नगरी दुई किसिमका रहेका छन् ।
दर्ता नगरी सञ्चालनमा रहेको कृषि चलनको परिभाषा तल प्रस्तुत गरिएको छ ।

**कृषिचलनको न्यूनतम सीमा**

(क) हिमाल र पहाडका जिल्लामा कम्तीमा ४ आना (०.०१२७२ हेक्टर) र तराइका जिल्लामा कम्तीमा ८ धुर (०.०१३५५ हेक्टर) क्षेत्रफल कृषि कार्य गरेको जग्गा भएमा, वा
(ख) जुनसुकै उमेरका कम्तीमा १ वटा गाई-भैंसी पालेको भएमा, वा
(ग) कम्तीमा ५ वटा भेडा-बाखा, सुँगुर-बङ्गुरजस्ता चौपाया पालेको भएमा, वा
(घ) चल्ला र माउ गरी कम्तीमा २० वटासम्म चराचुरुङ्गी (कुखुरा, हाँस) पालेको भएमा ।

**कृषिकार्य**

कृषिकार्य भन्नाले निम्नलिखित कार्यहरूलाई बुझाउँदछ :
(क) अन्न, दलहन, तेलहन, तरकारी, फलफूल र अन्य कृषि बाली उत्पादन,
(ख) गाई/भैंसी, भेडा/बाखा, सुँगुर/बङ्गुर आदि पशुपालन,
(ग) अर्थोपार्जन वा मासु, अण्डा उत्पादनको दृष्टिले गरिने चराचुरुङ्गीपालन, तथा

(घ) वनबनेलो लगाउने, माछापालन, माहुरीपालन, च्याउ तथा रेशमखेतीजस्ता कृषि कार्यहरू ।

**व्यावसायिक कृषि कार्य**

व्यावसायिक कृषि कार्य भन्नाले दर्ता गरी सञ्चालन गरिएको कृषि कार्यलाई बुझ्नुपर्दछ ।

**कित्ता**

कृषिगणनामा प्रयोग गरिएको कित्ता र साधारण बोलीचालीको भाषामा (वा नापीमा) प्रयोग गरिएको कित्ता एकै होइनन् । कृषिगणनामा वरिपरि अरूको साँध भएर बीचमा रहेको जमिनको भागलाई कित्ता भनिन्छ । कहिलेकहीं कित्ताको साँधमा खोला, जंगल, भीर, नदीजस्ता प्राकृतिक साँध पनि पर्न सक्दछन् । जग्गाको कित्ता र गह्रा फरकफरक कुरा हुन् । एकै चलनअन्तर्गत दुई वा दुईभन्दा बढी कित्ता हुनका लागि एक कित्ता भित्रका गह्रा अर्को कित्ता भित्रका गह्रासँग कतैतिरबाट जोडिएको हुनुहुँदैन । कृषिगणनाको सन्दर्भमा कित्तासम्बन्धी अवधारणालाई बुझ्न निम्न कुराहरूमा ध्यान दिनु पर्दछ :

(क) कित्ता भन्नाले लालपुर्जामा उल्लेख हुने कित्ता नभई खेत वा बारीको चक्ला अर्थात् एकै ठाउँमा रहेको वरिपरि अर्को व्यक्तिले चलन गरेको जग्गा वा प्राकृतिक सीमाले छुट्टचाएको जग्गाको टुक्रालाई बुझाउँछ ।

(ख) आफ्नो हकको आफैंले चलन गरेको जग्गासँग अरूसँग कुनै पनि शर्तमा (भोगबन्धक, जिन्सी, नगद तिर्ने गरी, अधियाँ वा अन्य शर्तमा) लिई चलन गरेको जग्गा जोडिएको रहेछ भने एउटै कित्ता मानिन्छ ।

(ग) एउटै चलनमा रहेको जग्गाको चक्लाको बीचमा स्थायी ठूलो बाटो, नदी, नहर, कुलो, खोला, आदि छन् भने त्यसले टुक्रचाएका फरकफरक टुक्रालाई अलगअलग कित्ता मान्नु पर्छ ।

**मुख्य कृषक**

कृषि-चलनको सम्पूर्ण चाँजोपाँजो मिलाउने, उपलब्ध हुन सक्ने साधन र स्रोतको कसरी उपयोग गर्नुपर्छ भन्ने कुरा निणर्य गर्ने, कृषि उत्पादनको वितरणसम्बन्धी निर्णय लिने र प्राविधिक तथा आर्थिक जिम्मेवारीसमेत वहन गर्ने व्यक्तिलाई मुख्य कृषक भनिन्छ । मुख्य कृषकले आफ्नो वा आफ्नो परिवारको हकको अथवा अरूको जुनसुकै शर्तमा लिएको जग्गाको आफैले वा प्रतिनिधिमार्फत् दैनिक कामको रेखदेख गरे गराएको हुन सक्छ । मुख्य कृषक र परिवारमूली एकै व्यक्ति हुन वा नहुन सक्छ ।

**परिवार**

परिवारको अवधारणा व्यक्तिले एक्लै वा समूहमा व्यवस्था गर्ने खाना वा जीवनका लागि अन्य अत्यावश्यक कुरामा आधारित छ । सामान्यतया एउटै आम्दानी खर्चले घर व्यवहार चलाई एकै भान्सामा खानपीन गरी बसेका व्यक्ति वा व्यक्तिहरूको समूहलाई परिवार भनिन्छ । परिवारमा एक व्यक्ति मात्र वा धेरै व्यक्तिहरू, नाता पर्ने वा नाता नपर्ने व्यक्तिहरू हुन सक्दछन् । परिवार र परिवारका सदस्य छुट्टचाउन भान्सा, वासस्थान तथा आम्दानी-खर्चलाई मूख्य रुपमा हेर्ने गरिन्छ, उनीहरु कानुनी तवरले छुट्टि भिन्न भए-नभएको यसमा हेरिदैन ।

**क्षेत्रफल नापको एकाइ**

नेपालमा क्षेत्रफल नाप्ने एकै किसिमको एकाइ छैन । प्रचलित नापका एकाइको संक्षेपमा वर्णन तल दिइएको छ ।

**रोपनी**

रोपनी क्षेत्रफल नापको एउटा एकाइ हो । यसको विभाजन रोपनी, आना, पैसामा गरिन्छ । यो खास गरी पहाडी र हिमाली जिल्लाहरूमा प्रयोग गरिन्छ । रोपनीलाई विभिन्न नाप एकाइमा रूपान्तर गर्न सकिन्छ, जस्तै :

१ रोपनी = ७४ × ७४ वर्गफुट = ०.०५०८७ हेक्टर

= ४ माटो मुरी = १६ आना = ६४ पैसा

**बिघा**
जग्गाको क्षेत्रफल नाप्ने अर्को प्रचलित एकाइ बिघा हो । यसको विभाजन बिघा, कट्ठा, धुरमा गरिन्छ । यो खास गरी तराइ तथा भित्री मधेशका जिल्लाहरूमा प्रयोग हुन्छ । बिघालाई अन्य एकाइमा निम्नानुसार परिवर्तन गर्न सकिन्छ ।

१ बिघा = २७० X २७० वर्गफुट = ०.६७७३ हेक्टर

= १३.३१२६ रोपनी = २० कट्ठा = ४०० धुर

**पशुपालन**
यसमा कृषि प्रयोजनका लागि पालिएका सबै पशुहरू गाई/भैँसी, भेडा/बाख्रा, सुँगुरजस्ता पशु पर्दछन् । ज्यालाको लागि भारी बोकाउन तथा मनोरञ्जनका लागि मात्र पालिएका चौपायालाई यहाँ समावेश गरिदैन ।

**पन्छीपालन**
यसमा कृषि प्रयोजनका लागि पालिएका कुखुरा, हाँस, सुतुरमुर्ग (अष्ट्रिज), बट्टाई, टर्की आदि चराचुरुङ्गी पर्दछन् ।

**२. अध्ययनको दायरा तथा क्षेत्र**
यस सर्वेक्षणमा सन्दर्भ अवधिमा चितवन जिल्लाभित्र दर्ता गरी वा नगरी सञ्चालनमा रहेको कृषि चलनहरुको जम्मा संख्या, कृषि चलनमा रहेको जनसांख्यिक विवरण, कृषि तथा पशुपन्छीसम्बन्धी कृयाकलाप गरिएको क्षेत्रफल तथा उत्पादन, बिक्री, उपयोग, भू उपयोग तथा उपभोगसम्बन्धी विवरण, रासायनिक तथा प्राङ्गारिक मलको प्रयोग परिमाण, खरिद तथा विक्रीको अवस्था, बैक खाता, ऋण, विमा, बनवनेलो, कृषि औजारहरुको अवस्था, वातावरणिय प्रभाव आदि समेटिएको छ ।

**३. सर्वेक्षण विधि**
नेपाल वार्षिक कृषि सर्भेक्षण २०७६ को तथ्याङ्क सङ्कलनलाई दुई चरणमा विभाजन गरिएको छ । पहिलो चरणमा विभिन्न सरकारी निकायमा दर्ता भई चितवन जिल्ला भरी रहेका कृषि चलनहरुको लगतबाट छानिएका दर्ता भएका कृषि चलनमा गई **कृषि व्यवसायहरुको मुख्य प्रश्नावली** तथा **उत्पादन विधि तथा वातावरण प्रश्नावली** भरिने छ ।

दोस्रो चरणमा, छानिएका गणना क्षेत्रहरूबाट सम्पूर्ण कृषक परिवारहरूको लगत सङ्कलन गरिनेछ । साथै, **कृषक परिवार लगत**बाट आवश्यक सङ्ख्यामा कृषक परिवार छनोट गरी छानिएका कृषक परिवारबाट **कृषक परिवार मुख्य प्रश्नावली** तथा **उत्पादन विधि तथा वातावरण प्रश्नावली** भरिने छ ।

**४. सन्दर्भ अवधि**
नेपाल वार्षिक कृषि सर्भेक्षण २०७६ को लागि सन्दर्भ वर्ष र सन्दर्भ दिन गरी दुई किसिमका सन्दर्भ समय लिइएका छन् । **सन्दर्भ वर्ष भन्नाले मिति २०७५ श्रावण देखि २०७६ असार मसान्तसम्म**को १२ महिनाको अवधिलाई मानिएको छ । **सन्दर्भ दिन भन्नाले गणना गरिने दिन**लाई मानिएको छ । प्रश्नावलीअन्तर्गत संकलन गरिने विभिन्न विवरणहरुको सन्दर्भ समय साधारणतया १२ महिनाको अवधिलाई मानिएको भए तापनि केही प्रश्नहरुमा भने सन्दर्भ अवधि गणनाको दिनलाई मान्नु पर्नेछ । जस्तैः अस्थायी कामदार संख्या, उत्पादन तथा बिक्री आदिको विवरण लिँदा सन्दर्भ अवधि १२ महिनाको अवधिलाई मानी विवरण संकलन गरिन्छ भने स्थायी कामदारको संख्या, पशुपन्छीको संख्या आदिलाई लिँदा गणनाको दिनलाई सन्दर्भ अवधि मानी विवरण संकलन गरिन्छ ।

**५. तथ्याङ्क सङ्कलन गर्ने तरिका**
पहिलो चरणमा, जिल्लामा उल्लिखित परिभाषाअनुसार दर्ता गरि तथा नगरी सञ्चालन भएका कृषि चलनको सूची तयार गरिनेछ । दोस्रो चरणमा, त्यसै सूचीका आधारमा नमूना छनौट गरी छनौटमा परेका कृषि चलनमा गई अन्तरवार्ता बिधिबाट ट्यावलेटमा प्रश्नावली भरी विस्तृत विवरण संकलन गरिनेछ ।

### ६. गोपनीयताको प्रत्याभूति

सर्वेक्षणमा सोधिएका व्यक्तिगत विवरणहरु तथ्याङ्क ऐन, २०१५ अनुसार गोप्य रहनेछन् र यी विवरणहरु तथ्याङ्कीय प्रयोजनका लागि मात्र प्रयोग गरिनेछन्। तथ्याङ्क संकलकले सङ्कलित तथ्याङ्क गोप्य राखिने कुरामा उत्तरदातालाई विश्वस्त तुल्याउन सके मात्र सही तथ्याङ्क सङ्कलन गर्न सकिन्छ।

# मुख्य प्रश्नावली (Core Module)

यस सर्वेक्षणमा मुख्य प्रश्नावली अन्तर्गत कृषि चलनले चलन गरेको जग्गाको आकार, जग्गाको उपभोग र उपयोग, बाली लागेको क्षेत्रफल र बालीको उत्पादन, सिंचाइ, पशुपन्छी सङ्ख्या, कृषि औजारको उपयोग, मल तथा विषादीको प्रयोग जस्ता विविध विषयमा तथ्याङ्क सङ्कलन गरिनुका साथै कृषि चलनको आर्थिक गतिविधि, रोजगार, आवास तथा सुविधा र कृषि कार्य वा कृषक परिवारमा विपत्‌बाट परेको असर वा आघातसम्बन्धी विवरणहरु संकलन गरिन्छ ।

## खण्ड १
## परिचयात्मक विवरण

**१.१ प्रदेश**

कृषि चलन संचालन भएको स्थान हाल कुन प्रदेश अन्तरगत पर्दछ सोधी प्रदेशको नाम यहाँ लेख्नु पर्दछ । जस्तैः चितवनमा खेती गरिएको रहेछ भने प्रदेश नं ३ लेख्नुपर्दछ ।

**१.२ जिल्ला**

यो सर्वेक्षण चितवन जिल्लामा मात्र सञ्चालन गरिने भएकोले फाराममा जिल्लाको नाम र कोड लेख्ने ठाउँ भएतापनि ट्यावलेटमा जिल्लाको नाम र कोड भर्नु पर्दैन ।

**१.३ स्थानीय तह**

कृषि चलन जुन स्थानीय तहमा सञ्चालनमा रहेको हो सोही स्थानीय तहमा चिन्ह लगाउनु पर्दछ । स्थानीय तह भन्नाले गाउँपालिका वा नगरपालिका बुझ्नुपर्दछ ।

**१.४ वडा नम्बर**

कृषि चलन प्रश्न १.३ मा उल्लेख गरिएको स्थानीय तहको कुन वडामा सञ्चालनमा रहेको छ । सोही वडा नम्बर यहाँ लेख्नु पर्दछ ।

**१.५ गाउँ/टोलको नाम**

कृषि चलन जुन गाउँ/टोलमा रहेको छ सोही गाउँ/टोलको नाम यस ठाउँमा लेख्नु पर्दछ ।

**१.६ गणना क्षेत्र नम्बर**

गणना-क्षेत्र सङ्ख्या केन्द्रीय तथ्यांक विभागबाट प्राप्त हुनेछ । यो सङ्ख्या चार अङ्कको हुन्छ ।

**१.७ कृषि-चलन क्रम सङ्ख्या**

यो क्रम सङ्ख्या लगतसूचीमा छानिएको कृषि चलनको क्रमसंख्या हो उक्त क्रमसंख्या लगतसूचीको महल ....... बाट सार्नुपर्छ ।

**१.८ कृषिचलनको जिपिएस कोड**

यो कृषि चलनको आवास रहेको स्थानको अक्षांस, देशान्तर तथा उचाईको कोड हो । यो ट्यावलेटले आफै संकलन गर्दछ ।

### १.९ मुख्य कृषक/व्यवसायको नाम

दर्तागरि सञ्चालन गरिएको कृषि चलनको नाम लेख्दा आधिकारिक निकायमा जे नाम राखेर दर्ता गरिएको थियो सोही नाम नै कृषि चलनको नाम हुन आउँछ । कृषि चलनको नाम बदलिएको पाइएमा पछिल्लो पटक जुन नयाँ नाम राखिएको छ सोही नाम नै यहाँ लेख्नुपर्दछ । दर्ता नगरि सञ्चालन गरिएको कृषि चलन भएमा यस महलमा मुख्य कृषकको नाम नै लेख्नुपर्दछ ।

### १.१० मुख्य कृषकको लिङ्ग

कृषि चलनमा हुने सम्पूर्ण कृषि क्रियाकलाप हेर्ने महिला वा पुरुष को हुन् सोहीअनुसार चिन्ह लगाउनु पर्दछ ।

### १.११ सम्पर्क नम्बर

कृषि चलनमा हुने सम्पूर्ण कृषि क्रियाकलाप हेर्ने प्रमुख कृषकको सम्पर्क नम्बर यहाँ लेख्नुपर्दछ ।

### १.१२ जवाफ दिने ब्यक्तिको नाम

यहाँ, प्रश्नावलीमा सोधिएका प्रश्नको जवाफ दिने व्यक्तिको नाम लेख्नु पर्दछ । विवरण सङ्कलन गर्दा भरसक प्रमुख कृषकसँग सोधी सङ्कलन गर्नुपर्छ । कुनै कारणले प्रमुख कृषक भेट नहुने नै भएमा सबै विवरण राम्रोसँग दिन सक्ने अर्थात् सोधेको सबै प्रश्नको सही उत्तर दिन सक्ने परिवारको अर्को सदस्य वा प्रबन्धक वा कर्मचारीसँग सोधेर भएपनि प्रश्नावली भर्न सकिनेछ ।

### १.१३ जवाफ दिने व्यक्तिको मुख्य कृषकसँगको सम्बन्ध

यहाँ, प्रश्नावलीमा सोधिएका प्रश्नको जवाफ दिने व्यक्ति प्रमुख कृषक आफै भएमा मुख्य कृषक आफैमा चिन्ह लगाउनु पर्दछ । कुनै कारणले प्रमुख कृषक भेट हुन नसकेको अवस्थामा सबै प्रश्नको जवाफ व्यवस्थापक/प्रबन्धकबाट लिएको भए व्यवस्थापक/प्रबन्धकमा, कर्मचारी/कामदारबाट लिएको भएमा कर्मचारी/कामदार र परिवारको अर्को सदस्यबाट लिएको भएमा परिवारको सदस्यमा चिन्ह लगाउनु पर्दछ ।

# खण्ड २
# कृषि चलनसम्बन्धी विवरण

## २.१ सामान्य विवरण

### २.१.१ दर्ता (सूचिकृत) भएको निकाय (दर्ता भएको कृषि चलनको लागि मात्र)

नेपालमा कृषि कृयाकलाप दुई किसिमबाट सञ्चालन हुँदै आएको पाइन्छ । पहिलो, दर्ता गरेर र दोस्रो दर्ता नगरीकन घरपरिवार बाट सञ्चालित । कृषि कृयाकलाप सञ्चालन गर्नुअघि वा सञ्चालन भैसकेपछि कुनै पनि सरकारी निकाय जस्तैः जिल्ला कृषि/पशु कार्यालय, वा स्थानीय निकाय वा विकास समितिमा दर्ता गरेकोलाई दर्ता गरेको मान्नुपर्दछ ।

दर्ता गरी सञ्चालनमा रहेका कृषि चलन कुन कुन निकायमा दर्ता भई सञ्चालित हो सोधी जिल्ला कृषि विकास कार्यालय/कृषि ज्ञान केन्द्र, जिल्ला पशु अस्पताल तथा पशु विज्ञ केन्द/जिल्ला पशुसेवा कार्यालय, कम्पनी रजिष्ट्रारको कार्यालय, गाउँपालिका/नगरपालिका/वडा कार्यालय, घरेलु तथा साना उद्योग समिति/कार्यालय मध्ये उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । माथिका बाहेक अरु कुनै निकायमा दर्ता भई सञ्चालन गरेको भए अन्यमा चिन्ह लगाउनु पर्दछ ।

यदि व्यवसायीले एक भन्दा बढी निकायमा व्यवसाय दर्ता गरेको भए दर्ता भएका सबै विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

### २.१.२ कृषि चलनको स्वामित्वको स्थिति के हो ?

कृषि कृयाकलाप सञ्चालन गर्न व्यक्ति वा संघसंस्थाद्वारा गरिएको पूँजी लगानीको हैसियतलाई स्वामित्व भन्ने बुझ्नुपर्दछ । अर्को अर्थमा “स्वामित्व” भन्नाले व्यवसायको सम्पूर्ण पूँजी र त्यसको उत्पादनको अधिकारवाला भन्ने बुझाउँछ । यस सर्वेक्षणमा स्वामित्वलाई ७ वर्गमा विभाजन गरिएको छ । कृषि कृयाकलाप जुन प्रकारको स्वमित्वअन्तर्गत सञ्चालित छ, सोही कोडमा चिन्ह लगाउनुपर्दछ ।

१. **व्यक्तिगत** : कुनै एक व्यक्तिले एकलौटीरूपमा आफ्नो पूँजी लगानी गरी नाफा नोक्सानी आफैले व्यहोर्ने गरी संस्थागत कृषिचलन सञ्चालनमा रहेका भए यस शिर्षकअन्र्तगत समावेश गर्नुपर्दछ ।

२. **साझेदारी** : दुई वा दुईभन्दा बढी व्यक्तिहरूले संयुक्त रूपमा कम, बढी वा समान पूँजी लगानी गरी नाफा नोक्सानी सँगोलमा सोही अनुपातमा व्यहोर्ने भनेर गरिएको सम्झौताको आधारमा खोलिएको संस्थागत कृषिचलन लाई यस शिर्षकअन्र्तगत समावेश गर्नुपर्दछ ।

३. **पब्लिक लिमिटेड** : संस्थाको हिस्सा सर्वसाधारण जसले पनि खरिद बिक्री गर्न र व्यवस्थापनको मञ्जुरी नलिईकन पनि एक अर्काको नाममा आफ्नो हिस्सा नामसारी गर्न पाइने र कम्तिमा सात जना मिलेर खोलेको संस्थागत कृषिचलनलाई यस शिर्षकअन्र्तगत समावेश गर्नुपर्दछ ।

४. **प्राइभेट लिमिटेड** : संस्थागत कृषिचलन “प्राइभेट लिमिटेड” को रुपमा दर्ता भएको छ भने यस शिर्षकअन्र्तगत समावेश गर्नुपर्दछ ।

५. **नेपाल सरकार** : नेपाल सरकारद्वारा पूर्ण सरकारी स्वामित्वमा सञ्चालन गरिएका कृषि कार्य गर्ने फर्महरूलाई नेपाल सरकारको स्वामित्व भएको मानिनेछ ।

६. **सहकारी :** स्वेच्छापूर्वक, समानता र स्वतन्त्रताको आधारमा एकआपसमा मिलेर आफ्नो आर्थिक समुन्नतिको लागि सामूहिक प्रयास गर्न स्थापित वोर्ड वा संस्था नै सहकारी हो । यसरी सहकारीमा आबद्ध भई संस्थागत कृषिचलन सञ्चालनमा रहेका भए यस शिर्षकअर्न्तगत समावेश गर्नुपर्दछ ।

७. **अन्य :** माथि उल्लिखित स्वामित्व स्थिति वा कानूनी आधारबाहेक अरू कुनै प्रकारले सँगठित भएको संस्थाको स्वामित्व स्थिति वा कानूनी आधार वा प्रशासनिक व्यवस्थापन पद्धति खुलाउनु परे त्यसलाई अन्यमा समावेश गर्नुपर्दछ ।

## भाग २.२: दर्ता भएका कृषि चलनसम्बन्धी विवरण

### २.२.१ प्रमुख सञ्चालकको नाम

दर्तागरि सञ्चालन गरिएको कृषि चलनको व्यवस्थापन गर्ने, हिसाव किताव राख्ने, कृषि गतिविधिहरुको दैनिक व्यवस्थापनको लागि मेनेजर लगायत अन्य कामदारहरुलाई जिम्मेवारी दिनसक्ने प्रमुख व्यक्तिको नाम यहाँ लेख्नुपर्दछ । प्रमुख सञ्चालक एकजना मात्र भए निजको नाम र एकभन्दा बढी सञ्चालकहरू रहेको अवस्थामा तिनीहरूमध्ये एकको नाम लेख्नु पर्दछ वा सबैभन्दा बढी समय दिने सञ्चालकको नाम लेख्नु पर्दछ ।

### २.२.२ कृषि चलन सञ्चालकमा कति सदस्यहरु संलग्न छन् ?

दर्तागरि सञ्चालन गरिएको कृषि चलन एक वा एकभन्दा बढी सञ्चालकहरू संलग्न रही सञ्चालनमा रहेको हुन सक्दछन् । उक्त गणना गर्न लागिएको कृषि चलनमा यदि एकभन्दा बढी सञ्चालकहरू संलग्न भई सञ्चालन भएको भए संख्या कति हो सोधी यस महलमा लेख्नुपर्दछ ।

### २.२.३ कृषि व्यवसायमा प्रवन्धक को हुनुहुन्छ ?

कृषि चलनको रेखदेख गर्ने, हिसाव किताव राख्ने, योजना बनाउने, कार्यान्वयन तथा ब्यवस्थापन गर्नका लागि प्रवन्धकहरु राखिएको हुन सक्दछ । यदि कृषि कार्य सञ्चालनको लागि प्रवन्धक नराखी सञ्चालकले सबै काम आफै गर्दै आएको रहेछ भने सञ्चालक आफैमा चिन्ह लगाउनु पर्दछ भने प्रवन्धक राखी कार्य सञ्चालन गरेको भए प्रवन्धकमा चिन्ह लगाउनु पर्दछ ।

### २.२.४ सञ्चालक/मुख्य प्रवन्धकको नाम, थर

कृषि कार्य सञ्चालनको लागि प्रवन्धक नराखी सञ्चालक आफैले नै सबै काम गर्दै आएको रहेछ भने यहाँ सञ्चालकको नाम लेख्नुपर्दछ । यदि एक वा एकभन्दा बढी प्रवन्धकहरु राखि कार्य सञ्चालन गरेको भए मुख्य प्रवन्धकको रुपमा कार्य गर्ने को हो सोधी यहाँ लेख्नुपर्दछ ।

### २.२.५ सम्पर्क नम्बर

कृषि चलनमा हुने सम्पूर्ण कृषि क्रियाकलाप हेर्ने सञ्चालक/मुख्य प्रवन्धकको सम्पर्क नम्बर यहाँ लेख्नुपर्दछ ।

### २.२.६ इमेल

कृषि चलनको नाममा रहेको वा कृषि चलनको सम्पूर्ण कृषि क्रियाकलाप हेर्ने सञ्चालक/मुख्य प्रवन्धकले प्रयोग गर्ने इमेल ठेगाना यहाँ लेख्नुपर्दछ ।

### २.२.७ लिङ्ग

कृषि चलनमा हुने सम्पूर्ण कृषि क्रियाकलाप हेर्ने सञ्चालक/मुख्य प्रवन्धक महिला वा पुरुष को हुन् सोहीअनुसार चिन्ह लगाउनु पर्दछ ।

**२.२.८ उमेर**

सञ्चालक/मुख्य प्रवन्धकको पूरा भएको उमेर यहाँ लेख्नुपर्दछ ।

**२.२.९ शिक्षा**

यहाँ, सञ्चालक वा मुख्य प्रवन्धकले उत्तीर्ण गरेको शैक्षिक योग्यताको सबैभन्दा माथिल्लो तहलाई उल्लेख गर्नुपर्दछ । यदि, सञ्चालक वा मुख्य प्रवन्धकले कुनै पनि शिक्षा हासिल नगरी कृषि कृयाकलाप सञ्चालन गरेको भए निरक्षर भन्ने विकल्पमा, अनौपचारिक शिक्षा मात्र लिएको भए साधारण लेखपढमा चिन्ह लगाउनु पर्दछ । त्यसैगरी, कक्षा १ देखि ८ कक्षासम्म अध्ययन गरेको भए आधारभूत शिक्षामा, ९ देखि १२ कक्षासम्म अध्ययन गरेको भए माध्यामिक तहमा, र १२ कक्षाभन्दा माथी अध्ययन गरेको भए माध्यमिक तहभन्दा माथि/विश्वविद्यालय शिक्षामा चिन्ह लगाउनु पर्दछ ।

**२.२.१० सन्दर्भ अवधिमा तपाईले कृषि क्रियाकलापमा कति समय दिनुहुन्थ्यो ?**

यहाँ, सन्दर्भ वर्षमा सञ्चालकले कुनै पनि कृषि क्रियाकलापसम्बन्धी कार्यमा दिएको समयको उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**२.२.११ सन्दर्भ अवधिमा, संचालक कृषिचलन बाहेक अर्को अतिरिक्त आर्थिक क्रियाकलापमा संलग्न हुनुहन्थ्यो ?**

सन्दर्भ वर्षमा, कृषि-चलनको सञ्चालक कृषि चलन बाहेक अन्य आर्थिक क्रियाकलाप (जस्तै खानी तथा उत्खनन्, उद्योग, विद्युत्, ग्याँस तथा पानी, निर्माण, थोक तथा खुद्रा व्यापार, होटेल तथा रेस्टुराँ, यातायात, सञ्चार तथा भण्डारण, वित्तीय मध्यस्थता, घरजग्गा/व्यावसायिक सेवा, शिक्षा, स्वास्थ्य, र सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा) गरेको छ, छैन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यहाँ, सञ्चालकको पेशा (जस्तैः जागिर) नसोधी परिवारले चलाएको उद्यम/व्यवसाय मात्र सोधिएको हो ।

## भाग २.३ कृषि कृयाकलापसम्बन्धी विवरण

**२.३.१ सन्दर्भ अवधिमा कृषि-चलनको अवस्था के थियो ? (दर्ता नभएका चलनको लागि मात्र)**

यो प्रश्नमा कृषक परिवार र कृषि-चलनको सम्बन्धबारे सोधिएको छ । परिवारले एउटामात्र कृषि-चलन सञ्चालन गरेको, अथवा एक भन्दा बढी कृषि-चलन सञ्चालन गरेको, अथवा अर्को परिवासँग मिलेर साझा रुपमा कृषि-चलन सञ्चालन गरेको हुनसक्छ । परिवारले सञ्चालन गरेको कृषि-चलनको स्थितिअनुसार कृषक परिवारलाई तीन वर्गमा छुटयाइएको छः

**एक-चलन परिवार**

एक परिवारले एउटा मात्र कृषि-चलन सञ्चालन गरेको भए एक-चलन परिवार मानिन्छ । अधिकांश अवस्थामा एक परिवारको सञ्चालनमा एउटा मात्र कृषि-चलन रहेको पाइन्छ ।

**बहु-चलन परिवार**

एक परिवारले छुट्टाछुट्टै रुपमा एक भन्दा बढी कृषि-चलन सञ्चालन गरेको भए बहु-चलन परिवार मानिन्छ । कृषक परिवारका सदस्यले छुट्टाछुट्टै व्यवस्थापन तथा हिसाब किताब राखेर एक भन्दा बढी कृषि-कार्य गरेका हुन सक्छन् । यस्तो कृषि-कार्य परिवारले चलन गरेको जग्गाको कुनै भागमा खेतीपाती गरेर वा पशुपन्छी पालेर गरिएको हुन सक्छ ।

**साझा-चलन परिवार**

दुई वा सो भन्दा बढी परिवारको साझेदारीमा सञ्चालन भएको कृषि-चलन यसमा पर्दछ । एउटै घरमा वा अलग्गै बसोबास भएका एक भन्दा बढी परिवारले साझा व्यवस्थापन तथा खर्चमा चलाएको कृषि चलनलाई साझा चलन परिवार भनिएको छ ।

उदाहरणका लागि धनमायाको परिवारले सामूहिक रुपमा खेतीपातीको काम गर्दछन् । यसका अतिरिक्त उनको जेठो छोराले छुट्टै हिसाब किताब राखेर कुखुरा पालन सञ्चालन गरेका छन् । यसरी धनमायाको एउटै परिवारले दुई कृषिकार्य फरकफरक हिसाबले सञ्चालन गरेका हुनाले यो कृषक परिवारलाई बहु-चलन परिवार मानेर दुवै कृषिकार्यको विवरण एउटै प्रश्नावलीमा भर्नुपर्छ । तर, धनमायाको जेठो छोरा छुट्टै परिवार गरी बसेको भए यी दुई कृषि-चलन मानिने थिए, बहु-चलन परिवार होइन ।

बहु कृषि-चलन अन्तर्गत परिवारले चलन गरेको सबै चलनको विवरण यही प्रश्नावलीमा भर्नु पर्दछ ।

**२.३.२ सन्दर्भ अवधिमा, कृषि चलनमा कृषि/आर्थिक कृयाकलापको लगत राख्ने गरिएको थियो ?**

कृषि चलनले सन्दर्भ अवधिमा बाली को उत्पादन परिमाण, पशुपन्छीको उत्पादित संख्या, बिक्री परिमाण, घरायसी उपयोग, सेवावापत प्रयोग गरिएको परिमाण, प्रयोग गरिएको मल, बीऊ, विषादीको परिमाण, कामदारको संख्या, भुक्तानी आदिको रजिष्ट्र वा खाता व्यवस्थापन गरी टिपोट गर्ने गरेको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**२.३.३ सन्दर्भ अवधिमा, कुन कुन कृषि/आर्थिक कृयाकलापको व्यवस्थितरुपमा लगत राखिएको थियो ?**

कृषि चलनले सन्दर्भ अवधिमा बाली को उत्पादन परिमाण, पशुपन्छीको उत्पादित संख्या, विक्री परिमाण, घरायसी उपयोग, सेवावापत प्रयोग गरिएको परिमाण, प्रयोग गरिएको मल, बीऊ, विषादीको परिमाण, कामदारको संख्या, भुक्तानी आदिको मध्ये कुन कुन कृषि/आर्थिक कृयाकलापको रजिष्टर वा खाता व्यवस्थापन गरी टिपोट गरेको थियो उक्त सबै विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ ।

**२.३.४ सन्दर्भ अवधिमा, आर्थिक दृष्टिकोणले कृषि चलनको प्रमुख कृयाकलाप के थियो ?**

सन्दर्भ अवधिमा कृषि-चलनले सञ्चालन गरेको कृषि क्रियाकलापहरु मध्ये प्रमुख कृयाकलाप कुन हो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

यहाँ, कृषि चलनले एकभन्दा बढी कृषि क्रियाकलापहरु (जस्तैः बाली उत्पादन, पशुपन्छी उत्पादन, माछा पालन, मौरी पालन, च्याउ खेती, पुष्प खेती रेशम खेती) सञ्चालन गरेको हुनसक्दछ । यदि, एकभन्दा बढी कृषि क्रियाकलापहरु सञ्चालन गरेको भए प्रमुख क्रियाकलाप पहिचान गर्दा **सबैभन्दा बढी आम्दानी** हुने कृयाकलापलाई आधार मान्नु पर्दछ ।

**२.३.५ सन्दर्भ अवधिमा आर्थिक दृष्टिकोणले, कृषि चलनको प्रमुख बाली कुन थियो ?**

सन्दर्भ अवधिमा कृषि-चलनले सञ्चालन गरेको कृषि क्रियाकलापहरुमध्ये बाली उत्पादन प्रमुख कृयाकलाप थियो भनी चिन्ह लगाएको छ भने बाली उत्पादन जस्तैः खाद्यान्न बाली, कोशे बाली/दाल बाली, कन्दमूल बाली, तेल बाली, नगदे बाली, मसला बाली, तरकारी बाली, घाँस बाली, फलफुल बाली, मध्ये सन्दर्भ वर्षमा कुन बालीको उत्पादन आर्थिक दृष्टिकोणले प्रमुख थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**२.३.६ आर्थिक दृष्टिकोणले, पशुपालनको मुख्य उद्देश्य के थियो ?**

सन्दर्भ अवधिमा कृषि-चलनले सञ्चालन गरेको कृषि क्रियाकलापहरुमध्ये पशु/पन्छी उत्पादन प्रमुख कृयाकलाप थियो भनी चिन्ह लगाएको छ भने पशुपन्छी उत्पादन जस्तैः मासुको लागि पशुपालन, मासुको पन्छीपालन, अण्डा उत्पादन, दूध उत्पादन मध्ये कुन उत्पादन सन्दर्भ अवधिमा आर्थिक दृष्टिकोणले प्रमुख थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**२.३.७ आर्थिक दृष्टिकोणले माछापालनको मुख्य कृयाकलाप के थियो ?**

सन्दर्भ अवधिमा कृषि-चलनले सञ्चालन गरेको कृषि क्रियाकलापहरुमध्ये माछापालन प्रमुख कृयाकलाप थियो भनी चिन्ह लगाएको छ भने माछापालनको विभिन्न कृयाकलापहरु जस्तैः माछा उत्पादन वा भूरा उत्पादनमध्ये कुन उत्पादन सन्दर्भ अवधिमा आर्थिक दृष्टिकोणले प्रमुख थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**२.३.८ कृषि उत्पादनको मुख्य उद्देश्य के हो ?**

कृषि-चलनले गरेको उत्पादन प्रमुख उद्देश्य घरायसी उपभोग वा बिक्रीमध्ये के का लागि हो सो खुलाउनु पर्दछ । घरायसी उपभोग भन्नाले कृषि-चलनबाट भएको उत्पादन कृषक परिवारले प्रमुख रुपमा आफ्नो परिवारको प्रत्यक्ष उपभोगका लागि प्रयोग गरेको बुझ्नु पर्दछ । कृषि-चलनबाट भएको उत्पादन परिवारको प्रयोगको लागि मात्र नभई प्रमुखरुपमा बजारमा बिक्री गरिन्छ भने सो उत्पादन मुख्यतः बिक्रीका लागि उपयोग भएको भन्ने बुझ्नु पर्दछ ।

यहाँ, कृषि-चलनले गरेको बिक्री तथा घरायसी उपयोगलाई मुख्यतः बिक्री गर्नु (९०% वा सोभन्दा बढी), मुख्यतः बिक्री गर्नु (५०% देखि ९०% सम्म), मुख्यतः आफैं उपभोग गर्ने, केही बिक्री गर्ने (१०% देखि ५०% सम्म) र मुख्यतः आफैं उपभोग गर्ने (१०% भन्दा कम) गरी विभिन्न ४ भागमा विभाजन गरेको छ । ती मध्ये कुन विकल्प उपयुक्त हो सोधी चिन्ह लगाउनु पर्दछ ।

## भाग २.४: कृषक परिवारको सामाजिक तथा जनसाङ्ख्यिक विवरण

**२.४.१ परिवारमा मुख्य कृषक समेत अक्सर बसोवास गर्ने कति जना हुनुहुन्छ ?**

परिवारको अवधारणा व्यक्तिले एक्लै वा समूहमा व्यवस्थागर्ने खाना वा जीवनका लागि अन्य अत्यावश्यक कुरामा आधारित छ । सामान्यतया एउटै आम्दानी खर्चले घर व्यवहार चलाई एकै भान्सामा खानपीन गरी बसेका व्यक्ति वा व्यक्तिहरूको समूहलाई परिवार भनिन्छ । परिवारमा एक व्यक्ति मात्र वा धेरै व्यक्तिहरू, नाता पर्ने वा नाता नपर्ने व्यक्तिहरू हुन सक्दछन् । परिवार र परिवारका सदस्य छुट्टयाउन भान्सा, वासस्थान तथा आम्दानी-खर्चलाई मूख्य रुपमा हेर्ने गरिन्छ, उनीहरु कानुनीतवरले छुट्टि भिन्न भए-नभएको यसमा हेरिदैन ।

**अक्सर बसोबास गर्ने**

मुख्य कृषकसमेत परिवारमा अक्सर बसोवास गर्ने सबै सदस्यहरूको जम्मा सङ्ख्या लिङ्गअनुसार लेख्नुपर्छ । यहाँ, अक्सर बसोवास भन्नाले परिवारमा प्राय सधै सँगै बस्ने परिवारका सदस्यहरुलाई लिनुपर्दछ । तर परिवारको सदस्य भएपनि विभिन्न प्रयोजनको लागि घर छोडेर देश भित्रै वा विदेशमा बस्ने परिवारको सदस्यलाई गणना गर्नु हुदैन ।

**अनुपस्थित (विदेश)**

परिवारमा अनुपस्थित भएका तर विदेशमा रोजगारी वा अध्ययनका लागि गएका परिवारका सदस्यहरुको संख्या लिङ्गअनुसार महिला भए महिलाको महलमा र पुरुष भए पुरुषको महलमा सङ्ख्या लेख्नुपर्छ ।

**अनुपस्थित (स्वदेश)**

यहाँ, परिवारमा अनुपस्थित भएका तर स्वदेशभित्रै रहेका सदस्यहरूको संख्या लिङ्गअनुसार महिला भए महिलाको महलमा र पुरुष भए पुरुषको महलमा सङ्ख्या लेख्नुपर्छ ।

## २.४.२ कृषक परिवारमा रहेका सदस्यहरुको विवरण

**क्रमसङ्ख्या (महल १)**
क्रमसङ्ख्याको महलमा पहिला नै उल्लेख गरिएकोले यहाँ केही लेख्नु पर्दैन ।

**परिवारका सदस्यको नाम, थर (महल २)**
कृषि चलनमा भएका कृषक परिवारका सबै सदस्यको नाम नछुटाई लेख्नुपर्दछ । नाम लेख्दा सबैभन्दा पहिलो लहरमा मुख्य कृषकको नाम त्यसपछि परिवारमूलीको र त्यसपछि परिवारका अन्य सदस्यहरूको नाम क्रमैसँग मिलाएर नछुटाई लेख्नुपर्दछ । मुख्य कृषक र परिवारमूली एकै व्यक्ति भएमा पहिलो लहरमा र फरकफरक व्यक्ति भएमा पहिलो लहरमा मुख्य कृषकको र दोस्रो लहरमा परिवारमूलीको नाम, थर लेख्नुपर्दछ ।

**पुरुष वा महिला (महल ३)**
परिवारका सदस्यको नाम लेखिसकेपछि सो व्यक्ति पुरुष वा महिला के हो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**उमेर (महल ४)**
उमेर लेख्दा पूरा भएको उमेर लेख्नुपर्छ । उदाहरणका लागि, कुनै व्यक्तिको उमेर ३५ वर्ष ११ महिना भए पनि ३५ वर्ष नै लेख्नुपर्छ । कुनै बच्चा १ वर्ष नपुगेको रहेछ भने (००) लेख्नुपर्दछ ।

**परिवारमूलीसँग को नाता (महल ५)**
परिवारको प्रत्येक सदस्य **परिवारमूलीसँग** के नाता वा सम्बन्ध पर्दछ सो खुलाउनु पर्दछ । अर्थात्, परिवारका सदस्यले **परिवारमूली**लाई के नाता लगाउनु पर्दछ (के भन्नु पर्दछ) सोही नातामा यहाँ चिन्ह लगाउनु पर्दछ । सामान्यतया परिवारमा श्रीमान्/श्रीमती, छोरा/बुहारी, छोरी/ज्वाइँ, बाबु/आमा, नाति/नातिनी आदि हुन्छन् ।

**वैवाहिक स्थिति (महल ६)**
परिवारका प्रत्येक सदस्यको वैवाहिक अवस्था के हो सोधी सोहीअनुसारको वैवाहिक अवस्थामा चिन्ह लगाउनु पर्दछ ।

**शैक्षिक स्थिति (महल ७)**
शैक्षिक स्थितिसम्बन्धी विवरण परिवारको **५ वर्ष वा सोभन्दा माथिका** उमेर भएको सदस्यलाई मात्र सोध्नु पर्दछ उत्तीर्ण गरेको तह लेख्दा सम्बन्धित व्यक्तिले उत्तीर्ण गरेको शैक्षिक योग्यताको सबैभन्दा माथिल्लो तहसँग मिल्दो विकल्पमा चिन्ह लगाउनु पर्दछ । जस्तैः रामले हाल ९ कक्षामा अध्ययन गरिरहेछ भने ८ कक्षा पास गरेको मानी आधारभूत शिक्षामा चिन्ह लगाउनु पर्दछ । तर माध्यमिक तहमा चिन्ह लगाउनु हुँदैन ।

**अहिले विद्यालय जानु भएको छ ? (५ देखि ४० वर्ष भएमा) (महल ८)**
यस महल परिवारको **५ वर्ष भन्दा माथि र ४० वर्षभन्दा कम उमेर** भएका तथा विद्यालय गईरहेका सदस्यहरुलाई मात्र विद्यालय जाने गर्नु भएको छ वा छैन भनी यो प्रश्न सोध्नु पर्दछ ।

**मुख्य पेशा (१० वर्ष वा सो भन्दा माथिका लागि मात्र) (महल ९)**
मुख्य पेशासम्बन्धी विवरण, परिवारमा भएका **१० वर्ष वा सोभन्दा माथिको** उमेरका सदस्यलाई मात्र सोध्नुपर्छ । मुख्य पेशा लेख्दा सन्दर्भ वर्षमा सम्बन्धित व्यक्तिले गरेको पेशाको उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

पेशा व्यक्तिले गर्ने कामसँग सम्बन्धित छ । एक व्यक्तिले सन्दर्भ वर्षभित्र विभिन्न काम गरेको हुन सक्छ र यी काम अनुसारको पेशा पनि फरक-फरक हुन सक्दछन् । आम्दानीको हिसाबले सबैभन्दा बढी योगदान दिने कार्यलाई लिनु पर्दछ । व्यक्तिले सन्दर्भ वर्षभित्र अक्सर गरेको कामसँग सम्बन्धित पेशा उल्लेख गर्नुपर्दछ । गणनाको समयमा कुनै काम नगरेको तर आर्थिक रुपले सक्रिय व्यक्तिको लागि उसले गरेको पछिल्लो कामअनुसारको पेशा लेख्नुपर्दछ ।

**हालसम्म कुनै औपचारिक कृषि तालिम लिनु भएको छ ? (१५ वर्षभन्दा माथि भएमा) (महल १०)**
यस महलमा परिवारमा भएका १५ वर्षभन्दा माथि सदस्यहरुले कृषि क्रियाकलापसम्बन्धी कुनै औपचारिक तालिम लिनुभएको छ भने कोड "१" र नलिएको भए कोड "२" लेख्नुपर्दछ ।

**कृषिकार्य सम्बन्धी निर्णयमा भाग लिनुहुन्छ ? (१५ वर्षभन्दा माथि भएमा) (महल ११)**
यस महलमा परिवारमा भएका १५ वर्षभन्दा माथि सदस्यहरुले कुनै पनि कृषि क्रियाकलापसम्बन्धी कार्यको निर्णयमा भाग लिने गर्नुभएको छ, छैन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**सन्र्दभ अवधिमा कृषि कृयाकलापमा सरदर कति समय दिनुहुन्छ ? (महल १२)**
यस महलमा परिवारमा भएका १५ वर्षभन्दा माथि सदस्यहरुले कुनै पनि कृषि क्रियाकलापसम्बन्धी कार्यमा दिएको समय उल्लेख गर्नुपर्दछ । यदि, कुनै सदस्यले कृषि कार्यमा करिव आधाभन्दा कम समय काम गरेको छ भने कम (४०%), करिव आधा जति समय काम गरेको छ भने करिव आधा (४०%–५९%), धेरै समय काम गरेको छ भने प्राय सबै (६०%–९९%) र सम्पूर्ण समय कृषि कृयाकलापलाई मात्र दिएको छ भने सबै (१००%) मा चिन्ह लगाउनु पर्दछ ।

**कृषि चलनमा कृषिकार्यबाहेक अतिरिक्त आर्थिक कृयाकलाप छ ? (महल १३)**
कृषि-चलनले परिवारिक सदस्य अन्य आर्थिक क्रियाकलाप (जस्तै खानी तथा उत्खनन, औधोगिक उत्पादन, विद्युत्, ग्याँस, बाफ तथा वातानुकूलित सेवा, पानीको आपूर्ति, ढलनिकास, फोहर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापहरू, निर्माण, थोक तथा खुद्रा व्यापार, मोटरगाडी र मोटरसाइकलको मर्मत सम्भारका कार्यहरू, यातायात तथा भण्डारण, आवास तथा भोजन सेवासम्बन्धी क्रियाकलापहरू, सूचना तथा सञ्चार, वित्तीय तथा बिमासम्बन्धी क्रियाकलापहरू, घरजग्गा कारोवारका व्यवसायिक क्रियाकलापहरू, पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू, प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू, सार्वजनिक प्रशासन तथा सामाजिक सुरक्षासम्बन्धी क्रियाकलापहरू, शिक्षा, मानव स्वास्थ्यतथा सामाजिक कार्यका क्रियाकलापहरू, कला, मनोरञ्जन तथा मनोविनोद, अन्य सेवाप्रदान गर्ने क्रियाकलापहरू) सञ्चालन गरेको छ, छैन वा परिवारले चलाएको अन्य आर्थिक क्रियाकलापमा संलग्न छ, छैन सोधी छ छैन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**कृषि चलनमा कृषिबाहेक अतिरिक्त मुख्य आर्थिक कृयाकलाप के हो ? (महल १४)**
कृषि-चलनको परिवारिक सदस्यले सञ्चालन गरेको अन्य आर्थिक क्रियाकलाप कुन प्रमुख क्षेत्रअन्तर्गत पर्दछ सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । कृषि चलनको अतिरिक्त परिवारले एकभन्दा बढी आर्थिक उत्पादनका क्रियाकलाप सञ्चालन गरेको/संलग्न भएको भए मुख्य आर्थिक क्रियाकलाप पहिचान गर्दा सबैभन्दा बढी आम्दानी हुने क्षेत्रलाई छान्नु पर्दछ ।

# खण्ड ३
# जग्गाको उपयोग, बाली उत्पादन तथा बीऊ विजनसम्बन्धी विवरण

## भाग ३.१ जग्गाको स्वामित्व र उपयोगसम्बन्धी विवरण

**३.१.१ सन्दर्भ अवधिमा कृषि चलनले प्रयोग गरेको जग्गाको स्वामित्व र क्षेत्रफलसम्बन्धी विवरण**

यहाँ, कृषि चलनले प्रयोग गरेका जग्गाहरु कुन प्रकारको स्वामित्वमा रहेका छन् हेर्न खोजिएको छ । जस्तैः आफ्नो हकको, अरूको हकको कुन कुन शर्तमा लिई चलन गरेको आदि । एउटा कृषि-चलन एक वा सोभन्दा बढी प्रकारको उपभोगअन्तर्गत सञ्चालन गरिएको हुन सक्छ ।

**क्षेत्रफलको एकाइ**

यहाँ, कृषि चलनले कुन प्रकारको क्षेत्रफलको एकाइ बिघा वा रोपनीमा प्रयोग गर्दछ सोधी चिन्ह लगाउनु पर्दछ ।

**आफ्नो जग्गा आफैंले चलन गरेको**

आफ्नो जग्गा आफैले चलन गरेको जग्गा भनेको कृषि चलनको आफ्नो स्वामित्वमा रहेको र उपभोग गर्ने सम्पूर्ण अधिकार समेत आफैमा निहित रहेको जग्गा हो । यस्तो जग्गामा आफ्नो स्वामित्वमा रहेको तर अरूलाई कुनै शर्तमा उपभोग गर्न दिएको जग्गा पर्दैन । कसैको पनि कानुनी स्वामित्वमा नरहेको भनी स्पष्ट भएको र कुनै व्यक्ति विशेषले लामो समय देखि (२० वर्ष देखि) बिना विवाद उपभोग गरिरहेको जग्गालाई उक्त व्यक्तिको स्वामित्वमा नै रहेको मानी यसैअन्तर्गत राख्नुपर्दछ ।

**ठेकिएको नगद तिर्ने गरी**

जग्गा धनीलाई आपसी सहमतिको आधारमा निश्चित नगद तिर्ने गरी जग्गा लिई उपभोग गरेको जग्गा यसअन्तर्गत पर्दछ ।

**ठेकिएको जिन्सी तिर्ने गरी**

जग्गा धनीलाई तोकिएको मात्रामा बाली तिर्ने गरी कमाएको जग्गा यस शीर्षकअन्तर्गत पर्दछ । यदि नगद र जिन्सी तिर्ने गरी कमाएको जग्गा छ भने नगद र जिन्सीमध्ये नगद बढी तिर्नुपर्ने रहेछ भने ठेकिएको नगदअन्तर्गत र जिन्सी बढी तिर्नुपर्ने रहेछ भने ठेकिएको जिन्सीअन्तर्गत राख्नुपर्दछ ।

**उत्पादन बाड्ने गरी**

यसअन्तर्गत उपभोग गरिएको जग्गामा जग्गाधनीसँग बाली बाँड्ने गरी (अधियाँ, बटैया, त्रिखण्डी आदि शर्तमा) जग्गाको उपभोग गरेको हुन्छ । बाली बाँड्ने अनुपात ठाउँ, कृषि उत्पादन र प्रचलनअनुसार फरक हुन सक्छ । जग्गाधनीले कृषि-चलनका लागि मल, बीऊ, औजार तथा अन्य सहयोग प्रदान गरेको भने हुन सक्दछ ।

**भोग बन्धक लिएको**

कृषक परिवारले जग्गाधनीलाई निश्चित रकम दिई वा ऋण दिए बापत जग्गा लिई सो रकम फिर्ता वा ऋण चुक्ता नहुन्जेल सम्म उपभोग गरिएको जग्गाहरू यसमा पर्दछन् ।

**अन्य शर्तअन्तर्गत भाडामा लिएको**

माथि उल्लिखित शर्तहरूमा नपरेका अरूको हकको हाल कृषि चलन आफैले कमाएको जग्गा (जस्तैः बिना लगानी चलन गरेको जग्गा, कसैले व्यक्तिगत नाता सम्बन्ध आदिको कारणले सित्तैमा कमाउन दिएको जग्गा) यसअर्न्तगत पर्दछन् ।

**अन्य प्रकारको हक/उपयोग अन्तर्गत**

माथि उल्लेख गरिएका दुई प्रकारका मुख्य शीर्षकअन्तर्गत उपभोग गरिएका जग्गाबाहेक चलन गरिएको अन्य जग्गा यसमा पर्दछ । स्वामित्वको विवादमा रही सोको निर्णय नहुन्जेल तात्कालिक व्यवस्थाको रूपमा चलन गर्न पाएको (जस्तै, उत्तराधिकार र स्वामित्वमा नरहेको कुरा स्पष्ट भएको) वा अतिक्रमण गरेर चलन गरेको सरकारी जग्गा पनि यसमा पर्छ ।

### ३.१.२ सन्दर्भ अवधिमा, कृषिचलनअन्तर्गत रहेको जग्गाको भू-उपयोग तथा क्षेत्रफलसम्बन्धी विवरण

**अस्थायी बाली लागेको जग्गा (ग्रीनहाउस बाहिर)**

अस्थायी बाली लागेको सबै जग्गाको क्षेत्रफल यसअन्तर्गत उल्लेख गर्नुपर्दछ । अस्थायी बाली भन्नाले एक वर्षको अवधिभित्र उत्पादन गरी बाली भित्र्याउने र अर्को बालीका लागि पुनः खनजोत गरी लगाउनु पर्ने किसिमका बालीहरू पर्दछन् । तर, लगाएको बाली भित्र्याउन एक वर्षभन्दा बढी समय लाग्ने भए तापनि यदि बोट समेत नष्ट गरिन्छ भने अस्थायी बालीअन्तर्गत नै पर्दछ, जस्तैः उखु । एक वर्षपछि अर्को बाली लगाइने र खनजोत गर्दा बोट डाँठ समेत नष्ट हुने बालीहरू पनि अस्थायी बालीअन्तर्गत पर्दछन् । अस्थायी बालीअन्तर्गत यी बालीहरू पर्दछन् : खाद्यान्न बाली, कोसे/दाल बाली, कन्दमूल बाली, तेल बाली, नगदे बाली, मसला बाली, तरकारी बाली, र भुइँघाँस बाली ।

**ग्रिन हाउसअन्तर्गत अस्थायी बाली लागेको**

सिसा वा प्लाष्टिक प्रयोग गरी वातानुकुलित बनाईएको वा प्लाष्टिक प्रयोग गरी बनाइएको टनेलमा लगाइएको अस्थायी बालीले ढाकेको जग्गाको क्षेत्रफल यहाँ उल्लेख गर्नुपर्दछ ।

**अस्थायी बाँझो**

यसअन्तर्गत कम्तीमा एक वर्ष र बढीमा ५ वर्षसम्म बाँझो राखिएको जग्गाको क्षेत्रफल यहाँ उल्लेख गर्नुपर्दछ । यसरी बाँझो छोडिएको जग्गा प्राकृतिक रूपमा घाँसपात उम्रेर ५ वर्षभन्दा कम समयदेखि चौरचरनको रूपमा प्रयोग भइरहेको छ भने त्यसलाई अस्थायी चौरचरनअन्तर्गत लिइन्छ ।

**अस्थायी चौरचरन**

अस्थायी चौरचरनअन्तर्गतका जग्गाहरू भन्नाले पशुचरन वा आहारका लागि अस्थायी रुपमा खाली छोडिएको जग्गा भन्ने बुझिन्छ । चौरचरन अस्थायी वा स्थायी हुन सक्दछ । कुनै चौरचरन स्थायी हो कि अस्थायी भनेर छुट्याउन सामान्यतया ५ वर्षको अवधिलाई लिइन्छ । ५ वर्षभन्दा कम अवधि सम्मका यस्ता जग्गाहरू मात्र अस्थायी चौरचरन रहेको जग्गाको क्षेत्रफल यहाँ उल्लेख गर्नुपर्दछ ।

**स्थायी बाली लागेको जग्गा**

एक पटक उत्पादन लिएपछि पुनः रोप्नु नपर्ने र धेरै वर्षसम्म उत्पादन दिइरहने बाली लागेको जग्गा स्थायी बाली लागेको जग्गामा गणना गरि जस्तै : फलफूल लगाएको जग्गा, नर्सरी भएको जग्गाको क्षेत्रफल यहाँ उल्लेख गर्नुपर्दछ ।

यदि संयुक्त बाली (स्थायी र अस्थायी मिसाएर) लगाईएको अवस्थामा संयुक्त बाली लागेको जम्मा क्षेत्रफलबाट अस्थायी बालीले ओगटेको अनुमानित क्षेत्रफल घटाएर बाँकी क्षेत्रफल स्थायी बालीको क्षेत्रफलमा उल्लेख गर्नुपर्दछ ।

**स्थायी चौरचरन**

यसअन्तर्गत स्थायी रूपमा (५ वर्ष वा सोभन्दा बढी) चौरचरनका लागि छाडिएको वा प्राकृतिक रूपबाट उम्रिएको जङ्गली घाँसको मैदान वा पशु चरनले ढाकेको जग्गा पर्दछ। स्थायी चौरचरनमा आफैं उम्रिएका (खास गरी चौरचरनका रुख तथा झाडी) बुटाबुटीहरू भएको जग्गा पर्दछ।

## ३.१.३ कृषिचलनमा बाली उत्पादनबाहेक प्रयोग गरेको अन्य जग्गाको क्षेत्रफल

**घर, घडेरी, गोठ, धन्सार**

कृषि-चलनअन्तर्गतका घर, घडेरी, गोठ, धन्सार आदिले चर्चेको जग्गा, आँगन, सडक अथवा गल्ली, सामान तथा औजार, भण्डारण गर्न प्रयोग गरिएको खुला ठाउँ, खेर गएको जग्गा यसअन्तर्गत पर्दछन्।

**वनबनेलो**

यसमा चलनभित्र आफै उम्रिएको वा रोपिएको वनबनेलो पर्दछ। यसबाट काठ, दाउरा, लकडी र अन्य वनजन्य वस्तुहरू प्राप्त गरिन्छ। संरक्षणका लागि वनबनेलोको खेती गरिएको वा लहर मिलाएर वा नमिलाई झ्याम्म पारेर लगाएको अथवा रुखका बुटाबटीहरू, बाँसको झ्याङ र अन्य वनस्पतिले ढाकेको जग्गाहरू निजी वनबनेलोको क्षेत्रफलमा समावेश गर्नुपर्दछ। निजी वनबनेलो अन्तर्गतका बाँसका झ्याङहरूलाई स्थायी बाली अन्तर्गत गणना गर्नु हुँदैन।

**पोखरी**

गाईबस्तुहरूलाई पानी खुवाउन वा सिँचाइ गर्नको लागि जग्गा खनी बनाएको वा आफै पानी जमी खेती गर्न नसक्ने अवस्थामा रहेको कृषि-चलन भित्रको जग्गालाई पोखरी मानी यहाँ उक्त पोखरीले ढाकेको जग्गाको क्षेत्रफल उल्लेख गर्नुपर्दछ।

**अन्य प्रयोग विहिन जमिन**

यसमा अन्यत्र कतै उल्लेख नगरिएका कृषि-चलनअन्तर्गतका अनुत्पादक सबै जग्गाहरुको जम्मा क्षेत्रफल उल्लेख गर्नुपर्दछ।

## ३.१.४ गणनाको दिनमा, कृषि चलनमा महिलाको नाममा कृषि जग्गा दर्ता छ ?

यहाँ, महिलाको नाममा दर्ता गरिएको कृषि जग्गा छ छैन बुझ्न खोजिएको छ। महिलाको नाममा नेपाल भरी कुनै पनि जिल्लामा कृषि जग्गा भएको नभएको सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ। यदि, महिलाको नाम भएको जग्गा घडेरीको रुपमा रहेको तर खेती लगाईएको छ भने पनि यहाँ उल्लेख गर्नु पर्दछ।

## ३.१.५ गणनाको दिनमा, महिलाको नाममा दर्ता भएको जम्मा कृषि जग्गाको क्षेत्रफल

यस महलमा महिलाको नाम नेपालभरि भएका सम्पूर्ण कृषि जग्गाहरुको जम्मा क्षेत्रफल लेख्नुपर्दछ।

## ३.१.६ सन्दर्भ अवधिमा कुनै प्रकारले कृषि जमिनलाई असर पुर्‍याएको थियो ?

सन्दर्भ अवधिमा कृषि जमिनलाई असर पुर्‍याएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ। यहाँ, क्षति भएको जग्गा भन्नाले बाढी, नदी कटान, भूकम्प, पहिरो, चट्टचाडजस्ता प्राकृतिक प्रकोपले, भू-प्रदूषण आदिले असर गरी खेती गर्न नसकिएको जग्गालाई बुझ्नु पर्दछ।

## ३.१.७ सन्दर्भ अवधिमा क्षतिको प्रकार र क्षति भएको जग्गाको क्षेत्रफल

कृषि-चलनअन्तर्गतका जग्गालाई सन्दर्भ वर्षमा भू-क्षय/भौतिक तथा रासायनिक किसिमले क्षति भएको जग्गाको क्षेत्रफल क्षतिको प्रकारअनुसार सम्बन्धित लहरमा एकाइ मिलाई लेख्नुपर्दछ। एकभन्दा बढी कित्ताहरूमा क्षति पुगेको भएमा क्षति पुगेको जति सबै क्षेत्रफल क्षतिको प्रकारअनुसार जम्मा गरेर लेख्नुपर्दछ।

**भू-क्षय/भौतिक क्षति**
भू-क्षय भन्नाले बाढी, नदी कटान आदिबाट जग्गाको माथिल्लो सतहको खेती योग्य माटो नाश भएर गत एक वर्षमा खेती गर्न नसकी काम नलाग्ने भएको जग्गालाई जनाउँछ ।

भौतिक क्षति भन्नाले भूकम्प, पहिरो, चट्टाचाङजस्ता प्राकृतिक प्रकोपले गर्दा जमिनको धाँजा फाट्ने, पानी जमी डुबानमा पर्ने, ढुङ्गा, माटो, बालुवा, रोडा, आदिले पुरिई/टालिई जग्गाको भौतिक अवस्थामै आएको परिवर्तनले काम नलाग्ने भएको जग्गालाई जनाउँछ । यस्तो जग्गा साधरणतया खेती गर्न आवश्यक पर्नेभन्दा बढी परिश्रम गरेमा मात्र खेतीयोग्य बनाउन सकिन्छ । विगतमा कुनै प्रकारले क्षति भएको तर गणनाको समयमा मर्मत सुधार भै सकेको जग्गा यसमा पर्दैन ।

यहाँ, दुवै प्रकारले असर गरी खेती नगरिएको जम्मा क्षेत्रफल उल्लेख गर्नुपर्दछ ।

**रासायनिक क्षति**
रासायनिक क्षति भन्नाले औद्योगिक क्षेत्र वरिपरि भएका जग्गाहरुमा उद्योगबाट निस्किएका रासायनिक पदार्थ वा अन्य कुनै रासायनिक तरिकाले भू प्रदुषण भई काम नलाग्ने भएको जग्गालाई जनाउँदछ ।

## भाग ३.२ अस्थायी बाली उत्पादनसम्बन्धी विवरण

३.२.१ **सन्दर्भ अवधिमा कृषि चलनले कुनै अस्थायी बाली उत्पादन गरेको थियो ?**
सन्दर्भ अवधिमा कृषि चलनले कुनै अस्थायी बाली **उत्पादन गरेको** थियो थिएन सोधी लगाएको भए थियो र नलगाएको भए थिएनमा चिन्ह लगाउनु पर्दछ ।

३.२.२ **सन्दर्भ अवधिमा कित्ताअनुसार लगाएको अस्थायी बालीको नाम, क्षेत्रफल तथा उत्पादनसम्बन्धी विवरण**
अस्थायी बाली लागेको विवरण भर्दा कृषि चलनले सन्दर्भ वर्षमा **उत्पादन गरेको** सम्पूर्ण अस्थायी बालीहरुः जस्तै धान, मकै, गहुँ, कोदो, तरकारी, कोषे बाली आदि को विस्तृत विवरण यहाँ लिनु पर्दछ ।

यहाँ सन्दर्भ अवधिमा उत्पादन भएको बालीको मात्र विवरण लिनु पर्दछ । उक्त बाली सन्दर्भ वर्षभन्दा अगाडी रोपिएको पनि हुन सक्छ वा सन्दर्भ अवधिमा रोपी अवधिभित्रै उत्पादन लिएको पनि हुन सक्छ ।

**कित्ता नं. (महल १)**
यस महलमा कृषि चलनसँग भएको कित्ताको नम्बर क्रमशः लेख्नुपर्दछ ।

**कित्ताको नाम (महल २)**
यस महलमा कित्ताको नाम के हो सोधी लेख्नुपर्दछ । उदाहरणको लागि घरबारी, पाखोबारी, गैह्री खेत, टारीखेत आदि ।

**बालीको नाम (महल ३)**
यस महलमा सन्दर्भ वर्षमा कित्तामा लगाइएको सम्पूर्ण अस्थायी बालीको नाम क्रमशः लेख्नुपर्दछ । बालीको नाम **२०७५ श्रावण महिना देखि २०७६ असार मसान्तसम्म** उत्पादन लिईएको बाली क्रमशः लेख्नु पर्दछ ।

**रोपिएको क्षेत्रफल (महल ४,५,६)**
यस महलमा महल ३ मा उल्लेख गरिएको बाली रोपिएको क्षेत्रफल विघा भए विघा कट्ठा धुरमा र रोपनी भए रोपनी आना पैसा कति हो सोधी लेख्नुपर्दछ । यहाँ, रोपिएको क्षेत्रफल भन्नाले **२०७५ श्रावण महिना देखि २०७६ असार मसान्तसम्म** उत्पादन लिईएको बाली रोपिएको क्षेत्रफल बुझ्नु पर्दछ ।

**उत्पादन लिएको क्षेत्रफल (महल ७,८,९)**

यस महलमा धान, मकै, गहुँ, तोरी, आलुको हकमा मात्रै उत्पादन लिएको क्षेत्रफल सोधी विघा भए विघा कट्ठा धुरमा र रोपनी भए रोपनी आना पैसा कति हो सोधी लेख्नुपर्दछ । यी पाँच बालीबाहेक अन्य बालीको हकमा उत्पादन लिएको क्षेत्रफलको विवरण लिनुपर्दैन ।

**उत्पादित परिमाण (के.जी.) (महल १०)**

यस महलमा महल ३ मा उल्लेख गरिएको बालीको उत्पादन भएको परिमाण किलोग्राम सोधी लेख्नुपर्दछ ।

**३.२.३ अघिल्लो वर्षको तुलनामा (अस्थायी बाली) को उत्पादन कस्तो रह्यो ?**

**प्रश्न नं. ३.२.२ को** महल ३ मा उल्लेख गरिएको बाली उत्पादन सन्दर्भ वर्षभन्दा अघिल्लो वर्षको तुलनामा बढेको, समान भएको वा घटेको मध्ये कुन हो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि, कृषि चलनले अस्थायीबाली पहिलो पटक लगाई उत्पादन लिएको हो भने लागू नहुने भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**३.२.४ अघिल्लो वर्षको तुलनामा विपत्/प्रकोपले (अस्थायी बाली) को घटेको उत्पादन परिमाण (के.जी.)**

**प्रश्न नं. ३.२.२ को** महल ३ उल्लेख गरिएको बाली उत्पादन सन्दर्भ वर्षभन्दा अघिल्लो वर्षको तुलनामा बाली प्रश्न नं. **३.२.३** मा घटेको भन्ने जवाफ आएमा उक्त उत्पादन घट्नुको कारण **विपत्/प्रकोप** भए विपत्/प्रकोपले कति उत्पादन घटेको हो सोधी परिमाण किलोग्राममा लेख्नु पर्दछ । यहाँ विपत्/प्रकोप भन्नाले प्राकृतिक प्रकोप जस्तैः बाढी, पहिरो, खडेरी आदि वा महामारीको रुपमा लागेको रोगहरुबाट भएको क्षतीलाई बुझ्नु पर्दछ ।

**३.२.५ सन्दर्भ अवधिमा कृषि चलनमा (अस्थायी बाली) को सह-उत्पादनहरु के के थिए ?**

**प्रश्न नं. ३.२.२ को** महल ३ उल्लेख गरिएको बालीको उत्पादनसँगै अरु सह-उत्पादनहरुको पनि उत्पादन भएको छ भने महल २ मा सह-उत्पादनको नाम, महल ३ मा उत्पादन परिमाण र महल ४ मा विक्री परिमाण लेख्नुपर्दछ । यहाँ, सह-उत्पादन भन्नाले प्रमुख बालीको उत्पादन लिएपछि पुन प्रयोगमा आउने अन्य उत्पादनलाई बुझ्नु पर्दछ । जस्तैः धानको पराल, गहुँको नल आदि ।

**३.२.६ सन्दर्भ अवधिमा कृषि चलनमा उत्पादित (अस्थायी बाली) को उपयोगसम्बन्धी विवरण दिनुहोस् ।**

**प्रश्न नं. ३.२.२ को** महल ३ मा उल्लेख गरिएको बालीको उत्पादन आफैले उपभोग गरेको परिमाण, बिक्री गरिएको परिमाण, पशुपन्छीको आहारको लागि उपयोग गरेको परिमाण, मजदुरलाई ज्यालावापत तिरेको परिमाण र अन्य रुपमा प्रयोग भएको परिमाण छुट्टा छुट्टै सोधी कति परिमाण कुन कुन शीर्षकअन्तर्गत उपयोग गरिएको हो के.जी. मा लेख्नुपर्दछ ।

**आफैले उपभोग गरेको परिमाण**

आफैले उपभोग गरेको परिमाण भन्नाले कृषि चलनमा उत्पादन भएको अस्थायी बाली आफैले उपयोग गरेको परिमाणलाई बुझ्नु पर्दछ ।

**बिक्री गरिएको परिमाण**

बिक्री गरिएको परिमाण भन्नाले कृषि चलनमा उत्पादन भई थोक तथा खुद्राको रुपमा बजारमा लगि वा कुनै तरिकाले बेचिएको अस्थायी बालीको परिमाणलाई बुझ्नु पर्दछ ।

**पशुपन्छीको आहारको लागि उपयोग गरेको परिमाण**
पशुपन्छीको आहाराको लागि उपयोग गरेको परिमाण भन्नाले कृषि चलनमा उत्पादन भई पशुपन्छीलाई खुवाउन आहाराको रुपमा उपयोग गरिएको अस्थायी बालीको परिमाणलाई बुझ्नु पर्दछ ।

**मजदुरलाई ज्यालावापत तिरेको परिमाण**
मजदुरलाई ज्यालावापत तिरेको परिमाण भन्नाले कृषि चलनमा उत्पादन भई कृषि कार्यमा संलग्न भएका मजदुरहरुलाई ज्यालाको सट्टामा दिइएको अस्थायी बालीको परिमाणलाई बुझ्नु पर्दछ ।

**अन्य रुपमा प्रयोग भएको परिमाण**
अन्य रुपमा प्रयोग भएको परिमाण भन्नाले कृषि चलनमा उत्पादन भई विभिन्न रुपमा प्रयोग भएको अस्थायी बालीको परिमाणलाई बुझ्नुपर्दछ । जस्तैः यदि कृषि चलनले जोत्नको लागि ट्याक्टर प्रयोगबापत लाग्ने भाडा रकमको सट्टामा अस्थायी बाली दिएको छ भने अन्य रुपमा बुझ्नुपर्दछ ।

३.२.७ **सन्दर्भ अवधिमा (अस्थायी बाली) अन्तर्गत धान, मकै, गहुँ, तोरी आलुको मौज्दात थियो ?**
**प्रश्न नं. ३.२.२ को** महल ३ उल्लेख गरिएको बाली **अन्तर्गत धान, मकै, गहुँ, तोरी आलुको** उत्पादन उपयोग पश्चात मौज्दात थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यहाँ, मौज्दात भन्नाले सन्दर्भ वर्षको अन्तिममा अर्थात २०७६ श्रावण महिनामा कृषि चलनमा सन्दर्भ वर्षमा उत्पादन भई उपभोग पश्चात बाँकी रहेको अस्थायी बालीको परिमाणलाई बुझ्नु पर्दछ । यी पाँच बालीबाहेक अन्य बालीको हकमा मौज्दात थियो वा थिएन सोध्नु पर्दैन ।

३.२.८ **सन्दर्भ अवधिमा (अस्थायी बाली) भण्डारणको अवस्था तथा क्षतिको परिमाणसम्बन्धी विवरण**
यस प्रश्नले सन्दर्भ अवधिमा उत्पादित बालीको भण्डारण कृषि चलन आफैले चलन रहेको स्थानमा वा बाहिर भण्डारण कहाँ गर्दछ भनी बुझ्न खोजिएको छ । साथै, उक्त भण्डारण गर्दा कति परिमाणमा क्षति हुने रहेछ भन्ने समेत बुझ्न खोजिएको छ ।

यहाँ, कृषि चलनमा भण्डारण गरिएको परिमाण, कृषि चलन भन्दा बाहिर भण्डारण गरिएको परिमाण तथा बीऊ भण्डारण परिमाण कति हो सोधी किलोग्राममा लेख्नुपर्दछ । साथै, उक्त बाली उत्पादनपश्चात भण्डारणसम्म क्षति भएको परिमाण तथा विपत्/प्रकोपले भण्डारणमा पुर्‍याएको क्षति भएको परिमाण पनि सोधी किलोग्राममा लेख्नुपर्दछ ।

३.२.९ **सन्दर्भ अवधिमा (अस्थायी बाली) मा प्रयोग गरिएको रासायनिक मलको परिमाण (के.जी.)**
**प्रश्न नं. ३.२.२ को** महल ३ उल्लेख गरिएको बाली उत्पादनको लागि प्रयोग गरिएको रासायनिक मलहरु जस्तैः युरिया, डिएपी, पोटास वा अन्य जस्तै सूक्ष्म खाद्य तत्व (Zinc, Boron) आदि कति परिमाणमा प्रयोग गरिएको थियो सोधी यस महलमा किलोग्राममा लेख्नुपर्दछ ।

३.२.१० **सन्दर्भ अवधिमा, (अस्थायी बाली) मा रासायनिक मलको प्रयोग नगर्नुको कारण के के थिए ?**
**प्रश्न नं. ३.२.२ को** महल ३ उल्लेख गरिएको बाली उत्पादनको लागि रासायनिक मल प्रयोग गरिएको थिएन भने यहाँ मल प्रयोग नगर्नुको कारण सोधिएको हो । रासायनिक मलको **मूल्य उच्च भएर** वा **उपलब्ध नभएर** वा **आवश्यक नभएर** आदि मध्ये कुन कुन कारणले प्रयोग नगरिएको हो सोधी उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ । माथिको विकल्पबाहेक अन्य कुनै कारणले मल प्रयोग नगरिएको भए अन्यमा चिन्ह लगाउनु पर्दछ ।

**३.२.११ सन्दर्भ अवधिमा (अस्थायी बाली) मा प्रयोग गरिएको प्राङ्गारिक मलको परिमाण (के.जी.)**

प्रश्न नं. ३.२.२ को महल ३ उल्लेख गरिएको बाली उत्पादनको लागि प्रयोग गरिएको प्राङ्गारिक मलको परिमाण सोधी कृषि चलनमै उत्पादन गरि प्रयोग गरिएको भए कृषि चलनमा उत्पादित परिमाण, खरिद गरि प्रयोग गरिएको भए खरिद परिमाण र वस्तु तथा सेवासँग साटेर प्रयोग गरिएको भए वस्तु तथा सेवासँग साटेको परिमाण कति हो छुट्टा छुट्टै सोधी किलोग्राममा लेख्नुपर्दछ ।

प्राङ्गारिक मल भन्नाले स्थानीय गोवर मल, पराल घाँस, गड्यौले मल, कुखुराको सुली, हरियो मललगायत विभिन्न जैविक पदार्थ कुहाएर बनाएको मललाई बुझ्नु पर्दछ ।

**३.२.१२ सन्दर्भ अवधिमा, (अस्थायी बाली) मा प्राङ्गारिक मलको प्रयोग नगर्नुको कारण के के थिए ?**

**प्रश्न नं. ३.२.२ को** महल ३ उल्लेख गरिएको बाली उत्पादनको लागि सन्दर्भ अवधिमा (अस्थायी बाली) मा प्राङ्गारिक मल प्रयोग नगरिएको भए यहाँ मल प्रयोग नगर्नुको कारण सोधिएको हो । प्राङ्गारिक मलको मूल्य उच्च भएर वा उपलब्ध नभएर वा आवश्यक नभएर कुन कुन कारणले प्रयोग नगरिएको हो सोधी उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ । माथिको विकल्पबाहेक अन्य कुनै कारणले मल प्रयोग नगरिएको भए अन्य (उल्लेख गर्नुहोस्) मा कारण प्रष्टसँग खुलाई लेख्नुपर्दछ ।

**३.२.१३ सन्दर्भ अवधिमा (अस्थायी बाली) मा बाली संरक्षणका लागि बाली संरक्षण सामाग्री प्रयोग गरिएको थियो ?**

बाली संरक्षण सामाग्री भन्नाले किटनाषक विषादीलाई बुझाउँदछ जुन बाली उत्पादन, प्रशोधन, भण्डारण, ढुवानी वा खाद्य, कृषिजन्य वस्तुहरूको बजारीकरणको क्रममा लाग्ने किराहरुको रोकथाम, विनाश वा नियन्त्रण गर्नका लागि प्रयोग गरिन्छ ।

यहाँ, बाली उत्पादनको क्रममा यस किसिमको किटनाषक विषादी प्रयोग गरिएको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**३.२.१४ सन्दर्भ अवधिमा कति प्रतिशत (अस्थायी बाली) लगाइएको क्षेत्रफल सिञ्चित थियो ?**

सन्दर्भ अवधिमा, **प्रश्न नं. ३.२.२ को** महल ३ उल्लेख गरिएको बाली लगाएको क्षेत्रफल मध्ये कति प्रतिशत सिञ्चित थियो सोधी उक्त सिञ्चित प्रतिशत यहाँ लेख्नुपर्दछ ।

**३.२.१५ सन्दर्भ अवधिमा (अस्थायी बाली) सँगै अन्य बाली लगाईएको थियो ?**

सन्दर्भ अवधिमा, **प्रश्न नं. ३.२.२ को** महल ३ उल्लेख गरिएको बालीसँग अन्य बाली लगाईएको थियो थिएन सोधी थियो भने आँशिक वा पूर्णरुपमा कुन हो उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । उदाहरणको लागि मकै खेती गरिएको जग्गामा सँगसँगै भटमास रोपिएको छ भने भटमास अस्थायी बालीसँग लगाईएको अन्य बाली हो भनी बुझ्नु पर्दछ ।

**३.२.१६ सन्दर्भ अवधिमा, (अस्थायी बाली) उत्पादनको लागि प्रयोग गरिएको बीऊविजनको सन्दर्भमा तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

**(अस्थायी बाली) उत्पादनमा कति प्रकारका विजनहरु प्रयोग गरिएको थियो ?**

सन्दर्भ अवधिमा, महल ३ उल्लेख गरिएको बाली उत्पादनको लागि कति प्रकारका विजनहरु प्रयोग गरिएका थिए सोधी उक्त विजनका संख्या यस महलमा लेख्नुपर्दछ ।

**(अस्थायी बाली) को लागी स्थानीय विजनको परिमाण**
स्थानीय बीऊ कृषकले परम्परागत रुपमा बीऊका लागि भनेर छुट्टै उब्जाएको वा आफ्नो उब्जनीबाट केही बाली बीऊका लागि छुटचाएर राख्ने गरेको हुन्छ । यस बाहेक, यस्तो स्थानीय बीऊ गाउँघर–छिमेकमा अरु कृषकसँग लिइएको पनि हुनसक्छ । कुन बीऊ स्थानीय हो भनेर कृषकले अक्सर सजिलैसँग भन्न सक्दछन् ।

सन्दर्भ वर्षमा, **प्रश्न नं. ३.२.२ को** महल ३ उल्लेख गरिएको बाली उत्पादनको लागि स्थानीय विजन प्रयोग गरिएको भए उक्त विजन कति परिमाणमा प्रयोग गरिएको थियो सोधी किलोग्राममा लेख्नुपर्दछ ।

**(अस्थायी बाली) को लागी उन्नत विजनको परिमाण**
उन्नत बीऊ भन्नाले कृषकले उन्नत बीऊ बाँड्ने संघसंस्थाबाट वितरण गरिएको वा खरिद गरी ल्याएको बीऊलाई जनाउँछ । यस्तो बीऊ प्रयोग गरी भएको उत्पादनलाई पुनः दुई पुस्तासम्म बीऊको रूपमा प्रयोग गरेको भए त्यसलाई पनि उन्नत बीऊ मान्नु पर्छ ।

सन्दर्भ अवधिमा, महल ३ उल्लेख गरिएको बाली उत्पादनको लागि उन्नत विजन प्रयोग गरिएको भए उक्त विजन कति परिमाणमा प्रयोग गरिएको हो सोधी किलोग्राममा लेख्नुपर्दछ ।

**(अस्थायी बाली) को लागी हाइब्रिड विजनको परिमाण**
बीऊ अनुसन्धान तथा बीऊ उत्पादनमा संलग्न सरकारी वा गैर सरकारी निकायहरुबाट हाइब्रिड भनी सिफारिस गरेको र पुनः अर्को पटक बीऊका रुपमा प्रयोग गर्न नसकिने बीऊ यसमा पर्दछ ।

सन्दर्भ अवधिमा, **प्रश्न नं. ३.२.२ को** महल ३ उल्लेख गरिएको बाली उत्पादनको लागि हाइब्रिड विजन प्रयोग गरिएको भए उक्त विजन कति परिमाणमा प्रयोग गरिएको हो सोधी किलोग्राममा लेख्नुपर्दछ ।

सन्दर्भ अवधिमा, महल ३ उल्लेख गरिएको बाली उत्पादनको लागि स्थानीय विजन प्रयोग गरिएको भए उक्त विजनको स्रोत के हो सोधी उपयुक्त विकल्पहरु जस्तैः कृषि चलनमा उत्पादन भएको, समुदायमा साटफेर गरेको, स्थानीय बजारबाट किनेको, विजन कम्पनीबाट किनेको, अनुदानबाट प्राप्त गरेको परिमाण किलोग्राममा लेख्नुपर्दछ ।

३.२.१८ **सन्दर्भ अवधिमा (अस्थायी बाली) का स्थानीय बीजनहरु स्थानीय परिस्थिति अनुकुल थिए ?**
सन्दर्भ अवधिमा, **प्रश्न नं. ३.२.२ को** महल ३ उल्लेख गरिएको बाली उत्पादनको लागि स्थानीय विजन स्थानीयस्तर परिस्थितिमा अनुकुल थिए, थिएन वा थाहा छैन मध्ये सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

स्थानीय परिस्थिति अनुकुल विजन भन्नाले स्थानीय वातावरणमा सजिलै हुर्कने, रोग किरासँग लड्न सक्ने तथा उत्पादन दिने विजनलाइ बुझ्नु पर्दछ ।

३.२.१९ **सन्दर्भ अवधिमा, (अस्थायी बाली) बिक्रीको लागि बजार सम्झौता/ठेक्का गरिएको थियो ?**
सन्दर्भ अवधिमा, **प्रश्न नं. ३.२.२ को** महल ३ उल्लेख गरिएको बाली उत्पादन बिक्रीको लागि बजार सम्झौता गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनुपर्दछ । यहाँ, सम्झौता/ठेक्का भन्नाले कृषि चलनको उत्पादन बिक्रीका लागि कुनै व्यक्ति वा संघसंस्थासँग गरिएको सम्झौतालाई बुझ्नु पर्दछ ।

**३.२.२० सन्दर्भ अवधिमा, (अस्थायी बाली) को लागि गरिएको बजार सम्झौताले कति प्रतिशत उत्पादनलाई समेटेको थियो ?**

सन्दर्भ अवधिमा, **प्रश्न नं. ३.२.२ को** महल ३ उल्लेख गरिएको बाली उत्पादन बिक्रीको लागि बजार सम्झौता गरिएको थियो भने उक्त सम्झौताले कति प्रतिशत उत्पादनलाई समेटेको थियो सोधी यहाँ लेख्नुपर्दछ ।

## भाग ३.३ स्थायी बाली उत्पादनसम्बन्धी विवरण

**३.३.१ सन्दर्भ अवधिमा कृषि चलनले कुनै स्थायी बालीको लगाएको थियो ?**

सन्दर्भ अवधिमा कृषि चलनले कुनै स्थायी बालीहरु जस्तैः आँप, स्याउ, कागती, सुन्तला आदि लगाई उत्पादन गरेको थियो थिएन सोधी उत्पादन गरेको भए थियो र नगरेको भए थिएनमा चिन्ह लगाउनु पर्दछ ।

**३.३.२ सन्दर्भ अवधिमा कित्ताअनुसार लगाएको स्थायी बालीको नाम, क्षेत्रफल तथा उत्पादनसम्बन्धी विवरण**

स्थायी बाली लागेको विवरण भर्दा बगैंचाको रूपमा लगाएको र छरिएर रहेको बोटहरूको सङ्ख्या छुट्टाछुट्टै भर्नुपर्छ । बगैंचाको रूपमा लगाएको फल लाग्ने उमेरका बोटले ओगटेको र फल नलाग्ने बोटले ओगटेको क्षेत्रफल र सो क्षेत्रफलमा भएका बोट सङ्ख्या छुट्टाछुट्टै खुलाउनु पर्दछ । बगैंचाको रूपमा नलगाई छरिएका केही बोट छन् भने त्यस्ता बोट मध्ये फल लाग्ने र फल नलाग्ने बोट सङ्ख्या छुट्टाछुट्टै लेख्नुपर्छ ।

**क्रम संख्या**

यस महलमा कृषि चलनले लगाएका सम्पूर्ण स्थायी बालीहरुको क्रमसंख्या लेख्नुपर्दछ ।

**कित्ता संख्या**

यस महलमा सन्दर्भ अवधिमा स्थायी बाली कति कित्तामा थियो सोधी जम्मा कित्ता संख्या लेख्नुपर्दछ । यहाँ, बगैंचाको रुपमा लगाईएको स्थायी बालीको मात्र कित्ता संख्या उल्लेख गर्नुपर्दछ । उदाहरणको लागि यदि कृषि चलनले ४ कित्तामा आँप बगैंचाको रुपमा लगाएको थियो भने यहाँ कित्ता संख्या ४ लेख्नुपर्दछ ।

**बालीको नाम**

यस महलमा सन्दर्भ अवधिमा लगाइएको सम्पूर्ण स्थायी बालीको नाम लेख्नुपर्दछ। २०७५ श्रावण महिना देखि २०७६ असार मसान्तसम्म भएको बाली क्रमशः लेख्नुपर्दछ ।

**स्थायी बालीको जातको प्रकार**

यस महलमा उक्त स्थायी बालीको जात कति प्रकार थिए सोधी संख्या लेख्नुपर्दछ । उदाहरणको लागि यदि कृषि चलनले २ जातका आँप (माल्दा, दशरी) लगाएको थियो भने यहाँ संख्या २ लेख्नुपर्दछ ।

**रोपिएको क्षेत्रफल**

यस महलमा महल ३ मा उल्लेख गरिएको स्थायी बाली बगैंचाको रुपमा रोपिएको क्षेत्रफल एकाई विघा भए विघा कट्ठा धुरमा र रोपनी भए रोपनी आना पैसा कति हो सोधी लेख्नुपर्दछ ।

**बोट संख्या**

यस महलमा महल ३ मा उल्लेख गरिएको स्थायी बाली बगैंचाकोरुपमा रोपिएको बोटहरुको संख्या लेख्नुपर्दछ ।

**फल दिइरहेको क्षेत्रफल**

यस महलमा महल ३ मा बगैंचाको रुपमा लगाईएको बालीले फल दिईरहेको भए फल दिएको क्षेत्रफल विघा भए विघा कट्ठा धुरमा र रोपनी भए रोपनी आना पैसा कति हो सोधी लेख्नुपर्दछ ।

**बोट संख्या**
यस महलमा महल ३ मा बगैंचाको रुपमा लगाईएको बालीले फल दिईरहेको भए फल दिईरहेको बोटहरुको संख्या लेख्नुपर्दछ ।

**छरिएको बोट संख्या**
यस महलमा महल ३ मा उल्लेख गरिएको बाली यदि सन्दर्भ अवधिमा छरिएर रहेको थियो भने यहाँ फल दिईरहेका र फल नदिएका बोटको संख्या उल्लेख गर्नुपर्दछ ।

**फल दिइरहेका संख्या**
यस महलमा सन्दर्भ अवधिमा फल दिईरहेका बोटहरुको संख्या उल्लेख गर्नुपर्दछ ।

**फल नदिएका संख्या**
यस महलमा सन्दर्भ अवधिमा फल नदिएका बोटहरुको संख्या उल्लेख गर्नुपर्दछ ।

**उत्पादित परिमाण (के.जी.)**
यस महलमा **प्रश्न नं. ३.३.२ को** महल ३ मा उल्लेख गरिएको बालीको उत्पादन भएको परिमाण किलोग्राममा सोधी लेख्नुपर्दछ । यहाँ उत्पदित परिमाण लेख्दा बगैंचाको रुपमा रहेको फल दिने बोटहरु र छरिएको रहेका फल दिने बोटहरुको उत्पादनलाई जोड्नु पर्दछ ।

**३.३.३ सन्दर्भ अवधिमा कृषि चलनमा उत्पादित (स्थायी बाली) को उपयोगसम्बन्धी विवरण दिनुहोस् ।**
महल ३ उल्लेख गरिएको बालीको उत्पादन आफैले उपभोग गरेको परिमाण, बिक्री गरिएको परिमाण, मजदुरलाई ज्यालावापत तिरेको परिमाण र अन्य रुपमा प्रयोग भएको परिमाण छुट्टा छुट्टै सोधी कति परिमाण कुन कुन शीर्षकअन्तर्गत उपयोग गरिएको हो के.जी. मा लेख्नुपर्दछ ।

**३.३.४ सन्दर्भ अवधिमा (स्थायी बाली) भण्डारणको अवस्था तथा क्षतिको परिमाणसम्बन्धी विवरण**
यस प्रश्नले सन्दर्भ अवधिमा उत्पादित बालीको भण्डारण कृषि चलन आफैले चलन रहेको स्थानमा वा बाहिर भण्डारण गर्दछ भनी बुझ्न खोजिएको छ । साथै, उक्त भण्डारण गर्दा कति परिमाणमा क्षति हुने रहेछ भन्ने समेत बुझ्न खोजिएको छ ।

यदि सन्दर्भ अवधिमा भण्डारण गरिएको भए कृषि चलनमा भण्डारण गरिएको परिमाण, कृषि चलन भन्दा बाहिर भण्डारण गरिएको परिमाण कति हो सोधी किलोग्राममा लेख्नुपर्दछ । साथै, उक्त बाली उत्पादनपश्चात भण्डारणसम्म क्षति भएको परिमाण तथा विपत्/प्रकोपले भण्डारणमा पुर्‍याएको क्षति भएको परिमाण पनि सोधी किलोग्राममा लेख्नुपर्दछ ।

**३.३.५ अघिल्लो वर्षको तुलनामा (स्थायी बाली) को उत्पादन कस्तो रह्यो ?**
महल ३ मा उल्लेख गरिएको बाली उत्पादन सन्दर्भ वर्षभन्दा अघिल्लो वर्षको तुलनामा बढेको, समान भएको वा घटेको मध्ये कुन हो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि, कृषि चलनले स्थायीबाली पहिलो पटक लगाई उत्पादन लिएको हो भने लागू नहुने भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

३.३.६ **अघिल्लो वर्षको तुलनामा विपत्/प्रकोपले (स्थायी बाली) को घटेको उत्पादन परिमाण (के.जी.)**
**प्रश्न नं. ३.३.२ को** महल ३ उल्लेख गरिएको बाली उत्पादन सन्दर्भ वर्षभन्दा अघिल्लो वर्षको तुलनामा बालीको प्रश्न नं. **३.३.५** मा घटेको भन्ने जवाफ आएमा उक्त उत्पादन घट्नुको कारण **विपत्/प्रकोप** भए विपत्/प्रकोपले कति उत्पादन घटेको हो सोधी परिमाण किलोग्राममा लेख्नुपर्दछ ।

३.३.७ **सन्दर्भ अवधिमा कृषि चलनमा (स्थायी बाली) को सह-उत्पादनहरु के के थिए ?**
**प्रश्न नं. ३.३.२ को** महल ३ उल्लेख गरिएको बालीको उत्पादनसँगै अरु सह-उत्पादनहरुको पनि उत्पादन भएको छ भने महल २ मा सह-उत्पादनको नाम, महल ३ मा उत्पादन परिमाण र महल ४ मा विक्री परिमाण लेख्नुपर्दछ । यहाँ, सह-उत्पादन भन्नाले प्रमुख बालीको उत्पादन लिएपछि पुनः प्रयोगमा आउने अन्य उत्पादनलाई बुझ्नु पर्दछ । जस्तैः आँपको रुखबाट उत्पादित दाउरा वा काठ आदि ।

३.३.८ **सन्दर्भ अवधिमा (स्थायी बाली) मा प्रयोग गरिएको रासायनिक मलको परिमाण (के.जी.)**
**प्रश्न नं. ३.३.२ को** महल ३ उल्लेख गरिएको बाली उत्पादनको लागि प्रयोग गरिएको रासायनिक मलहरु जस्तैः युरिया, डिएपी, पोटास वा अन्य कति परिमाणमा प्रयोग गरिएको थियो सोधी वा अन्य सूक्ष्म खाद्य तत्व (Zinc, Boron) यस महलमा किलोग्राममा लेख्नुपर्दछ ।

३.३.९ **सन्दर्भ अवधिमा, (स्थायी बाली) मा रासायनिक मलको प्रयोग नगर्नुको कारण के के थिए ?**
**प्रश्न नं. ३.३.२ को** महल ३ उल्लेख गरिएको बाली उत्पादनको लागि रासायनिक मल प्रयोग गरिएको थिएन भने यहाँ मल प्रयोग नगर्नुको कारण सोधिएको हो । रासायनिक मल मूल्य उच्च भएर वा उपलब्ध नभएर वा आवश्यक नभएर कुन कारणले प्रयोग नगरिएको हो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । माथिको विकल्पबाहेक अन्य कुनै कारणले मल प्रयोग नगरिएको भए अन्यमा चिन्ह लगाउनु पर्दछ ।

३.३.१० **सन्दर्भ अवधिमा (स्थायी बाली) मा प्रयोग गरिएको प्राङ्गारिक मलको परिमाण (के.जी.)**
**प्रश्न नं. ३.३.२ को** महल ३ उल्लेख गरिएको बाली उत्पादनको लागि प्रयोग गरिएको प्राङ्गारिक मलको परिमाण सोधी कृषि चलनमै उत्पादन गरि प्रयोग गरिएको भए कृषि चलनमा उत्पादित परिमाण, खरिद गरि प्रयोग गरिएको भए खरिद परिमाण र वस्तु तथा सेवासँग साटेर प्रयोग गरिएको भए वस्तु तथा सेवासँग साटेको परिमाण कति हो छुट्टा छुट्टै सोधी किलोग्राममा लेख्नुपर्दछ ।

३.३.११ **सन्दर्भ अवधिमा, (स्थायी बाली) मा प्राङ्गारिक मलको प्रयोग नगर्नुको कारण के के थिए ?**
**प्रश्न नं. ३.३.२ को** महल ३ उल्लेख गरिएको बाली उत्पादनको लागि सन्दर्भ अवधिमा (स्थायी बाली) मा प्राङ्गारिक मल प्रयोग नगरिएको भए यहाँ मल प्रयोग नगर्नुको कारण सोधिएको हो । प्राङ्गारिक मलको मूल्य उच्च भएर वा उपलब्ध नभएर वा आवश्यक नभएर कुन कुन कारणले प्रयोग नगरिएको हो सोधी उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ । माथिको विकल्पबाहेक अन्य कुनै कारणले मल प्रयोग नगरिएको भए अन्यमा चिन्ह लगाउनु पर्दछ ।

३.३.१२ **सन्दर्भ अवधिमा (स्थायी बाली) मा बाली संरक्षणका लागि संरक्षण सामाग्री प्रयोग गरिएको थियो ?**
यहाँ, बाली उत्पादनको क्रममा यस किसिमको कीटनाषक विषादी प्रयोग गरिएको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

३.३.१३ **सन्दर्भ अवधिमा कति प्रतिशत (स्थायी बाली) लगाइएको क्षेत्रफल सिञ्चित थियो ?**
सन्दर्भ अवधिमा, **प्रश्न नं. ३.३.२ को** महल ३ उल्लेख गरिएको बाली लगाएको क्षेत्रफल कति प्रतिशत सिँचित थियो सोधी उक्त सिँचित प्रतिशत यहाँ लेख्नुपर्दछ ।

**३.३.१४ सन्दर्भ अवधिमा (स्थायी बाली) सँगै अन्य बाली लगाईएको थियो ?**

सन्दर्भ अवधिमा, **प्रश्न नं. ३.३.२ को** महल ३ उल्लेख गरिएको बालीसँग अन्य बाली लगाईएको थियो थिएन सोधी थियो भने आँशिक वा पूर्णरुपमा कुन हो उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । उदाहरणको लागि सुन्तला खेती गरिएको जग्गामा सँगसँगै कोदो रोपिएको छ भने कोदा स्थायी बालीसँग लगाईएको अन्य बाली हो भनी बुझ्नु पर्दछ ।

**३.३.१५ सन्दर्भ अवधिमा, (स्थायी बाली) विक्रीको लागि बजार सम्झौता/ठेक्का गरिएको थियो ?**

सन्दर्भ अवधिमा, **प्रश्न नं. ३.३.२ को** महल ३ उल्लेख गरिएको बाली उत्पादन विक्रीको लागि बजार सम्झौता गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनुपर्दछ । यहाँ, सम्झौता/ठेक्काभन्नाले कृषि चलनको उत्पादन विक्रीका लागि कुनै व्यक्ति वा संघसंस्थासँग गरिएको सम्झौतालाई बुझ्नु पर्दछ ।

**३.३.१६ सन्दर्भ अवधिमा, (स्थायी बाली) को लागि गरिएको बजार सम्झौताले कति प्रतिशत उत्पादनलाई समेटेको थियो ?**

सन्दर्भ अवधिमा, **प्रश्न नं. ३.३.२ को** महल ३ उल्लेख गरिएको बाली उत्पादन विक्रीको लागि बजार सम्झौता गरिएको थियो भने उक्त सम्झौताले कति प्रतिशत उत्पादनलाई समेटेको थियो सोधी यहाँ लेख्नुपर्दछ ।

# खण्ड ४
# पशुपन्छी पालनसम्बन्धी विवरण

**४.१.१ गणनाको दिनमा वा सन्दर्भ वर्षमा, कृषि चलनमा पशुपन्छीपालन गर्नु भएको थियो/छ ?**

यहाँ, कृषि चलनले सन्दर्भ वर्षमा वा गणनाको दिनमा पशुपन्छी (गाई, भैंसी, बाखा, कुखुरा, हाँस आदि) पालन गरेको अवस्था रहे नरहेको बुझ्न खोजिएको छ । यदि, उक्त अवधिमा गाई/गोरु मात्र पालेको भए गाई/गोरुमा, राँगो/भैंसी मात्र पालेको भए राँगो/भैंसीमा, भेडामात्र पालेको भए भेडामा, बाखा/च्याङ्ग्रा मात्र पालेको भए बाखा/च्याङ्ग्रामा, पन्छीमात्र पालेको भए पन्छीमा, मौरी, च्याउ, पुष्पखेती, माछा पालन गरेको भए अन्य (मौरी, च्याउ, पुष्पखेती, माछा पालन) मा चिन्ह लगाउनु पर्दछ । यदि एकभन्दा बढी पालन गरिएको छ भने पालिएका जति सबैमा चिन्ह लगाउनु पर्दछ ।

**४.१.२ कृषिचलनले पशुपन्छीपालनसम्बन्धी मुख्य क्रियाकलाप (जन्म, उत्पादन तथा विक्री, आदि) को लगत राख्ने गर्नुभएको छ ?**

कृषि चलनले सन्दर्भ वर्षमा पशुपालनको उत्पादन परिमाण, पशुपन्छीको उत्पादित संख्या, जन्म, मृत्यु, विक्री परिमाण, घरायसी उपयोग, सेवावापत प्रयोग गरिएको परिमाण आदि कृषि/आर्थिक कृयाकलापको रजिष्ट्रार वा खाता व्यवस्थापन गरी टिपोट गरेको थियो भने थियोमा र थिएन भने थिएनमा चिन्ह लगाउनु पर्दछ ।

## पशुपालन तथा उत्पादनसम्बन्धी विवरण

## ४.१.३ गाई/गोरुपालन सम्बन्धी विवरण

**४.१.३.१ सन्दर्भ अवधिमा वा गणनाको दिनमा कृषि चलनभित्र गाई/गोरु पालन गर्नु भएको थियो/छ ?**

यहाँ, कृषि चलनले गाई गोरुपालन सन्दर्भ वर्षमा वा गणनाको दिनमा गरेको अवस्था रहे नरहेको बुझ्न खोजिएको छ । यदि, गाई/गोरुपालन सन्दर्भ वर्षमा गरिएको छ भने थियो सन्दर्भ वर्षमा भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ, त्यसैगरी गणनाको दिनमा गाई/गोरु पालन गरिएको भए छ गणनाको दिनमा चिन्ह लगाउनु पर्दछ । गाई/गोरु पालन सन्दर्भ वर्षमा र गणनाको दिनमासमेत गरेको भए दुवै विकल्पमा र नगरेको भए छैन/थिएन भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**४.१.३.२ गाई/गोरुसम्बन्धी विवरण**

**गाई/गोरुको विवरण (महल २)**

यहाँ, कुन कुन उमेर समूह तथा उक्त उमेर समूह र लिङ्ग अनुसारका गाई/गोरुको विवरण लिने भनेर विस्तृतरुपमा खुलाईएको छ । यस महलमा कुनै पनि विवरणहरु भर्नु पर्दैन तर यसपछिका महलमा भरिने विवरणहरु यसैअनुसार लिनुपर्दछ ।

**जम्मा (महल ३)**

कृषि-चलनमा गणनाको दिनमा रहेका गाई/गोरु, बाच्छा/बाच्छीको जम्मा सङ्ख्या जम्माको महल-२ मा लेख्नुपर्दछ ।

**स्थानीय (महल ४)**

कृषि-चलनमा गणनाको दिनमा रहेका स्थानीय गाई/गोरु, बाच्छा/बाच्छीको जम्मा सङ्ख्या जम्माको महल-३ मा लेख्नुपर्दछ ।

**उन्नत (महल ५)**
कृषि-चलनमा गणनाको दिनमा रहेका उन्नत गाई/गोरु, बाच्छा/बाच्छीको जम्मा सङ्ख्या जम्माको महल-४ मा लेख्नुपर्दछ ।

१ वर्षमुनिका साना बाच्छाको सङ्ख्या महल ३, ४ र ५ को पहिलो लहरमा, १ वर्षमुनिका साना बाच्छीको सङ्ख्या महल ३, ४ र ५ को दोस्रो लहरमा, १ वर्षदेखि ३ वर्षमुनिका बाच्छाको सङ्ख्या महल ३, ४ र ५ को तेस्रो लहरमा, १ वर्षदेखि ३ वर्षमुनिका बाच्छीहरूको सङ्ख्या महल ३, ४ र ५ को चौथो लहरमा, ३ वर्ष वा सोभन्दा माथिका गोरुको संख्या महल ३, ४ र ५ को पाँचौ लहरमा, ३ वर्ष वा सोभन्दा माथिका जम्मा गाईमध्ये दूध दिइरहेका गाईहरूको सङ्ख्या महल ३, ४ र ५ को छैटौ लहरमा लेख्नुपर्दछ र गणनाको समयमा दूध नदिने गाईको सङ्ख्या महल ३, ४ र ५ को सातौं लहरमा लेख्नुपर्दछ ।
**महल ३, ४ र ५ को हकमा सन्दर्भ समय गणनाको दिनलाई लिनुपर्दछ ।**

**सन्दर्भ अवधिमा जन्मेको संख्या (महल ६)**
कृषि-चलनमा सन्दर्भ वर्षमा जन्मेको बाच्छाको संख्या महल ६ को पहिलो लहरमा तथा बाच्छीको संख्या महल ६ को दोस्रो लहरमा उल्लेख गर्नुपर्दछ । त्यसपछिका लहरहरुमा सो प्रश्न सोध्नु पर्दैन ।

**सन्दर्भ अवधिमा मृत्युसम्बन्धी विवरण (महल ७)**
कृषि-चलनमा सन्दर्भ वर्षमा मृत्युभएका गाई/गोरु, बाच्छा/बाच्छीको सङ्ख्या बुझ्न खोजिएको छ । यदि सन्दर्भ वर्षमा प्राकृतिक रुपले मृत्यु भएको भए संख्या उमेर समूहअनुसार महल ७ र प्रकोप तथा विपत्का कारणले मृत्यु भएको भए उमेर समूहअनुसार महल ८ मा लेख्नुपर्दछ ।

**सन्दर्भ अवधिमा खरिद गरिएको संख्या (महल ९)**
कृषि-चलनमा सन्दर्भ वर्षमा यदि गाई/गोरु, बाच्छा/बाच्छी खरिद गरिएको भए महल ८ मा उमेर समूहअनुसार क्रमशः खरिद गरिएको संख्या लेख्नुपर्दछ ।

**सन्दर्भ अवधिमा बिक्री गरिएको संख्या (महल १०)**
कृषि-चलनमा सन्दर्भ वर्षमा यदि गाई/गोरु, बाच्छा/बाच्छी बिक्री गरिएको भए महल ९ मा उमेर समूहअनुसार क्रमशः बिक्री गरिएको संख्या लेख्नुपर्दछ ।

**सन्दर्भ अवधिमा पूर्ण अनुदान/सित्तैमा प्राप्त गरिएको संख्या (महल ११)**
कृषि-चलनमा सन्दर्भ वर्षमा यदि गाई/गोरु, बाच्छा/बाच्छी पूर्ण अनुदान/सित्तैमा प्राप्त गरिएको भए महल १० मा उमेर समूहअनुसार क्रमशः पूर्ण अनुदान/सित्तैमा प्राप्त गरिएको संख्या लेख्नुपर्दछ ।

### ४.१.३.३ जात अनुसार गाईको संख्या तथा दूध उत्पादन

**गाईको जात (महल ३)**
गणनाको दिनमा कृषि चलनमा रहेका निम्नानुसारका गाईहरुको जात स्थानीय, जर्सी, होलिस्टिन फ्रिसियन अनुसारको विवरण यस पछिका महलहरुमा लिनु पर्दछ । माथि उल्लेख गरिएका उन्नत जातका गाईहरुबाहेक अन्य उन्नत जातका गाई पालन गरिएको छ भने अन्यमा गाईको जातको नाम उल्लेख गरि सोही जातअनुसरको अन्य विवरणहरु पनि लिनु पर्दछ ।

**जातअनुसार गाईको संख्या (महल ४)**
गणनाको दिनमा कृषि चलनमा भएका जातअनुसार (स्थानीय, जर्सी, होलिस्टिन फ्रिसियन, अन्य) गाईको संख्या महल ४ मा लेख्नुपर्दछ ।

**हाल दूध दिईरहेका गाईको संख्या (महल ५)**
गणनाको दिनमा कृषि चलनमा दूध दिईरहेका जातअनुसार (स्थानीय, जर्सी, होलिस्टिन फ्रिसियन, अन्य) गाईको संख्या महल ५ मा लेख्नुपर्दछ ।

**बाच्छा बाच्छीलाई दूध चुसाउनु हुन्छ ? (महल ६)**
गणनाको दिनमा कृषि चलनमा दूध दिईरहेका जातअनुसार (स्थानीय, जर्सी, होलिस्टिन फिसियन, अन्य) गाईको दूध बाच्छा बाच्छीलाई चुसाउने गर्नु भएको छ छैन सोधी उपयुक्त विकल्प महल ६ मा छान्नुपर्दछ ।

**प्रति दिन औषत दूध उत्पादन (लिटर) (महल ७)**
गणनाको दिनमा कृषि चलनमा दूध दिईरहेका जातअनुसार (स्थानीय, जर्सी, होलिस्टिन फिसियन, अन्य) को गाईहरुले प्रति दिन औषत कति दूध दिन्छ सोधी उत्पादन लिटरमा महल ७ मा लेख्नुपर्दछ । जस्तैः कृषि चलनमा पालन गरिएका ५ वटा जर्सी गाईले दैनिक जम्मा २५ लिटर दूध दिन्छन भने उक्त दिनको औषत उत्पादन ५ लि. लेख्नु पर्दछ ।

**दूध दिने अवधि (महिना) (महल ८)**
गणनाको दिनमा कृषि चलनमा दूध दिईरहेका जातअनुसार (स्थानीय, जर्सी, होलिस्टिन फिसियन, अन्य) को गाईले एक वेतमा औषत कति महिना दूध दिने गरेको छ सोधी उक्त महिना महल ८ मा लेख्नुपर्दछ । यहाँ अवधि भन्नाले एक वेतमा दूध दिने समयलाई बुझ्नु पर्दछ ।

**४.१.३.४ पछिल्लो हप्तामा उत्पादित दूधको उपयोगसम्बन्धी विवरण**
यहाँ, पछिल्लो हप्तामा कृषि चलनमा उत्पादित दूधको उपयोग कसरी भएको थियो जान्न खोजिएको हो ।
यदि, उक्त दूध आफ्नै उपभोगको लागि प्रयोग गरिएको भए आफैले कति लिटर दूध प्रयोग गरियो यहाँ उल्लेख गर्नुपर्दछ ।
यदि, कृषि चलनमा उत्पादित दूध बिक्री गरिएको भए कति लिटर दूध बिक्री गरिएको थियो यहाँ उल्लेख गर्नुपर्दछ ।
यदि, कृषि चलनमा उत्पादित दूध कृषि चलनमै प्रशोधन गरिएको भए कति लिटर दूध प्रशोधनको लागि प्रयोग गरिएको थियो यहाँ उल्लेख गर्नुपर्दछ । यहाँ, प्रशोधनमा प्रयोग गरिएको दूध भन्नाले दही, ध्यू, पनिर, चिज आदि बनाउन प्रयोग गरिएको दूधलाई बुझ्नु पर्दछ ।
यदि, कृषि चलनमा उत्पादित दूध बाच्छा बाच्छीकालागि दिएको भए कति लिटर दूध दिइएको थियो यहाँ उल्लेख गर्नुपर्दछ ।
यदि, कृषि चलनमा उत्पादित दूध नोक्सान भएको भए कति लिटर दूध नोक्सान भएको थियो यहाँ उल्लेख गर्नुपर्दछ । यहाँ, नोक्सान भएको दूध भन्नाले फाटेर, पोखिएर वा अन्य तरिकाले खेर गएको दूधलाई बुझ्नु पर्दछ ।
यदि, कृषि चलनमा उत्पादित दूध अन्य तरिकाले प्रयोग भएको भए कति लिटर दूध अन्य प्रयोजनका लागि प्रयोग भएको थियो प्रयोजन खुलाई यहाँ उल्लेख गर्नुपर्दछ ।

**४.१.३.५ दूध बिक्री गरिएको भए, प्रति लिटर मूल्य** (रु.)
यदि, कृषि चलनमा उत्पादित दूध बिक्री गरिएको भए प्रति लिटर मूल्य कति हो सोधी यहाँ लेख्नुपर्दछ ।

**४.१.३.६ गाईको दूधकोलागि बजार सम्झौता गरिएको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनमा उत्पादित दूध बिक्रीको लागि बजार सम्झौता गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

**४.१.३.७ सन्दर्भ अवधिमा, गाईको दूध बिक्रीकोलागि गरिएको बजार सम्झौताले कति प्रतिशत उत्पादनलाई समेटद्छ ?**

सन्दर्भ अवधिमा, कृषि चलनमा उत्पादित दूध बिक्रीको लागि बजार सम्झौता गरिएको थियो भने उक्त सम्झौताले कति प्रतिशत उत्पादनलाई समेटेको थियो सोधी यहाँ लेख्नुपर्दछ ।

**४.१.३.८ सन्दर्भ अवधिमा, जोत्न वा यातायातको लागि प्रयोग गरिएका गोरुहरुको संख्या**

सन्दर्भ अवधिमा, कृषि चलनले जोत्न वा यातायातको प्रयोजनकालागि गोरुहरु प्रयोग गरिएको भए उक्त प्रयोग गरिएको संख्या यहाँ उल्लेख गर्नुपर्दछ ।

**४.१.३.९ सन्दर्भ अवधिमा गाईगोरुका लागि मुख्य आहाराको व्यवस्थापन कसरी गर्नुभएको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनले गाईगोरुका लागि मुख्य आहाराको व्यवस्थापन यी चार विकल्पहरुः चरन मात्र, मुख्य घाँस पराल केही दाना, मुख्य दाना केही घाँस पराल वा दाना मात्र मध्ये कुन तरिकाले गरेको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**४.१.३.१० सन्दर्भ अवधिमा प्रयोग गरिएको आहारा को स्रोत के के थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनले गाईगोरुका लागि व्यवस्थापन गरिएको मुख्य आहाराको स्रोतहरु चलनको उत्पादन साझा चउर, खरिद गरिएको, साटासाट गरिएको मध्ये के के थियो सोधी उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ ।

**४.१.३.११ सन्दर्भ अवधिमा, कृषि चलनमा भएको गाईकोलागि व्यवस्था गरिएको गोठ कुन किसिमको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनमा भएको गाईको लागि व्यवस्था गरिएको गोठ व्यवस्थित, अर्धव्यवस्थित, अव्यवस्थित मध्ये कुन प्रकारको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**व्यवस्थित गोठ**

सामन्यतया चारैतिर गारो/टाटी लगाई छानो हालेर पशुपन्छी राख्नका लागि व्यवस्था गरिएको हावा खेल्ने, आहारको लागि व्यवस्थित ठाउँ भएको तथा मल, मूत्रको व्यवस्थित निकास हुने गरि बनाईएको संरचनालाई बुझ्नु पर्दछ ।

**अर्धव्यवस्थित गोठ**

सामन्यतया चारैतिर गारो/टाटी लगाई छानो हालेर पशुपन्छी राख्नका लागि व्यवस्था गरिएको तर आहारको लागि व्यवस्थित ठाउँ तथा मल, मूत्रको व्यवस्थित निकास नभएको संरचनालाई बुझ्नु पर्दछ ।

**अव्यवस्थित गोठ**

सामन्य छानो हालेर खुल्लारुपमा पशुपन्छी राख्नका लागि व्यवस्था गरिएको तर आहारको लागि ठाउँ तथा मल, मूत्रको निकास नभएको संरचनालाई बुझ्नु पर्दछ ।

## ४.१.४ भैंसी/राँगापालनसम्बन्धी विवरण

**४.१.४.१ सन्दर्भ अवधिमा वा गणनाको दिनमा कृषि चलनभित्र भैंसी/राँगापालन गर्नु भएको थियो/छ ?** (बहुउत्तर लागु हुनेछ)

यहाँ, कृषि चलनले भैंसी/राँगापालन सन्दर्भ अवधिमा वा गणनाको दिनमा गरेको अवस्था रहे नरहेको बुझ्न खोजिएको छ । यदि, सन्दर्भ अवधिमा भैंसी/राँगापालन गरिएको भए **थियो सन्दर्भ अवधिमा** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ, त्यसैगरी गणनाको दिनमा भैंसी/राँगापालन गरिएको भए **छ गणनाको दिनमा** मा चिन्ह लगाउनु पर्दछ । त्यसैगरी, भैंसी/राँगापालन सन्दर्भ अवधिमा र गणनाको दिनमासमेत गरिएको भए दुवै विकल्पमा र नगरिएको भए छैन/थिएन भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**४.१.४.२ भैंसी/राँगासम्बन्धी विवरण**

**भैंसी/राँगाको विवरण** (महल २)

यहाँ, कुन कुन उमेर समूह तथा उक्त उमेर समूह र लिङ्ग अनुसारका भैंसी/राँगाको विवरण लिने भनेर विस्तृतरुपमा खुलाईएको छ । यसपछिका विवरणहरु यसै अनुसार लिनुपर्दछ ।

**जम्मा** (महल ३)

गणनाको दिनमा कृषि-चलनमा रहेका भैंसी/राँगा, पाडा/पाडी जम्मा सङ्ख्या जम्माको महल-३ मा लेख्नुपर्दछ ।

**स्थानीय** (महल ४)

कृषि-चलनमा गणनाको दिनमा रहेका भैंसी/राँगा, पाडा/पाडीको जम्मा सङ्ख्या जम्माको महल-४ मा लेख्नुपर्दछ ।

**उन्नत** (महल ५)

कृषि-चलनमा गणनाको दिनमा रहेका भैंसी/राँगा, पाडा/पाडीको जम्मा सङ्ख्या जम्माको महल-५ मा लेख्नुपर्दछ ।

१ वर्षमुनिका साना पाडाको सङ्ख्या महल ३, ४ र ५ को पहिलो लहरमा, १ वर्षमुनिका साना को सङ्ख्या महल ३, ४ र ५ को दोस्रो लहरमा, १ वर्षदेखि ३ वर्षमुनिका पाडाको सङ्ख्या महल ३, ४ र ५ को तेस्रो लहरमा, १ वर्षदेखि ३ वर्षमुनिका पाडीहरूको सङ्ख्या महल ३, ४ र ५ को चौथो लहरमा, ३ वर्ष वा सोभन्दा माथिका राँगाको संख्या महल ३, ४ र ५ को पाँचौ लहरमा, ३ वर्ष वा सोभन्दा माथिका जम्मा भैंसीमध्ये दूध दिइरहेका भैंसीहरूको सङ्ख्या महल ३, ४ र ५ को छैटौ लहरमा लेख्नुपर्दछ र गणनाको समयमा दूध नदिने भैंसीको सङ्ख्या महल ३, ४ र ५ को सातौं लहरमा लेख्नुपर्दछ ।

**महल ३, ४ र ५ को हकमा सन्दर्भ समय गणनाको दिनलाई लिनुपर्दछ ।**

**सन्दर्भ अवधिमा जन्मेको संख्या** (महल ६)

कृषि-चलनमा सन्दर्भ वर्षमा जन्मेको पाडाको संख्या महल ६ को पहिलो लहरमा तथा पाडीको संख्या महल ६ को दोस्रो लहरमा उल्लेख गनुपर्दछ । त्यसपछिका लहरहरुमा सो प्रश्न सोध्नु पर्दैन ।

**सन्दर्भ अवधिमा मृत्यु सम्बन्धी विवरण** (महल ७)

कृषि-चलनमा सन्दर्भ वर्षमा मृत्युभएका भैंसी/राँगा, पाडा/पाडीको सङ्ख्या बुझ्न खोजिएको छ । यदि सन्दर्भ वर्षमा प्राकृतिक रुपले मृत्यु भएको भए संख्या उमेर समूहअनुसार महल ७ र प्रकोप तथा विपत्का कारणले मृत्यु भएको भए उमेर समूहअनुसार महल ८ मा लेख्नुपर्दछ ।

**सन्दर्भ अवधिमा खरिद गरिएको संख्या (महल ९)**
कृषि-चलनमा सन्दर्भ वर्षमा यदि भैंसी/राँगा, पाडा/पाडी खरिद गरिएको भए महल ९ मा उमेर समूहअनुसार क्रमशः खरिद गरिएको संख्या लेख्नुपर्दछ।

**सन्दर्भ अवधिमा बिक्री गरिएको संख्या (महल १०)**
कृषि-चलनमा सन्दर्भ वर्षमा यदि भैंसी/राँगा, पाडा/पाडी बिक्री गरिएको भए महल १० मा उमेर समूहअनुसार क्रमशः बिक्री गरिएको संख्या लेख्नुपर्दछ।

**सन्दर्भ अवधिमा अनुदान/सित्तैमा प्राप्त गरिएको संख्या (महल ११)**
कृषि-चलनमा सन्दर्भ वर्षमा यदि भैंसी/राँगा, पाडा/पाडी अनुदान/सित्तैमा प्राप्त गरिएको भए महल ११ मा उमेर समूहअनुसार क्रमशः अनुदान/सित्तैमा प्राप्त गरिएको संख्या लेख्नुपर्दछ।

**४.१.४.३ जातअनुसार भैंसीको संख्या तथा दूध उत्पादन**

**भैंसीको जात (महल ३)**
गणनाको दिनमा कृषि चलनमा रहेका निम्नानुसारका भैंसीहरुको जात स्थानीय, मुर्रा, क्रस, निलिराभी, अन्य उन्नतअनुसारको विवरण यस पछिका महलहरुमा लिनुपर्दछ।

**जातअनुसार भैंसीको संख्या (महल ४)**
गणनाको दिनमा कृषि चलनमा भएका जातअनुसार (स्थानीय, मुर्रा, क्रस, निलिराभी, अन्य उन्नत) भैंसीको संख्या महल ४ मा लेख्नुपर्दछ।

**हाल दूध दिइरहेका भैंसीको संख्या (महल ५)**
गणनाको दिनमा कृषि चलनमा दूध दिइरहेका जातअनुसार (स्थानीय, मुर्रा, क्रस, निलिराभी, अन्य उन्नत) भैंसीको संख्या महल ५ मा लेख्नुपर्दछ।

**पाडा पाडीलाई दूध चुसाउनु हुन्छ ? (महल ६)**
गणनाको दिनमा कृषि चलनमा दूध दिईरहेका जातअनुसार (स्थानीय, मुर्रा, क्रस, निलिराभी, अन्य उन्नत) भैंसीको पाडा पाडीलाई दूध चुसाउने गर्नु भएको छ छैन सोधी उपयुक्त विकल्प महल ६ मा छान्नुपर्दछ।

**प्रति चौपाया प्रति दिन औषत दूधको उत्पादन (लिटर) (महल ७)**
गणनाको दिनमा कृषि चलनमा दूध दिईरहेका जातअनुसार (स्थानीय, मुर्रा, क्रस, निलिराभी, अन्य उन्नत) एउटा भैंसीले प्रति दिन औषत कति दूध दिन्छ सोधी उत्पादन लिटरमा महल ७ मा लेख्नुपर्दछ। यहाँ दूध दिएको समयावधिलाई आधार मानेर औषत दूधको उत्पादन निकाल्नु पर्दछ।

**दुध दिने अवधि (महिना) (महल ८)**
कृषि चलनमा गणनाको दिनमा दूध दिईरहेका जातअनुसार (स्थानीय, मुर्रा, क्रस, निलिराभी, अन्य उन्नत) भैंसीले औषत कति महिना दूध दिने गरेको छ सोधी उक्त महिना महल ८ मा लेख्नुपर्दछ। यहाँ अवधि भन्नाले एक वेतमा जम्मा दूध दिने समयलाई बुझ्नुपर्दछ।

**४.१.४.४ पछिल्लो हप्तामा उत्पादित दूधको उपयोगसम्बन्धी विवरण**
सन्दर्भ वर्षमा कृषि चलनमा उत्पादित दूधको उपयोग कसरी भइरहेको थियो जान्न खोजिएको हो।
यदि, उक्त दूध आफ्नै उपभोगको लागि प्रयोग गरिएको भए आफैले कति लिटर दूध प्रयोग गऱ्यो यहाँ उल्लेख गर्नुपर्दछ।

यदि, कृषि चलनमा उत्पादित दूध बिक्री गरिएको भए कति लिटर दूध बिक्री गरिएको थियो यहाँ उल्लेख गर्नुपर्दछ ।

यदि, कृषि चलनमा उत्पादित दूध कृषि चलनमै प्रशोधन गरिएको भए कति लिटर दूध प्रशोधनको लागि प्रयोग गरिएको थियो यहाँ उल्लेख गर्नुपर्दछ ।

यदि, कृषि चलनमा उत्पादित दूध बाच्छा बाच्छीकालागि दिएको भए कति लिटर दूध दिइएको थियो यहाँ उल्लेख गर्नुपर्दछ ।

यदि, कृषि चलनमा उत्पादित दूध नोक्सान भएको भए कति लिटर दूध नोक्सान भएको थियो यहाँ उल्लेख गर्नुपर्दछ ।

यदि, कृषि चलनमा उत्पादित दूध अन्य तरिकाले प्रयोग भएको भए कति लिटर दूध अन्य प्रयोजनका लागि प्रयोग भएको थियो प्रयोजन खुलाई यहाँ उल्लेख गर्नुपर्दछ ।

**४.१.४.५ दूध बिक्री गरिएको भए, प्रति लिटर मूल्य** (रु.)

यदि, कृषि चलनमा उत्पादित दूध बिक्री गरिएको भए प्रति लिटर मूल्य कति हो सोधी यहाँ लेख्नुपर्दछ ।

**४.१.४.६ सन्दर्भ अवधिमा कृषि चलनमा मासुको लागि राँगाको बध गरिएको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनमा मासु प्रयोजनको लागि राँगाको बध गरिएको थियो थिएन सोधी गरिएको भए थियोमा र नगरिएको भए थिएनमा चिन्ह लगाउनु पर्दछ ।

**४.१.४.७ कृषि चलनमा मासुको लागि बध गरिएको राँगाको बारेमा निम्न जानकारी दिनुहोस् ।**

सन्दर्भ अवधिमा, कृषि चलनमा मासु प्रयोजनको लागि राँगाको बध गरिएको थियो भने बध गरिएको राँगाको संख्या कति थियो बध गरिएको संख्या भन्ने महलमा लेख्नुपर्दछ । साथै, उक्त बध गरिएको राँगाको बध गरेपछि जम्मा प्राप्त तौल कति थियो सोधी प्राप्त तौलमा के.जी. मा लेख्नुपर्दछ ।

**४.१.४.८ सन्दर्भ अवधिमा, राँगाको मासुको उपयोगसम्बन्धी विवरण**

सन्दर्भ वर्षमा कृषि चलनमा बध गरिएको राँगाबाट प्राप्त मासुको उपयोग कसरी भएको थियो जान्न खोजिएको हो ।

यदि, उक्त मासु आफैले उपभोग गरेको भए आफैले कति परिमाण उपभोग गर्‍यो यहाँ के.जी.मा उल्लेख गर्नुपर्दछ ।

यदि, उक्त मासु आफैले मात्र उपभोग नगरि बिक्री गरेको भए कति परिमाण बिक्री गर्‍यो यहाँ के.जी. मा उल्लेख गर्नुपर्दछ ।

यदि, उक्त बध गरिएको मासु सेवा वा साधन प्रदायकहरुलाई दिएको भए कति परिमाण दियो यहाँ के.जी.मा उल्लेख गर्नुपर्दछ ।

यदि, उक्त बध गरिएको मासु कुनै प्रकोपका कारणले भण्डारण गर्दा खेर गएको भए कति परिमाण खेर गयो सोधी यहाँ के.जी.मा उल्लेख गर्नुपर्दछ ।

**४.१.४.९ मासु बिक्री गरिएको भए, प्रति के.जी. मूल्य** (रु.)

यदि, कृषि चलनमा उत्पादित मासु बिक्री गरिएको भए प्रति **के.जी.** मूल्य कति हो सोधी यहाँ लेख्नुपर्दछ ।

**४.१.४.१०सन्दर्भ अवधिमा, भैंसीको दूध तथा मासुका लागि बजार सम्झौता गरिएको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनमा उत्पादित दूध तथा मासु विक्रीको लागि बजार सम्झौता गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

**४.१.४.११ सन्दर्भ अवधिमा, दूध तथा मासुको लागि गरिएको बजार सम्झौताले कति प्रतिशत उत्पादनलाई समेटेको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनमा उत्पादित दूध तथा मासु बिक्रीको लागि बजार सम्झौता गरिएको थियो भने उक्त सम्झौताले कति प्रतिशत उत्पादनलाई समेटेको थियो सोधी यहाँ लेख्नुपर्दछ ।

**४.१.४.१२ सन्दर्भ अवधिमा, जोत्न वा यातायातको लागि प्रयोग गरिएका राँगाहरुको संख्या**

सन्दर्भ अवधिमा, कृषि चलनले जोत्न वा यातायातको प्रयोजनकालागि राँगाहरु प्रयोग गरिएको भए उक्त प्रयोग गरिएको संख्या यहाँ उल्लेख गर्नुपर्दछ ।

**४.१.४.१३ सन्दर्भ अवधिमा भैंसी/राँगाका लागि मुख्य आहाराको व्यवस्थापन कसरी गर्नुभएको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनले भैंसी/राँगाका लागि मुख्य आहाराको व्यवस्थापन यी चार विकल्पहरुः चरन मात्र, मुख्य घास पराल केही दाना, मुख्य दाना केही घास पराल वा दाना मात्र मध्ये कुन तरिकाले गरेको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**४.१.४.१४ सन्दर्भ अवधिमा प्रयोग गरिएको आहारा को स्रोत के के थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनले भैंसी/राँगाका लागि व्यवस्थापन गरिएको मुख्य आहाराको स्रोतहरु चलनको उत्पादन साझा चउर, खरिद गरिएको, साटासाट गरिएको मध्ये के के थियो सोधी उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ ।

**४.१.४.१५ सन्दर्भ अवधिमा, कृषि चलनमा भएको भैंसी/राँगाको लागि व्यवस्था गरिएको गोठ कुन किसिमको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनमा भएको भैंसी/राँगाको लागि व्यवस्था गरिएको गोठ व्यवस्थित, अर्धव्यवस्थित, अव्यवस्थित मध्ये कुन प्रकारको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**व्यवस्थित गोठ**

सामन्यतया चारैतिर गारो/टाटी लगाई छानो हालेर पशुपन्छी राख्नका लागि व्यवस्था गरिएको हावा खेल्ने, आहारको लागि व्यवस्थित ठाउँ भएको तथा मल, मूत्रको व्यवस्थित निकास हुने गरि बनाईएको संरचनालाई बुझ्नु पर्दछ ।

**अर्धव्यवस्थित गोठ**

सामन्यतया चारैतिर गारो/टाटी लगाई छानो हालेर पशुपन्छी राख्नका लागि व्यवस्था गरिएको तर आहारको लागि व्यवस्थित ठाउँ तथा मल, मूत्रको व्यवस्थित निकास नभएको संरचनालाई बुझ्नु पर्दछ ।

**अव्यवस्थित गोठ**

सामन्य छानो हालेर खुल्लारुपमा पशुपन्छी राख्नका लागि व्यवस्था गरिएको तर आहारको लागि ठाउँ तथा मल, मूत्रको निकास नभएको संरचनालाई बुझ्नु पर्दछ ।

## ४.१.५ भेडापालन

**४.१.५.१ सन्दर्भ अवधि वा गणनाको दिनमा कृषि चलनमा भेडापालन गर्नु भएको थियो/छ ?**

यहाँ, कृषि चलनले सन्दर्भ अवधिमा वा गणनाको दिनमा भेडापालन गरेको अवस्था रहे नरहेको बुझ्न खोजिएको छ । यदि, सन्दर्भ अवधिमा भेडापालन गरिएको भए **थियो सन्दर्भ अवधिमा** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ, त्यसैगरी गणनाको दिनमा भेडापालन गरिएको भए **छ गणनाको दिनमा** मा चिन्ह लगाउनु पर्दछ । त्यसैगरी, भेडापालन सन्दर्भ अवधिमा र गणनाको दिनमा समेत गरिएको भए दुवै विकल्पमा र नगरिएको भए छैन/थिएन भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

### ४.१.५.२ भेडापालनसम्बन्धी विवरण

**जम्मा (महल ३)**
गणनाको दिनमा कृषि-चलनमा रहेका भेडा/भेडी तथा पाठा/पाठीको जम्मा सङ्ख्या जम्माको महल-३ मा लेख्नुपर्दछ ।

**स्थानीय (महल ४)**
कृषि-चलनमा गणनाको दिनमा रहेका भेडा/भेडी तथा पाठा/पाठीको जम्मा सङ्ख्या जम्माको महल-४ मा लेख्नुपर्दछ ।

**उन्नत (महल ५)**
कृषि-चलनमा गणनाको दिनमा रहेका भेडा/भेडी तथा पाठा/पाठीका जम्मा सङ्ख्या जम्माको महल-५ मा लेख्नुपर्दछ ।

६ महिना मुनिका साना पाठाको सङ्ख्या महल ३, ४ र ५ को पहिलो लहरमा, ६ महिना मुनिका साना पाठीको सङ्ख्या महल ३, ४ र ५ को दोस्रो लहरमा, ६ महिनामाथिको भेडाको सङ्ख्या महल ३, ४ र ५ को तेस्रो लहरमा, ६ महिनामाथिको भेडीको सङ्ख्या महल २, ३ र ४ को चौथो लहरमा लेख्नुपर्दछ । **महल ३, ४ र ५ को हकमा सन्दर्भ समय गणनाको दिनलाई लिनुपर्दछ ।**

**सन्दर्भ अवधिमा जन्मेको संख्या**
कृषि-चलनमा सन्दर्भ वर्षमा जन्मेको ६ महिना मुनिका पाठाको संख्या महल ५ को पहिलो लहरमा तथा ६ महिना मुनिका पाठीको संख्या महल ५ को दोस्रो लहरमा, ६ महिना माथिका भेडाको संख्या महल ५ को तेस्रो लहरमा तथा ६ महिना माथिका भेडीको संख्या महल ५ को चौथो लहरमा उल्लेख गनुपर्दछ ।

**सन्दर्भ अवधिमा मृत्युसम्बन्धी विवरण**
कृषि-चलनमा सन्दर्भ वर्षमा मृत्युभएका भेडा/भेडी तथा पाठा/पाठीको सङ्ख्या बुझ्न खोजिएको छ ।
यदि सन्दर्भ वर्षमा प्राकृतिक रुपले मृत्यु भएको भए संख्या उमेर समूहअनुसार महल ६ र प्रकोप तथा विपत्का कारणले मृत्यु भएको भए उमेर समूहअनुसार महल ७ मा लेख्नुपर्दछ ।

**सन्दर्भ अवधिमा खरिद गरिएको संख्या**
कृषि-चलनमा सन्दर्भ वर्षमा यदि भेडा/भेडी तथा पाठा/पाठीको खरिद गरिएको भए महल ८ मा उमेर समूहअनुसार क्रमशः खरिद गरिएको संख्या लेख्नुपर्दछ ।

**सन्दर्भ अवधिमा बिक्री गरिएको संख्या**
कृषि-चलनमा सन्दर्भ वर्षमा यदि भेडा/भेडी तथा पाठा/पाठी बिक्री गरिएको भए महल ९ मा उमेर समूहअनुसार क्रमशः बिक्री गरिएको संख्या लेख्नुपर्दछ ।

**सन्दर्भ अवधिमा अनुदान/सित्तैमा प्राप्त गरिएको संख्या**
कृषि-चलनमा सन्दर्भ वर्षमा यदि भेडा/भेडी तथा पाठा/पाठी अनुदान/सित्तैमा प्राप्त गरिएको भए महल १० मा उमेर समूहअनुसार क्रमशः अनुदान/सित्तैमा प्राप्त गरिएको संख्या लेख्नुपर्दछ ।

### ४.१.५.३ सन्दर्भ अवधिमा कृषि चलनमा मासुको लागि भेडाको बध गरिएको थियो ?
सन्दर्भ अवधिमा, कृषि चलनमा मासु प्रयोजनको लागि भेडाको बध गरिएको थियो थिएन सोधी गरिएको भए थियोमा र नगरिएको भए थिएनमा चिन्ह लगाउनु पर्दछ ।

**४.१.५.४ कृषि चलनमा मासुको लागि बध गरिएको भेडाको बारेमा निम्न जानकारी दिनुहोस् ।**

सन्दर्भ अवधिमा, कृषि चलनमा मासु प्रयोजनको लागि भेडाको बध गरिएको थियो भने बध गरिएको भेडाको संख्या कति थियो बध गरिएको संख्यामा लेख्नुपर्दछ । साथै, उक्त बध गरिएको भेडाको बध गरेपछि जम्मा प्राप्त तौल कति थियो सोधी प्राप्त तौलमा के.जी. मा लेख्नुपर्दछ ।

**४.१.५.५ सन्दर्भ अवधिमा, भेडाको मासुको उपयोगसम्बन्धी विवरण**

सन्दर्भ वर्षमा कृषि चलनमा बध गरिएको भेडाबाट प्राप्त मासुको उपयोग कसरी भएको थियो जान्न खोजिएको हो ।

यदि, उक्त मासु आफैले उपभोग गरेको भए आफैले कति परिमाण उपभोग गर्‍यो यहाँ के.जी.मा उल्लेख गर्नुपर्दछ ।

यदि, उक्त मासु आफैले मात्र उपभोग नगरि बिक्री गरेको भए कति परिमाण बिक्री गर्‍यो यहाँ के.जी.मा उल्लेख गर्नुपर्दछ ।

**४.१.५.६ मासु विक्री गरिएको भए, प्रति के.जी. मूल्य** (रु.)

यदि, कृषि चलनमा उत्पादित मासु बिक्री गरिएको भए प्रति एकाइ मूल्य कति हो सोधी यहाँ लेख्नुपर्दछ ।

**४.१.५.७ सन्दर्भ अवधिमा, भेडाको ऊन सम्बन्धी विवरण**

सन्दर्भ वर्षमा कृषि चलनमा भएको भेडाबाट प्राप्त ऊनको उपयोग कसरी भएको थियो जान्न खोजिएको हो ।

सन्दर्भ वर्षमा उत्पादन भएको भेडाबाट उत्पादित कच्चा ऊनको परिमाण कति हो सोधी यहाँ के.जी.मा उल्लेख गर्नुपर्दछ ।

यदि, उक्त ऊन बिक्री गरिएको भए विक्री गरिएको परिमाण यहाँ के.जी.मा उल्लेख गर्नुपर्दछ ।

यदि, उक्त ऊन भण्डारणका बेलामा कुनै प्रकोपका कारणले खेर गएको भए परिमाण (के.जी.) मा उल्लेख गर्नुपर्दछ ।

**४.१.५.८ ऊन विक्री गरिएको भए, प्रति के.जी. मूल्य** (रु.)

यदि, कृषि चलनमा उत्पादित ऊन बिक्री गरिएको भए प्रति एकाई मूल्य कति हो सोधी यहाँ लेख्नुपर्दछ ।

**४.१.५.९ सन्दर्भ अवधिमा भेडाको ऊन तथा मासुका लागि बजार सम्झौता गरिएको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनमा उत्पादित ऊन तथा मासु विक्रीको लागि बजार सम्झौता गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

**४.१.५.१० सन्दर्भ अवधिमा मासु तथा ऊनको लागि गरिएको बजार सम्झौताले कति प्रतिशत उत्पादनलाई समेटद्छ ?**

सन्दर्भ अवधिमा, कृषि चलनमा उत्पादित ऊन तथा मासु विक्रीको लागि बजार सम्झौता गरिएको थियो भने उक्त सम्झौताले कति प्रतिशत उत्पादनलाई समेटेको थियो सोधी यहाँ लेख्नुपर्दछ ।

**४.१.५.११ सन्दर्भ अवधिमा भेडाको लागि आहाराको व्यवस्थापन कसरी गर्नु भएको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनले भेडाका लागि मुख्य आहाराको व्यवस्थापन यी चार विकल्पहरुः चरन मात्र, मुख्य घास पराल केही दाना, मुख्य दाना केही घास पराल वा दाना मात्र मध्ये कुन तरिकाले गरेको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**४.१.५.१२ सन्दर्भ अवधिमा प्रयोग गरिएको आहाराको स्रोत के के थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनले भेडाको लागि व्यवस्थापन गरिएको मुख्य आहाराको स्रोतहरु चलनको उत्पादन साझा चउर, खरिद गरिएको, साटासाट गरिएको मध्ये के के थियो सोधी उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ ।

**४.१.५.१३ सन्दर्भ अवधिमा, कृषि चलनमा भएको पाठा/पाठीका लागि व्यवस्था गरिएको खोर कुन किसिमको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनमा भएको पाठापाठीको लागि व्यवस्था गरिएको खोर व्यवस्थित खोर, अर्धव्यवस्थित खोर र अव्यवस्थित खोरमध्ये कुन प्रकारको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**व्यवस्थित खोर**

सामन्यतया चारैतिर गारो/टाटी लगाई छानो हालेर पाठा/पाठी राख्नका लागि व्यवस्था गरिएको हावा खेल्ने, आहारको लागि व्यवस्थित ठाउँ भएको तथा मल, मूत्रको व्यवस्थित निकास हुने गरि बनाईएको संरचनालाई बुझ्नु पर्दछ ।

**अर्धव्यवस्थित खोर**

सामन्यतया चारैतिर गारो/टाटी लगाई छानो हालेर पाठा/पाठी राख्नका लागि व्यवस्था गरिएको तर आहारको लागि व्यवस्थित ठाउँ तथा मल, मूत्रको व्यवस्थित निकास नभएको संरचनालाई बुझ्नु पर्दछ ।

**अव्यवस्थित खोर**

सामन्य छानो हालेर खुल्लारुपमा पाठा/पाठी राख्नका लागि व्यवस्था गरिएको तर आहारको लागि ठाउँ तथा मल, मूत्रको निकास नभएको संरचनालाई बुझ्नु पर्दछ ।

## ४.१.६ बाखा/च्याङ्ग्रापालन

**४.१.६.१ सन्दर्भ अवधि वा गणनाको दिनमा कृषि चलनमा बाखा/च्याङ्ग्रापालन गर्नु भएको थियो/छ ?**

यहाँ, कृषि चलनले सन्दर्भ अवधिमा वा गणनाको दिनमा भेडापालन गरेको अवस्था रहे नरहेको बुझ्न खोजिएको छ । यदि, सन्दर्भ अवधिमा बाखा/च्याङ्गापालन गरिएको भए थियो सन्दर्भ अवधिमा भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ, त्यसैगरी गणनाको दिनमा बाखा/च्याङ्गापालन गरिएको भए छ गणनाको दिनमा मा चिन्ह लगाउनु पर्दछ । त्यसैगरी, बाखा/च्याङ्गापालन सन्दर्भ अवधिमा र गणनाको दिनमा समेत गरिएको भए दुवै विकल्पमा र नगरिएको भए छैन/थिएन भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**४.१.६.२ बाखा/च्याङ्ग्रापालनसम्बन्धी विवरण**

**जम्मा (महल ३)**

गणनाको दिनमा कृषि-चलनमा रहेका बाखा/च्याङ्ग्रा, पाठा/पाठीको जम्मा सङ्ख्या जम्माको महल-३ मा लेख्नुपर्दछ ।

**स्थानीय (महल ४)**

कृषि-चलनमा गणनाको दिनमा रहेका बाखा/च्याङ्ग्रा, पाठा/पाठीको जम्मा सङ्ख्या जम्माको महल-४ मा लेख्नुपर्दछ ।

**उन्नत (महल ५)**

कृषि-चलनमा गणनाको दिनमा रहेका बाखा/च्याङ्ग्रा, पाठा/पाठीको जम्मा सङ्ख्या जम्माको महल-५ मा लेख्नुपर्दछ ।

६ महिना मुनिका साना पाठाको सङ्ख्या महल ३, ४ र ५ को पहिलो लहरमा, ६ महिना मुनिका साना पाठीको सङ्ख्या महल २, ३ र ४ को दोस्रो लहरमा, ६ महिनामाथिको खसी बोकाको सङ्ख्या महल २, ३ र ४ को तेस्रो लहरमा, ६ महिनामाथिको बाखाको सङ्ख्या महल ३, ४ र ५ को चौथो लहरमा लेख्नुपर्दछ।
**महल ३, ४ र ५ को हकमा सन्दर्भ समय गणनाको दिनलाई लिनुपर्दछ।**

**सन्दर्भ अवधिमा जन्मेको संख्या**
कृषि-चलनमा सन्दर्भ वर्षमा जन्मेको ६ महिना मुनिका पाठाको संख्या महल ५ को पहिलो लहरमा तथा ६ महिना मुनिका पाठीको संख्या महल ५ को दोस्रो लहरमा, ६ महिना माथिका खसी बोकाको संख्या महल ५ को तेस्रो लहरमा तथा ६ महिना माथिका बाखाको संख्या महल ५ को चौथो लहरमा उल्लेख गनुपर्दछ।

**सन्दर्भ अवधिमा मृत्युसम्बन्धी विवरण**
कृषि-चलनमा सन्दर्भ वर्षमा मृत्युभएका खसी/बोका/बाखा/च्याङ्ग्रा तथा पाठा/पाठीको सङ्ख्या बुझ्न खोजिएको छ।
यदि सन्दर्भ वर्षमा प्राकृतिक रुपले मृत्यु भएको भए संख्या उमेर समूहअनुसार महल ६ र प्रकोप तथा विपत्का कारणले मृत्यु भएको भए उमेर समूहअनुसार महल ७ मा लेख्नुपर्दछ।

**सन्दर्भ अवधिमा खरिद गरिएको संख्या**
कृषि-चलनमा सन्दर्भ वर्षमा यदि खसी/बोका/बाखा/च्याङ्ग्रा तथा पाठा/पाठीको खरिद गरिएको भए महल ८ मा उमेर समूहअनुसार क्रमशः खरिद गरिएको संख्या लेख्नुपर्दछ।

**सन्दर्भ अवधिमा बिक्री गरिएको संख्या**
कृषि-चलनमा सन्दर्भ वर्षमा यदि खसी/बोका/बाखा/च्याङ्ग्रा तथा पाठा/पाठी बिक्री गरिएको भए महल ९ मा उमेर समूहअनुसार क्रमशः बिक्री गरिएको संख्या लेख्नुपर्दछ।
**सन्दर्भ अवधिमा अनुदान/सित्तैमा प्राप्त गरिएको संख्या**
कृषि-चलनमा सन्दर्भ वर्षमा यदि खसी/बोका/बाखा/च्याङ्ग्रा तथा पाठा/पाठी अनुदान/सित्तैमा प्राप्त गरिएको भए महल १० मा उमेर समूहअनुसार क्रमशः अनुदान/सित्तैमा प्राप्त गरिएको संख्या लेख्नुपर्दछ।

**४.१.६.३ सन्दर्भ अवधिमा कृषि चलनमा मासुको लागि भेडाको बध गरिएको थियो ?**
सन्दर्भ अवधिमा, कृषि चलनमा मासु प्रयोजनको लागि खसी/बोकाको बध गरिएको थियो थिएन सोधी गरिएको भए थियोमा र नगरिएको भए थिएनमा चिन्ह लगाउनु पर्दछ।

**४.१.६.४ कृषि चलनमा मासुको लागि बध गरिएको भेडाको बारेमा निम्न जानकारी दिनुहोस्।**
सन्दर्भ अवधिमा, कृषि चलनमा मासु प्रयोजनको लागि खसी/बोकाको बध गरिएको थियो भने बध गरिएको खसी/बोकाको संख्या कति थियो बध गरिएको संख्यामा लेख्नुपर्दछ। साथै, उक्त बध गरिएको खसी/बोकाको बध गरेपछि जम्मा प्राप्त तौल कति थियो सोधी प्राप्त तौलमा के.जी. मा लेख्नुपर्दछ।

**४.१.६.५ सन्दर्भ अवधिमा, खसी/बोकाको मासुको उपयोगसम्बन्धी विवरण**
सन्दर्भ वर्षमा कृषि चलनमा बध गरिएका खसी/बोकाबाट प्राप्त मासुको उपयोग कसरी भएको थियो जान्न खोजिएको हो।
यदि, उक्त मासु आफैले उपभोग गरेको भए आफैले कति परिमाण उपभोग गर्‍यो यहाँ के.जी.मा उल्लेख गर्नुपर्दछ।
यदि, उक्त मासु आफैले मात्र उपभोग नगरि बिक्री गरेको भए कति परिमाण बिक्री गर्‍यो यहाँ के.जी.मा उल्लेख गर्नुपर्दछ।

यदि, उक्त मासु सेवा वा साधन प्रदायकहरुलाई दिएको भए कति परिमाण दिएको हो यहाँ के.जी.मा उल्लेख गर्नुपर्दछ ।

यदि, उक्त मासु कुनै प्रकोपका कारणले भण्डारण गर्दा खेर गएको भए कति परिमाण खेर गएको हो यहाँ के.जी.मा उल्लेख गर्नुपर्दछ ।

**४.१.६.६ मासु विक्री गरिएको भए, प्रति के.जी. मूल्य (रु.)**

यदि, कृषि चलनमा उत्पादित मासु बिक्री गरिएको भए प्रति एकाई मूल्य कति हो सोधी यहाँ लेख्नुपर्दछ ।

**४.१.६.७ सन्दर्भ अवधिमा, खसी/बोका/च्याङ्ग्राको मासुका लागि बजार सम्झौता गरिएको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनमा उत्पादित मासु विक्रीको लागि बजार सम्झौता गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

**४.१.६.८ सन्दर्भ अवधिमा, मासु लागि गरिएको बजार सम्झौताले कति प्रतिशत उत्पादनलाई समेटेको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनमा उत्पादित मासु विक्रीको लागि बजार सम्झौता गरिएको थियो भने उक्त सम्झौताले कति प्रतिशत उत्पादनलाई समेटेको थियो सोधी यहाँ लेख्नुपर्दछ ।

**४.१.६.९ सन्दर्भ अवधिमा बाखा/च्याङ्ग्राको लागि आहाराको व्यवस्थापन कसरी गर्नु भएको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनले बाखा/च्याङ्ग्राको लागि मुख्य आहाराको व्यवस्थापन यी चार विकल्पहरुः चरन मात्र, मुख्य घाँस पराल केही दाना, मुख्य दाना केही घाँस पराल वा दाना मात्र मध्ये कुन तरिकाले गरेको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**४.१.६.१० सन्दर्भ अवधिमा प्रयोग गरिएको आहाराको स्रोत के के थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनले बाखा/च्याङ्ग्राको लागि व्यवस्थापन गरिएको मुख्य आहाराको स्रोतहरु चलनको उत्पादन साझा चउर, खरिद गरिएको, साटासाट गरिएको मध्ये के के थियो सोधी उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ ।

**४.१.६.११ सन्दर्भ अवधिमा, कृषि चलनमा भएको पाठापाठीका लागि व्यवस्था गरिएको खोर कुन किसिमको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनमा भएको पाठापाठीको लागि व्यवस्था गरिएको खोर व्यवस्थित खोर, अर्धव्यवस्थित खोर र अव्यवस्थित खोरमध्ये कुन प्रकारको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**व्यवस्थित खोर**

सामन्यतया चारैतिर गारो/टाटी लगाई छानो हालेर पाठा/पाठी राख्नका लागि व्यवस्था गरिएको हावा खेल्ने, आहारको लागि व्यवस्थित ठाउँ भएको तथा मल, मूत्रको व्यवस्थित निकास हुने गरि बनाईएको संरचनालाई बुझ्नु पर्दछ ।

**अर्धव्यवस्थित खोर**

सामन्यतया चारैतिर गारो/टाटी लगाई छानो हालेर पाठा/पाठी राख्नका लागि व्यवस्था गरिएको तर आहारको लागि व्यवस्थित ठाउँ तथा मल, मूत्रको व्यवस्थित निकास नभएको संरचनालाई बुझ्नु पर्दछ ।

**अव्यवस्थित खोर**

सामान्य छानो हालेर खुल्लारुपमा पाठा/पाठी राख्नका लागि व्यवस्था गरिएको तर आहारको लागि ठाउँ तथा मल, मूत्रको निकास नभएको संरचनालाई बुझ्नु पर्दछ ।

**४.१.६.१२ सन्दर्भ अवधिमा, कृषि चलनमा भएको प्रजनन योग्य बोकाका लागि छुट्टै खोरको व्यवस्था गरिएको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनले प्रजनन योग्य बोकाको लागि छुट्टै खोरको व्यवस्था गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

## ४.१.७ सुँगुर/बंगुर

४.१.७.१ यहाँ, कृषि चलनले सन्दर्भ अवधिमा वा गणनाको दिनमा भेडापालन गरेको अवस्था रहे नरहेको बुझ्न खोजिएको छ । यदि, सन्दर्भ अवधिमा सुँगुर/बंगुरपालन गरिएको भए थियो सन्दर्भ अवधिमा भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ, त्यसैगरी गणनाको दिनमा सुँगुर/बंगुरपालन गरिएको भए छ गणनाको दिनमा मा चिन्ह लगाउनु पर्दछ । त्यसैगरी, सुँगुर/बंगुरपालन सन्दर्भ अवधिमा र गणनाको दिनमा समेत गरिएको भए दुवै विकल्पमा र नगरिएको भए छैन/थिएन भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

४.१.७.२ **सुँगुर/बंगुर सम्बन्धी विवरण**

**जम्मा (महल ३)**

गणनाको दिनमा कृषि-चलनमा रहेका बाखा/च्याङ्ग्रा, पाठा/पाठीको जम्मा सङ्ख्या जम्माको महल-३ मा लेख्नुपर्दछ ।

**स्थानीय (महल ४)**

कृषि-चलनमा गणनाको दिनमा रहेका बाखा/च्याङ्ग्रा, पाठा/पाठीको जम्मा सङ्ख्या जम्माको महल-४ मा लेख्नुपर्दछ ।

**उन्नत (महल ५)**

कृषि-चलनमा गणनाको दिनमा रहेका बाखा/च्याङ्ग्रा, पाठा/पाठीको जम्मा सङ्ख्या जम्माको महल-५ मा लेख्नुपर्दछ ।

६ महिना मुनिका पाठा/पाठीको सङ्ख्या महल ३, ४ र ५ को पहिलो लहरमा, ६ महिनामाथिको पाठा/पाठीको सङ्ख्या महल ३, ४ र ५ को दोस्रो लहरमा लेख्नुपर्दछ ।

**महल ३, ४ र ५ को हकमा सन्दर्भ समय गणनाको दिनलाई लिनुपर्दछ ।**

**सन्दर्भ अवधिमा जन्मेको संख्या**

कृषि-चलनमा सन्दर्भ वर्षमा जन्मेको ६ महिना मुनिका पाठा/पाठीको सङ्ख्या महल ५ को पहिलो लहरमा तथा ६ महिना माथिका पाठा/पाठीको संख्या महल ५ को दोस्रो लहरमा उल्लेख गनुपर्दछ ।

**सन्दर्भ अवधिमा मृत्युसम्बन्धी विवरण**

कृषि-चलनमा सन्दर्भ वर्षमा मृत्युभएका सुँगुर/बंगुर, पाठा/पाठीको सङ्ख्या बुझ्न खोजिएको छ ।

यदि सन्दर्भ वर्षमा प्राकृतिक रुपले मृत्यु भएको भए संख्या उमेर समूहअनुसार महल ६ र प्रकोप तथा विपत्का कारणले मृत्यु भएको भए उमेर समूहअनुसार महल ७ मा लेख्नुपर्दछ ।

**सन्दर्भ अवधिमा खरिद गरिएको संख्या**

कृषि-चलनमा सन्दर्भ वर्षमा यदि सुँगुर/बंगुर, पाठा/पाठीको खरिद गरिएको भए महल ८ मा उमेर समूहअनुसार क्रमशः खरिद गरिएको संख्या लेख्नुपर्दछ ।

**सन्दर्भ अवधिमा बिक्री गरिएको संख्या**

कृषि-चलनमा सन्दर्भ वर्षमा यदि सुँगुर/बंगुर, पाठा/पाठीको बिक्री गरिएको भए महल ९ मा उमेर समूहअनुसार क्रमशः बिक्री गरिएको संख्या लेख्नुपर्दछ ।

**सन्दर्भ अवधिमा अनुदान/सित्तैमा प्राप्त गरिएको संख्या**

कृषि-चलनमा सन्दर्भ वर्षमा यदि सुँगुर/बंगुर, पाठा/पाठी अनुदान/सित्तैमा प्राप्त गरिएको भए महल १० मा उमेर समूहअनुसार क्रमशः अनुदान/सित्तैमा प्राप्त गरिएको संख्या लेख्नुपर्दछ।

**४.१.७.३ सन्दर्भ अवधिमा कृषि चलनमा मासुको लागि सुँगुर/बंगुरको बध गरिएको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनमा मासु प्रयोजनको लागि सुँगुर/बंगुरको बध गरिएको थियो थिएन सोधी गरिएको भए थियोमा र नगरिएको भए थिएनमा चिन्ह लगाउनु पर्दछ।

**४.१.७.४ कृषि चलनमा मासुको लागि बध गरिएको सुँगुर/बंगुरको बारेमा निम्न जानकारी दिनुहोस्।**

सन्दर्भ अवधिमा, कृषि चलनमा मासु प्रयोजनको लागि सुँगुर/बंगुरको बध गरिएको थियो भने बध गरिएको सुँगुर/बंगुरको संख्या कति थियो बध गरिएको संख्यामा लेख्नुपर्दछ। साथै, उक्त सुँगुर/बंगुरको बध गरेपछि जम्मा प्राप्त तौल कति थियो सोधी प्राप्त तौलमा के.जी. मा लेख्नुपर्दछ।

**४.१.७.५ सन्दर्भ अवधिमा, सुँगुर/बंगुरको मासुको उपयोगसम्बन्धी विवरण**

सन्दर्भ वर्षमा कृषि चलनमा बध गरिएका सुँगुर/बंगुरबाट प्राप्त मासुको उपयोग कसरी भएको थियो जान्न खोजिएको हो।

यदि, उक्त मासु आफैले उपभोग गरेको भए आफैले कति परिमाण उपभोग गर्‍यो यहाँ के.जी.मा उल्लेख गर्नुपर्दछ।

यदि, उक्त मासु आफैले मात्र उपभोग नगरि बिक्री गरेको भए कति परिमाण बिक्री गर्‍यो यहाँ के.जी.मा उल्लेख गर्नुपर्दछ।

यदि, उक्त मासु सेवा वा साधन प्रदायकहरुलाई दिएको भए कति परिमाण दिएको हो यहाँ के.जी.मा उल्लेख गर्नुपर्दछ।

यदि, उक्त मासु कुनै प्रकोपका कारणले भण्डारण गर्दा खेर गएको भए कति परिमाण खेर गएको हो यहाँ के.जी.मा उल्लेख गर्नुपर्दछ।

**४.१.७.६ मासु बिक्री गरिएको भए, प्रति के.जी. मूल्य** (रु.)

यदि, कृषि चलनमा उत्पादित मासु बिक्री गरिएको भए प्रति एकाई मूल्य कति हो सोधी यहाँ लेख्नुपर्दछ।

**४.१.७.७ सन्दर्भ अवधिमा, सुँगुर/बंगुरको मासुका लागि बजार सम्झौता गरिएको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनमा उत्पादित मासु बिक्रीको लागि बजार सम्झौता गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनुपर्दछ।

**४.१.७.८ सन्दर्भ अवधिमा, मासु लागि गरिएको बजार सम्झौताले कति प्रतिशत उत्पादनलाई समेटेको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनमा उत्पादित मासु बिक्रीको लागि बजार सम्झौता गरिएको थियो भने उक्त सम्झौताले कति प्रतिशत उत्पादनलाई समेटेको थियो सोधी यहाँ लेख्नुपर्दछ।

**४.१.७.९ सन्दर्भ अवधिमा सुँगुर/बंगुरको लागि आहाराको व्यवस्थापन कसरी गर्नु भएको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनले सुँगुर/बंगुरको लागि मुख्य आहाराको व्यवस्थापन यी चार विकल्पहरुः दाना तथा भुस, वाली तथा उद्योगका सह-उत्पादन, घरपरिवारबाट निस्केको रहलपहल वा मुख्य चरन सहित दाना मध्ये कुन तरिकाले गरेको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ।

**४.१.७.१० सन्दर्भ अवधिमा प्रयोग गरिएको आहाराको स्रोत के के थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनले बाखा/च्याङ्ग्राको लागि व्यवस्थापन गरिएको मुख्य आहाराको स्रोतहरु चलनको उत्पादन

साझा चउर, खरिद गरिएको, साटासाट गरिएको मध्ये के के थियो सोधी उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ ।

**४.१.७.११ सन्दर्भ अवधिमा, कृषि चलनमा भएको पाठापाठीका लागि व्यवस्था गरिएको खोर कुन किसिमको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनमा भएको पाठापाठीको लागि व्यवस्था गरिएको खोर व्यवस्थित खोर, अर्धव्यवस्थित खोर र अव्यवस्थित खोरमध्ये कुन प्रकारको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**व्यवस्थित खोर**

सामन्यतया चारैतिर गारो/टाटी लगाई छानो हालेर पाठा/पाठी राख्नका लागि व्यवस्था गरिएको हावा खेल्ने, आहारको लागि व्यवस्थित ठाउँ भएको तथा मल, मूत्रको व्यवस्थित निकास हुने गरि बनाईएको संरचनालाई बुझ्नु पर्दछ ।

**अर्धव्यवस्थित खोर**

सामन्यतया चारैतिर गारो/टाटी लगाई छानो हालेर पाठा/पाठी राख्नका लागि व्यवस्था गरिएको तर आहारको लागि व्यवस्थित ठाउँ तथा मल, मूत्रको व्यवस्थित निकास नभएको संरचनालाई बुझ्नु पर्दछ ।

**अव्यवस्थित खोर**

सामन्य छानो हालेर खुल्लारुपमा पाठा/पाठी राख्नका लागि व्यवस्था गरिएको तर आहारको लागि ठाउँ तथा मल, मूत्रको निकास नभएको संरचनालाई बुझ्नु पर्दछ ।

## भाग ४.२ पन्छीसम्बन्धी विवरण

### ४.२.१ सन्दर्भ अवधि वा गणनाको दिनमा कृषि चलनमा पन्छीपालन गर्नु भएको थियो/छ ?

यहाँ, कृषि चलनले सन्दर्भ अवधिमा वा गणनाको दिनमा भेडापालन गरेको अवस्था रहे नरहेको बुझ्न खोजिएको छ । यदि, सन्दर्भ अवधिमा पन्छीपालन गरिएको भए थियो सन्दर्भ अवधिमा भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ, त्यसैगरी गणनाको दिनमा पन्छीपालन गरिएको भए छ गणनाको दिनमा मा चिन्ह लगाउनु पर्दछ । त्यसैगरी, पन्छीपालन सन्दर्भ अवधिमा र गणनाको दिनमा समेत गरिएको भए दुवै विकल्पमा र नगरिएको भए छैन/थिएन भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**४.२.२ पन्छीहरुको संख्यासम्बन्धी विवरण**

सन्दर्भ अवधिमा, कृषि चलनभित्र पन्छीपालन गरिएको भए पन्छीहरुको संख्यासम्बन्धी विवरण यहाँ भर्नुपर्दछ ।

**गणनाको दिनमा**

**गणनाको दिनमा** कृषि चलनभित्र पन्छीपालन गरिएको भए पन्छीहरुको संख्या पन्छीको जात (ब्रोइलर, लेयर्स, गिरिराज, स्थानीय, हाँस, अन्य) अनुसार महल ३ मा लेख्नुपर्दछ ।

**सन्दर्भ वर्षमा**

**सन्दर्भ वर्षमा** कृषि चलनभित्र पन्छीपालन गरिएको भए पन्छीहरुको संख्या पन्छीको जात (ब्रोइलर, लेयर्स, गिरिराज, स्थानीय, हाँस, अन्य) अनुसार महल ४ मा लेख्नुपर्दछ ।

**सन्दर्भ अवधिमा जन्मेको संख्या**
कृषि चलनभित्र पन्छीपालन गरिएको भए सन्दर्भ वर्षमा जन्मेका पन्छीहरुको संख्या पन्छीको जात (ब्रोइलर, लेयर्स, गिरिराज, स्थानीय, हाँस, अन्य) अनुसार महल ५ मा लेख्नुपर्दछ ।

**सन्दर्भ अवधिमा प्राकृतिकरुपले मृत्यु भएको संख्या**
सन्दर्भ वर्षमा कृषि चलनभित्र भएका पन्छीहरु प्राकृतिकरुपले मृत्यु भएको भए मृत्युभएका पन्छीहरुको संख्या पन्छीको जात (ब्रोइलर, लेयर्स, गिरिराज, स्थानीय, हाँस, अन्य) अनुसार महल ६ मा लेख्नुपर्दछ ।

**सन्दर्भ अवधिमा प्रकोप/विपत्का कारणले मृत्यु भएको संख्या**
सन्दर्भ वर्षमा कृषि चलनभित्र भएका पन्छीहरु प्रकोप तथा विपद्का कारणले मृत्यु भएको भए मृत्युभएका पन्छीहरुको संख्या पन्छीको जात (ब्रोइलर, लेयर्स, गिरिराज, स्थानीय, हाँस, अन्य) अनुसार महल ७ मा लेख्नुपर्दछ ।

**सन्दर्भ अवधिमा खरिद गरिएको संख्या**
सन्दर्भ वर्षमा कृषि चलनभित्र पालिएका पन्छीहरु खरिद गरिएको भए खरिद गरिएका पन्छीहरुको संख्या पन्छीको जात (ब्रोइलर, लेयर्स, गिरिराज, स्थानीय, हाँस, अन्य) अनुसार महल ८ मा लेख्नुपर्दछ ।

**सन्दर्भ अवधिमा बिक्री गरिएका संख्या**
सन्दर्भ वर्षमा कृषि चलनभित्र पालिएका पन्छीहरु बिक्री गरिएको भए बिक्री गरिएका पन्छीहरुको संख्या पन्छीको जात (ब्रोइलर, लेयर्स, गिरिराज, स्थानीय, हाँस, अन्य) अनुसार महल ९ मा लेख्नुपर्दछ ।

**सन्दर्भ अवधिमा अनुदान/सित्तैमा प्राप्त गरिएको संख्या**
सन्दर्भ वर्षमा कृषि चलनभित्र पालिएका पन्छीहरु अनुदान/सित्तैमा प्राप्त गरिएको भए उक्त प्राप्त गरिएका पन्छीहरुको संख्या पन्छीको जात (ब्रोइलर, लेयर्स, गिरिराज, स्थानीय, हाँस, अन्य) अनुसार महल १० मा लेख्नुपर्दछ ।

**खोरको प्रकार**
सन्दर्भ वर्षमा कृषि चलनभित्र पालिएका पन्छीहरु कस्तो प्रकारको खोरमा पालन गरिएको छ महल ११ मा भएको उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि, डिप लिटर खोरमा पालन गरिएको भए १, केजमा पालन गरिएको भए २ खुल्लारुपमा पालन गरिएको भए ३ मा र यी माथिका विकल्पबाहेक अन्य कुनै किसिमको खोरमा पालन गरिएको भए ४ लेख्नुपर्दछ ।

डिप लिटर प्रकारको खोर भन्नाले खोरको भुईंमा धानको भूस, पराल, काठको धूलो, पात पतिङ्गर आदि लिटरहरु ८-१२ इन्चसम्म विच्छ्याएको खोर भन्ने बुझिन्छ ।

**४.२.३ सन्दर्भ अवधिमा कृषि चलनभित्र मासुको लागि पन्छीको बध गरिएको थियो ?**
सन्दर्भ अवधिमा कृषि चलनभित्र मासुको लागि पन्छीको वध गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लागउनु पर्दछ ।

**४.२.४ कृषि चलनभित्र मासुको लागि बध गरिएको पन्छीको बारेमा निम्न जानकारी दिनुहोस् ।**

सन्दर्भ अवधिमा, कृषि चलनमा मासु प्रयोजनको लागि पन्छीको बध गरिएको थियो भने बध गरिएको पन्छीको संख्या कति थियो बध गरिएको संख्यामा लेख्नुपर्दछ । साथै, उक्त पन्छीको बध गरेपछि जम्मा प्राप्त तौल कति थियो सोधी प्राप्त तौलमा के.जी. मा लेख्नुपर्दछ ।

**४.२.५ सन्दर्भ अवधिमा, पन्छीको मासुको उपयोगसम्बन्धी विवरण**

सन्दर्भ वर्षमा कृषि चलनमा बध गरिएका पन्छीबाट प्राप्त मासुको उपयोग कसरी भएको थियो जान्न खोजिएको हो ।

यदि, उक्त मासु आफैले उपभोग गरेको भए आफैले कति परिमाण उपभोग गर्‍यो यहाँ के.जी.मा उल्लेख गर्नुपर्दछ ।

यदि, उक्त मासु आफैले मात्र उपभोग नगरि बिक्री गरेको भए कति परिमाण बिक्री गर्‍यो यहाँ के.जी.मा उल्लेख गर्नुपर्दछ ।

यदि, उक्त मासु सेवा वा साधन प्रदायकहरुलाई दिएको भए कति परिमाण दिएको हो यहाँ के.जी.मा उल्लेख गर्नुपर्दछ ।

यदि, उक्त मासु कुनै प्रकोपका कारणले भण्डारण गर्दा खेर गएको भए कति परिमाण खेर गएको हो यहाँ के.जी.मा उल्लेख गर्नुपर्दछ ।

**४.२.६ मासु विक्री गरिएको भए, प्रति के.जी. मूल्य** (रु.)

यदि, कृषि चलनमा उत्पादित मासु बिक्री गरिएको भए प्रति एकाई मूल्य कति हो सोधी यहाँ लेख्नुपर्दछ ।

**४.२.७ सन्दर्भ अवधिमा, कृषि चलनमा अण्डा दिने पन्छी थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनभित्र **अण्डा दिने पन्छी थियो** भने थियोमा र थिएन भने थिएनमा चिन्ह लगाउनु पर्दछ ।

**४.२.८ सन्दर्भ अवधिमा अण्डा दिने पन्छीको विवरण**

**पन्छी संख्या**

सन्दर्भ अवधिमा, कृषि चलनमा अण्डा उत्पादन प्रयोजनको लागि पन्छीपालन गरिएको भए जात (लेयर्स, गिरिराज, स्थानीय, हाँस) अनुसार कति संख्यामा पालन गरिएका थिए सोधी महल ३ मा संख्या उल्लेख गर्नुपर्दछ ।

**अण्डा संख्या**

सन्दर्भ अवधिमा, कृषि चलनमा अण्डा उत्पादन प्रयोजनको लागि पन्छीपालन गरिएको भए जात (लेयर्स, गिरिराज, स्थानीय, हाँस) अनुसार कति संख्यामा अण्डा उत्पादन भएको थियो सोधी महल ४ मा संख्या उल्लेख गर्नुपर्दछ ।

**अण्डा दिने औषत दिन**

सन्दर्भ अवधिमा, कृषि चलनमा अण्डा उत्पादन प्रयोजनको लागि पन्छीले औषतमा कति दिन अण्डा दिने गरेको थियो सोधी महल ५ मा संख्या उल्लेख गर्नुपर्दछ ।

**दैनिक औषत उत्पादन**

सन्दर्भ अवधिमा, कृषि चलनमा अण्डा उत्पादन प्रयोजनको लागि पन्छीले दैनिक औषतमा अण्डा दिने गरेको थियो सोधी महल ६ मा संख्या उल्लेख गर्नुपर्दछ । उदाहरणको लागि कृषि चलनले सन्दर्भ अवधिमा ५०० वटा कुखुरापालन गरेको थियो र उत्पादनको हिसावले दैनिक ३०० अण्डा दिए भने यहाँ दैनिक औषत

उत्पादन ३०० लेख्नुपर्दछ । यहाँ, एउटा कुखुराको औषत उत्पादन नभई पालिएका सम्पूर्ण कुखुराहरुले पारेका अण्डाहरुको दैनिक औषत हो ।

**४.२.९ सन्दर्भ अवधिमा पन्छीको अण्डाको उपयोगअनुसार परिमाणको जानकारी दिनुहोस् ।**

सन्दर्भ वर्षमा कृषि चलनमा पालिएका पन्छीबाट प्राप्त अण्डाको उपयोग कसरी भएको थियो जान्न खोजिएको हो ।

यदि, उक्त अण्डा आफैले मात्र उपभोग नगरि बिक्री गरेको भए कति परिमाण बिक्री गऱ्यो यहाँ संख्या उल्लेख गर्नुपर्दछ ।

यदि, उक्त अण्डा चल्ला उत्पादनका लागि उपयोग गरेको भए कति संख्या चल्ला उत्पादनका लागि प्रयोग गरेको हो यहाँ संख्या उल्लेख गर्नुपर्दछ ।

यदि, उक्त अण्डा आफैले उपभोग गरेको भए आफैले कति संख्या उपभोग गऱ्यो यहाँ उल्लेख गर्नुपर्दछ ।

यदि, उक्त अण्डा कुनै कारणले नोक्सान भएको भए कति संख्या नोक्सान भएको यहाँ उल्लेख गर्नुपर्दछ ।

यदि, उक्त अण्डा माथिका विकल्पहरुबाहेक अन्य कुनै प्रयोजनका लागि उपयोग भएको भए अन्यमा संख्या उल्लेख गर्नुपर्दछ ।

**४.२.१० सन्दर्भ अवधिमा अण्डा विक्री गरिएको भए, प्रति गोटा मूल्य** (रु.)

यदि, कृषि चलनमा उत्पादित अण्डा बिक्री गरिएको भए प्रति गोटा मूल्य कति हो सोधी यहाँ लेख्नुपर्दछ ।

**४.२.११ सन्दर्भ अवधिमा, पन्छीको मासु वा अण्डा बिक्रीका लागि बजार सम्झौता गरिएको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनमा उत्पादित मासु वा अण्डा विक्रीको लागि बजार सम्झौता गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

**४.२.१२ सन्दर्भ अवधिमा, मासु वा अण्डा बिक्रीका लागि गरिएको बजार सम्झौताले कति प्रतिशत उत्पादनलाई समेटेको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनमा उत्पादित मासु वा अण्डा विक्रीको लागि बजार सम्झौता गरिएको थियो भने उक्त सम्झौताले कति प्रतिशत उत्पादनलाई समेटेको थियो सोधी यहाँ लेख्नुपर्दछ ।

**४.२.१३ सन्दर्भ अवधिमा पन्छीको लागि आहाराको व्यवस्थापन कसरी गर्नु भएको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनल पन्छीको लागि मुख्य आहाराको व्यवस्थापन यी चार विकल्पहरुः दाना मात्रै, मुख्य दाना र केही चरन, मुख्य चरन र केही दाना वा चरन मात्रै मध्ये कुन तरिकाले गरेको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**४.२.१४ सन्दर्भ अवधिमा प्रयोग गरिएको आहाराको स्रोत के के थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनले पन्छीको लागि व्यवस्थापन गरिएको मुख्य आहाराको स्रोतहरु खरिद गरिएको, चलनको उत्पादन, साझा चउर, साटासाट गरिएको मध्ये के के थियो सोधी उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ ।

## ४.३ अन्य खेती तथा उत्पादनसम्बन्धी विवरण

**४.३.१ सन्दर्भ अवधिमा कृषि चलनभित्र मौरीपालन गरिएको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनभित्र मौरीपालन गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**४.३.२ सन्दर्भ अवधिमा, मौरी पालनको लागि प्रयोग गरिएको जग्गाको क्षेत्रफल**

सन्दर्भ अवधिमा, कृषि चलनभित्र मौरीपालन गरिएको थियो भने कति क्षेत्रफलमा थियो सोधी उक्त क्षेत्रफल विघामा भए विघा, कट्ठा, धुर र रोपनीमा भए रोपनी, आना, पैसा मा लेख्नुपर्दछ ।

**४.३.३ सन्दर्भ अवधिमा मौरीपालनसम्बन्धी विवरण**

**सन्दर्भ अवधिमा घार संख्या**

सन्दर्भ अवधिमा कृषि चलनमा भएका जम्मा घारहरुको संख्या नश्लअनुसार (स्थानीय, उन्नत) महल ३ मा लेख्नुपर्दछ ।

**गणनाको दिनमा घार संख्या**

गणनाको दिनमा कृषि चलनमा भएका जम्मा घारहरुको संख्या नश्लअनुसार (स्थानीय, उन्नत) महल ३ मा लेख्नुपर्दछ ।

**मह उत्पादन (के.जी.)**

सन्दर्भ अवधिमा कृषि चलनमा भएका जम्मा घारहरुबाट उत्पादित मह महल ४ मा किलोग्राममा लेख्नुपर्दछ । यदि, सन्दर्भ अवधिमा घारहरु नभएको तर गणनाको दिनमा घारहरु भएको खण्डमा उत्पादन लिनुपर्दैन ।

**मैन उत्पादन (के.जी.)**

सन्दर्भ अवधिमा कृषि चलनमा भएका जम्मा घारहरुबाट उत्पादित मैन महल ५ मा किलोग्राममा लेख्नुपर्दछ । यदि, सन्दर्भ अवधिमा घारहरु नभएको तर गणनाको दिनमा घारहरु भएको खण्डमा उत्पादन लिनुपर्दैन ।

**४.३.४ सन्दर्भ अवधिमा कृषि चलनभित्र रेशम खेती गरिएको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनभित्र रेशम खेती गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**४.३.५ सन्दर्भ अवधिमा, रेशम खेतीको लागि प्रयोग गरिएको जग्गाको क्षेत्रफल तथा कोकुन उत्पादनसम्बन्धी विवरण**

सन्दर्भ अवधिमा, कृषि चलनभित्र रेशम खेती गरिएको थियो भने कति क्षेत्रफलमा थियो सोधी उक्त क्षेत्रफल विघामा भए विघा, कट्ठा, धुर र रोपनीमा भए रोपनी, आना, पैसा मा लेख्नुपर्दछ । साथै, कति कोकुन उत्पादन भएको थियो सो उत्पादन के.जीमा तथा उक्त कोकुन बिक्रीबाट प्राप्त रकमसमेत यहाँ उल्लेख गर्नुपर्दछ ।

**४.३.६ सन्दर्भ अवधिमा कृषि चलनभित्र च्याउ खेती गरिएको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनभित्र च्याउ खेती गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**४.३.७ सन्दर्भ अवधिमा, च्याउ खेतीको लागि प्रयोग गरिएको जग्गाको क्षेत्रफल तथा च्याउ उत्पादनसम्बन्धी विवरण**

कृषक परिवारले आफू बसेको घरभित्र वा छुट्टै घर/ठाउँमा गरेको च्याउ खेती यसमा पर्दछ । भुइँ, काठ, पराल आदि मा गरिएका सबै प्रकारका च्याउखेतीलाई यसमा लिनु पर्दछ ।

सन्दर्भ अवधिमा, कृषि चलनभित्र च्याउ खेती गरिएको थियो भने कति क्षेत्रफलमा थियो सोधी उक्त क्षेत्रफल विघामा भए विघा, कट्ठा, धुर र रोपनीमा भए रोपनी, आना, पैसा मा लेख्नुपर्दछ । साथै, कति च्याउ

उत्पादन भएको थियो सो उत्पादन के.जीमा तथा उक्त च्याउ बिक्रीबाट प्राप्त रकमसमेत यहाँ उल्लेख गर्नुपर्दछ ।

**४.३.८ सन्दर्भ अवधिमा कृषि चलनभित्र पुष्प खेती गरिएको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनभित्र पुष्प खेती गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**४.३.९ सन्दर्भ अवधिमा, पुष्प खेतीको लागि प्रयोग गरिएको जग्गाको क्षेत्रफल**

सन्दर्भ अवधिमा, कृषि चलनभित्र पुष्प खेती गरिएको थियो भने कति क्षेत्रफलमा थियो सोधी उक्त क्षेत्रफल विघामा भए विघा, कट्ठा, धुर र रोपनीमा भए रोपनी, आना, पैसा मा लेख्नुपर्दछ । साथै, उत्पादित पुष्प बिक्रीबाट प्राप्त रकम यहाँ उल्लेख गर्नुपर्दछ ।

## ४.४ माछापालन

**४.४.१ सन्दर्भ अवधिमा, कृषि चलनभित्र माछापालन गरिएको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनभित्र माछा पालन गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**४.४.२ सन्दर्भ अवधिमा, माछा पोखरीको संख्या**

साधारणतयाः कृषि चलनले भुरा उत्पादन तथा माछा उत्पादनका लागि माछा पालन गरेको हुन्छ । यहाँ, उक्त उदेश्यहरु प्राप्त गर्नका लागि सन्दर्भ अवधिमा कति संख्यामा पोखरीहरु थिए लिन खोजिएको हो ।

**भुरा उत्पादनको लागी**

भुरा उत्पादनका लागि माछा पालन गरिएका पोखरीहरुको संख्या यहाँ उल्लेख गर्नुपर्दछ ।

**माछा उत्पादनको लागी**

उपभोगको लागि माछा पालन गरिएका पोखरीहरुको संख्या यहाँ उल्लेख गर्नुपर्दछ ।

**४.४.३ माछापोखरीको जम्मा क्षेत्रफल**

कृषि चलनले भुरा उत्पादन तथा माछा उत्पादनका लागि खनेका पोखरीहरुको जम्मा क्षेत्रफल यहाँ उल्लेख गर्नुपर्दछ । पोखरीको क्षेत्रफल उल्लेख गर्दा डिलको क्षेत्रफलसमेत लिनु पर्दछ ।

**४.४.४ सन्दर्भ अवधिमा माछाको उत्पादन तथा उपयोगसम्बन्धी विवरण**

यहाँ, सन्दर्भ अवधिमा जातअनुसार माछा उत्पादनको उत्पादन, घरायसी उपयोग, प्रकोपबाट भएको क्षति, उत्पादित भुराको संख्या, विक्रीको अवस्था, प्रति के जी विक्री मूल्य आदिको बारेमा विवरणहरु लिन खोजिएको छ ।

**क्रम संख्या**

यहाँ, माछाका प्रजातिहरुको क्रम संख्या लेख्नुपर्दछ ।

**माछा प्रजाति**

यहाँ, कृषि चलनले सन्दर्भ अवधिमा पालेका माछाका प्रजातिहरुको नाम क्रमैसँग लेख्नुपर्दछ ।

**भुराको संख्या**
यहाँ, सन्दर्भ अवधिमा कृषि चलनले भुरा उत्पादन गरेको भए माछाका प्रजातिअनुसार जम्मा उत्पादित संख्या लेख्नुपर्दछ ।

**जम्मा उत्पादन** (के.जी.)
सन्दर्भ अवधिमा कृषि चलनले मासु उत्पादन प्रयोजनको लागि माछा उत्पादन गरेको भए माछाका प्रजातिअनुसार जम्मा उत्पादित माछा किलोग्राममा लेख्नुपर्दछ ।

**माछा बिक्री** (के.जी.)
सन्दर्भ अवधिमा कृषि चलनले मासु उत्पादन प्रयोजनको लागि माछा उत्पादन गरि विक्री गरेको भए माछाका प्रजातिअनुसार जम्मा विक्री गरिएको माछा किलोग्राममा लेख्नुपर्दछ ।

**प्रति के.जी. विक्री मूल्य रु.**
सन्दर्भ अवधिमा कृषि चलनले उपभोगको लागि माछा उत्पादन गरि विक्री गरेको भए माछाका प्रजातिअनुसार प्रति के जी विक्री कति मूल्यमा विक्री गरेको थियो सोधी उक्त मूल्य यहाँ लेख्नुपर्दछ ।

**घरायसी उपयोग लागि उपयोग** (के.जी.)
सन्दर्भ अवधिमा कृषि चलनले मासु उत्पादन प्रयोजनको लागि माछा उत्पादन गरि घरायसी उमभोग गरेको भए माछाका प्रजातिअनुसार जम्मा उपयोग गरिएको माछा किलोग्राममा लेख्नुपर्दछ ।

**प्रकोपबाट क्षती** (के.जी.)
सन्दर्भ अवधिमा कृषि चलनले मासु उत्पादन प्रयोजनको लागि उत्पादन गरिएको माछा यदि विपद् प्रकोपले क्षति गरेको भए माछाका प्रजातिअनुसार जम्मा क्षति भएको माछा किलोग्राममा लेख्नुपर्दछ ।

# खण्ड ५
# आर्थिक गतिविधिसम्बन्धी विवरण

## ५.१ कृषि चलनको अन्य क्रियाकलापसम्बन्धी विवरण

**५.१.१ कृषि चलनभित्र वनसम्बन्धी क्रियाकलाप थियो ?**

कृषि चलनभित्र फलफूलबाहेकका अन्य घाँस तथा रुखहरू बगैँचाको रूपमा वा विभिन्न ठाउँमा छरिएर रहेका थिए भने उक्त कार्य वनसम्बन्धी क्रियाकलापअन्तर्गत पर्दछ । सन्दर्भ अवधिमा कृषि चलनभित्र वनसम्बन्धी कृयाकलाप थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**५.१.२ वनजन्य उत्पादनको विवरण दिनुहोस् ।**

**काठ उत्पादन (क्यु.फिट)**

कृषि-चलनमा भएको वनबनेलोबाट काठ उत्पादन भएको भए यसमा पर्दछ । यस्तो उत्पादन परिवारको घरायसी प्रयोग वा बेचबिखनका लागि वा दुबै हुन सक्दछ । सन्दर्भ अवधिमा कति परिमाणमा काठ उत्पादन भयो सोधी उक्त परिमाण महल ३ मा क्युविक फिटमा लेख्नुपर्दछ । यदि विक्री गरेको भए विक्री परिमाण महल ४ मा, उक्त विक्रीबाट प्राप्त जम्मा रकम महल ५ मा र प्रकोपबाट क्षति भएको भए महल ६ मा लेख्नुपर्दछ ।

**दाउरा उत्पादन** (के.जी.)

कृषि-चलनमा भएको वनबनेलोबाट दाउरा उत्पादन भएको भए यसमा पर्दछ । यस्तो उत्पादन परिवारको घरायसी प्रयोग वा बेचबिखनका लागि वा दुबै हुन सक्दछ । सन्दर्भ अवधिमा कति परिमाणमा दाउरा उत्पादन भयो सोधी उक्त परिमाण महल ३ मा किलोग्राममा लेख्नुपर्दछ । यदि विक्री गरेको भए विक्री परिमाण महल ४ मा, उक्त विक्रीबाट प्राप्त जम्मा रकम महल ५ मा र प्रकोपबाट क्षति भएको भए महल ६ मा लेख्नुपर्दछ ।

**घाँस उत्पादन** (के.जी.)

कृषि-चलनमा भएको वनबनेलोबाट घाँसजन्य उत्पादन भएको भए यसमा पर्दछ । यस्तो उत्पादन परिवारको घरायसी प्रयोग वा बेचबिखनका लागि वा दुबै हुन सक्दछ ।

सन्दर्भ अवधिमा कति परिमाणमा घाँस उत्पादन भयो सोधी उक्त परिमाण महल ३ मा किलोग्राममा लेख्नुपर्दछ । यदि विक्री गरेको भए विक्री परिमाण महल ४ मा, उक्त विक्रीबाट प्राप्त जम्मा रकम महल ५ मा र प्रकोपबाट क्षति भएको भए महल ६ मा लेख्नुपर्दछ ।

**जडिबुटी उत्पादन**

कृषि-चलनमा भएको वनबनेलोबाट जडिबुटी उत्पादन भएको भए यसमा पर्दछ । सन्दर्भ अवधिमा जडिबुटी उत्पादन गरी विक्री गरेको भए उक्त विक्रीबाट प्राप्त जम्मा रकम महल ५ मा र प्रकोपबाट क्षति भएको भए महल ६ मा लेख्नुपर्दछ ।

**अन्य उत्पादन**

कृषि-चलनमा भएको वनबनेलोबाट काठ, दाउरा, घाँस वा जडिबुटीबाहेक अन्य कुनै बस्तु उत्पादन भएको भए यसमा पर्दछ । सन्दर्भ अवधिमा अन्य कुनै बस्तु उत्पादन गरी विक्री गरेको भए उक्त विक्रीबाट प्राप्त जम्मा रकम महल ५ मा र प्रकोपबाट क्षति भएको भए महल ६ मा लेख्नुपर्दछ ।

**५.१.३ कृषि चलनभित्र बाली तथा पशुपन्छी उत्पादनबाहेक कृषिसँग सम्बन्धित अन्य क्रियाकलाप गरिएको थियो ?**

कृषि चलनभित्र बाली तथा पशुपन्छी उत्पादनबाहेक कृषिसँग सम्बन्धित कृषि खाद्यान्न बालीको प्रंशोधन, कुटानी पिसानी सम्बन्धी कार्य गर्ने, फलफूल र तरकारीको प्रशोधन र संरक्षण, तेल उत्पादन गर्ने, स्थानीय रक्सीजन्य उत्पादन गर्ने, सुर्तीजन्य उत्पादन गर्ने, मासुको प्रशोधन र संरक्षण, दूधजन्य वस्तुको उत्पादन खरिद विक्री गर्ने, कृषिजन्य उत्पादन विक्री गर्ने, वनजन्य वस्तुको विक्री गर्ने, माछाजन्य प्रशोधन तथा विक्री गर्ने, नवीकरणीय ऊर्जाको उत्पादन (वायोग्यास, व्रिगेट), कृषि उत्पादनमा प्रयोग हुने साधन भाडामा लगाउने, आवास, होमस्टे, रेष्टुरेन्ट, भोजन प्रबन्ध र अन्य शैक्षिक गतिविधि, हस्तकलाका सामग्री बनाउने, अन्य (उल्लेख गर्नुहोस्) आदि क्रियाकलाप सञ्चालन गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**५.१.४ सन्दर्भ अवधिमा कृषि चलन भित्र भएका कृषिसँग सम्बन्धित अन्य क्रियाकलापसम्बन्धी विवरण (प्रमुख ५ क्रियाकलाप)**

कृषि चलनभित्र बाली तथा पशुपन्छी उत्पादनबाहेक कृषिसँग सम्बन्धित कृषि खाद्यन्न बालीको प्रंशोधन, कुटानी पिसानी सम्बन्धी कार्य गर्ने, फलफूल र तरकारीको प्रशोधन र संरक्षण, तेल उत्पादन गर्ने, स्थानीय रक्सीजन्य उत्पादन गर्ने, सुर्तीजन्य उत्पादन गर्ने, मासुको प्रशोधन र संरक्षण, दूधजन्य वस्तुको उत्पादन खरिद विक्री गर्ने, कृषिजन्य उत्पादन विक्री गर्ने, वनजन्य वस्तुको विक्री गर्ने, माछाजन्य प्रशोधन तथा विक्री गर्ने, नवीकरणीय ऊर्जाको उत्पादन (वायोग्यास, व्रिगेट), कृषि उत्पादनमा प्रयोग हुने साधन भाडामा लगाउने, आवास, होमस्टे, रेष्टुरेन्ट, भोजन प्रबन्ध र अन्य शैक्षिक गतिविधि, हस्तकलाका सामग्री बनाउने, अन्य आदि क्रियाकलाप सञ्चालन गरिएको थियो भने उक्त क्रियाकलापहरुसम्बन्धी विवरण उल्लेख गर्नुपर्दछ । यदि कृषिसँग सम्बन्धित अन्य क्रियाकलाप ५ भन्दा बढी भएमा प्रमुख ५ क्रियाकलापहरुमात्र यहाँ उल्लेख गर्नुपर्दछ ।

**बिक्रीबाट भएको आम्दानी**

सन्दर्भ अवधिमा, कृषि चलनभित्र बाली तथा पशुपन्छी उत्पादनबाहेक कृषिसँग सम्बन्धित अन्य क्रियाकलाप गरी आम्दानी गरिएको भए उक्त आम्दानी यस महलमा लेख्नुपर्दछ ।

**कुल आम्दानीमा योगदान प्रतिशत**

सन्दर्भ अवधिमा, कृषि चलनभित्र बाली तथा पशुपन्छी उत्पादनबाहेक कृषिसँग सम्बन्धित अन्य क्रियाकलाप गरी आम्दानी गरिएको भए उक्त आम्दानीको योगदान कुल आम्दानीमा कति प्रतिशत थियो सोधी प्रतिशतमा यहाँ उल्लेख गर्नुपर्दछ । व्यावसायिक रुपमा दर्ता भएको कृषि फर्मको हकमा कूल आम्दानी भन्नाले कम्पनीले कृषि कार्य वा अन्य कृषि सम्बन्धी क्रियाकलापबाट प्राप्त गरेको जम्मा आम्दानी भन्ने बुझ्नुपर्दछ । तर फर्मका सदस्यहरुको व्यक्तिगत आम्दानीलाई समावेश गर्नु हुँदैन ।

**अघिल्लो वर्षको उत्पादनसँग तुलनात्मक विवरण**

सन्दर्भ अवधिमा, कृषि चलनभित्र बाली तथा पशुपन्छी उत्पादनबाहेक कृषिसँग सम्बन्धित अन्य क्रियाकलाप गरी आम्दानी गरिएको भए उक्त आम्दानी अघिल्लो वर्षको आम्दानीको तुलनामा बढेको, समान वा घटेको मध्ये कुन अवस्था थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि कृषि चलनले कृषिसँग सम्बन्धित अन्य क्रियाकलाप सन्दर्भ अवधिबाट सञ्चालन सुरु गरेको भए अघिल्लो बर्षसँग तुलना नहुने भएकोले यस्तो अवस्थामा लागू नहुने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**५.१.५ कृषि चलनको कुल आयमा कृषिकार्यबाट हुने आम्दानीको अंश कति प्रतिशत छ ?**

सन्दर्भ अवधिमा, कृषि चलनमा उत्पादित **कृषिकार्यबाट** भएको आम्दानीको योगदान कुल आम्दानीमा कति प्रतिशत थियो सोधी प्रतिशतमा यहाँ उल्लेख गर्नुपर्दछ ।

**५.१.६ कृषि चलनको कृषिकार्यबाट हुने आम्दानीले कति महिना खान पुग्छ ?**

सन्दर्भ अवधिमा, कृषि चलनमा उत्पादित **कृषिकार्यबाट** भएको आम्दानीले उक्त परिवारलाई कति महिना खान पुग्छ सोधी महिनामा संख्या यहाँ उल्लेख गर्नुपर्दछ ।

**५.१.७ कृषिबाट कूल आम्दानीमा भएको योगदानलाई अघिल्लो वर्षको कृषि आम्दानीसँग कसरी तुलना गर्नुहुन्छ ?**

**कुल आय**

कुल आय भन्नाले कृषि उत्पादनबाट भएको आय तथा घरपरिवारमा भएका सदस्यहरुले विभिन्न पेशा वा व्यवसायबाट आर्जन गरेको आम्दानीको योगफललाई बुझ्नु पर्दछ ।

सन्दर्भ अवधिमा, कृषि चलनमा भएको बाली तथा पशुपन्छी उत्पादनबाट भएको आम्दानीको कुल आयमा योगदान अघिल्लो वर्षको तुलनामा बढेको, समान वा घटेको मध्ये कुन अवस्था थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

यदि कृषि चलनले कृषि तथा पशुपन्छीसम्बन्धी क्रियाकलाप सन्दर्भ अवधिबाट सञ्चालन गरेको भए अघिल्लो बर्षसँग तुलना नहुने भएकोले यस्तो अवस्थामा लागू नहुने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**५.१.८ विगत ३ वर्षमा कृषि चलन नाफा/नोक्सानको अवस्था कस्तो थियो ?**

कृषि चलनमा लगाईएको बाली तथा पशुपन्छीको उत्पादन बिक्रीबाट प्राप्त भएको आम्दानी र लागतको अनुपात विगत तीन वर्षमा के कस्तो रहेको थियो यहाँ बुझ्न खोजिएको छ । यदि, लागतभन्दा आम्दानी बढी भएको भए नाफा र कमी भएको भए नोक्सानको अवस्था रहेको बुझ्नुपर्दछ ।

विगत तीनै वर्ष लागतभन्दा आम्दानी कमी भएको भए तीनै वर्ष नोक्सान भयो भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ । त्यस्तै, तीन वर्ष मध्ये १ वर्ष नाफा भयो, तीन वर्ष मध्ये २ वर्ष नाफा भयो वा तीनै वर्ष नाफा भयो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि, कृषि चलनले तीन वर्ष लगातार बाली तथा पशुपन्छीसम्बन्धी क्रियाकलाप नगरेको भए लागू नहुने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**५.१.९ कृषिचलन/कृषिचलनको सदस्य कुनै कृषक समूहमा वा सहकारीमा संलग्न छ ?**

यहाँ, कृषि चलनको कुनै सदस्य कुनै कृषक समूहमा वा सहकारीमा संलग्न भएको नभएको बुझ्न खोजिएको छ । कृषि चलन कुनै कृषक समूह वा सहकारीमा संलग्न छ छैन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**५.१.१० कृषिचलन/कृषिचलनको सदस्यको कुनै बैंक तथा वित्तिय संस्थामा खाता छ ?**

यहाँ, कृषि चलनको कुनै सदस्यको कुनै बैंक तथा वित्तिय संस्थामा खाता भए छ मा र नभए छैन मा चिन्ह लगाउनु पर्दछ ।

**५.१.११ सन्दर्भ अवधिमा, कृषि चलनले कृषि क्रियाकलापका लागि बैंक तथा वित्तिय संस्थाबाट ऋण सुविधा लिएको थियो ?**

यहाँ, कृषि चलनले सन्दर्भ अवधिमा कृषि क्रियाकलापका लागि बैंक तथा वित्तिय संस्थाबाट ऋण लिएको भए थियो मा र नलिएको भए थिएनमा चिन्ह लगाउनु पर्दछ ।

**५.१.१२ सन्दर्भ अवधिमा, कृषिचलनले सहुलियत ब्याजदरमा कृषि ऋण लिएको थियो ?**

यहाँ, कृषि चलनले सन्दर्भ अवधिमा कृषि क्रियाकलापका लागि बैंक तथा वित्तिय संस्थाबाट ऋण लिएको भए मात्र यो प्रश्न सोधिन्छ । उक्त कृषि चलनले ऋण लिएको भए सहुलियत ब्याजदरमा ऋण लिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**५.१.१३ सन्दर्भ अवधिमा, कृषिचलनले कृषि क्रियाकलापका लागि सरकारबाट सहुलियत/अनुदान प्राप्त गरेको थियो ?**

सन्दर्भ अवधिमा, कृषि चलनले कृषि क्रियाकलापका लागि सरकारबाट सहुलियत/अनुदान प्राप्त गरेको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

यहाँ, सहुलियत तथा अनुदान भन्नाले कृषि चलनले सरकारी निकायबाट आंशिक वा पूर्ण जुनसुकै अवस्थामा प्राप्त गरेको नगद वा जिन्सीलाई बुझ्नुपर्दछ । यदि, कृषि चलनले पावर टिलर खरिद गर्नको लागि सरकारबाट ५० प्रतिशत छुट प्राप्त गरेको थियो भने सरकारबाट अनुदान प्राप्त गरेको थियो भनी थियोमा चिन्ह लगाउनु पर्दछ ।

**५.१.१४ सन्दर्भ अवधिमा, कृषिचलनले कुन कुन कृषि क्रियाकलापका लागि विमा गरेको थियो ?**

यहाँ, सन्दर्भ अवधिमा, कृषि चलनले कृषि क्रियाकलापको जोखिम कम बहन गर्नका लागि विमा गरेको वा नगरेको बुझ्न खोजिएको छ । सन्दर्भ अवधिमा, कृषि चलनले विमा नगरेको भए छैन मा चिन्ह लगाउनु पर्दछ । तर यदि विमा गरेको भए कुन कुन कृषि क्रियाकलाप जस्तैः बाली उत्पादन, पशुपालन, माछा पालन, कृषि भवन तथा औजार वा अन्य के मा गरेको हो सोधी उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ ।

**५.१.१५ कृषिचलनले विमा नगर्नुको कारण के हो ?**

सन्दर्भ अवधिमा, कृषि चलनले कृषि क्रियाकलापको जोखिम कम बहन गर्नका लागि विमा नगरेको भए यी मध्ये पहुँच नभएर, महंगो भएर, आवश्यक नलागेर, उचित क्षतिपुर्ति नपाएर, कम्पनीले सेवा नदिएर वा थाहा नभएर मुख्य कुन विकल्प हो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

## भाग ५.२ सन्दर्भ अवधिमा कृषि चलनमा परेको गम्भिर असर/आघातसम्बन्धी विवरण

यहाँ, कृषि चलनबाट हुने उत्पादन विभिन्न कारणहरु जस्तैः महामारी रोग, किरा, असिना, बाढी, पहिरो आदिबाट क्षति भई अति नै कम उत्पादन, उत्पादित कृषि वस्तुहरु अति कम मूल्यमा विक्री अथवा पारिवारका सदस्य गम्भिर विमारी वा दुर्घटना वा मृत्यु हुनु, रोजगारी तथा आम्दानीमा कमी, खाद्यन्नमा असामान्य मूल्य बृद्धि आदि कारणले उक्त घरपरिवार गम्भिर चोट पुग्नु वा कम्पनीनै धारासायी हुने अवस्थालाई गम्भिर असर/आघात भनी बुझ्नु पर्दछ ।

**५.२.१ सन्दर्भ अवधिमा कृषि चलनलाई चरम प्राकृतिक प्रकोप, घट्ना वा अन्यले गम्भिर असर/आघात परेको थियो ?**

सन्दर्भ अवधिमा कृषि चलनलाई खडेरी, अनियमित वर्षा, भारी वर्षा/बाढी, असिना, जंगली जनावरबाट हुने हानि, आगोलागी, डुबान, असामान्यरुपले मूल्यमा गिरावट, हावाहुरी, पहिरो/भुक्षय, अत्याधिक तापक्रम, बालीजन्य असमान्य रोग तथा महामारी, पशुपन्छीजन्य असमान्य रोग तथा महामारी, कृषि सामग्रीमा हुने असमान्य मूल्य बृद्धि, कृषि सामग्री, उत्पादनको चोरी जस्ता चरम प्राकृतिक प्रकोप, घट्ना वा अन्यले उत्पादनमा साथै सन्दर्भ अवधिमा कृषि चलनलाई पारिवारका सदस्य गम्भिर विमारी वा दुर्घटना वा मृत्यु हुनु, पारिवारिक कलह तथा फुट, सामाजिक द्वन्द्व वा हिंसा, रोजगारी तथा आम्दानीमा कमी, खाद्यन्नमा असामान्य मूल्य बृद्धि आदि कारणले घरपरिवारमा गम्भिर असर/आघात परेको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**५.२.२ अनुभव गरेका प्रमुख तीन गम्भिर असर/आघातहरु प्राथमिकताको आधारमा उल्लेख गर्नुहोस् ।**

सन्दर्भ अवधिमा कृषि चलनलाई खडेरी, अनियमित वर्षा, भारी वर्षा/बाढी, असिना, जंगली जनावरबाट हुने हानि, आगलागी, डुबान, असामान्यरुपले मूल्यमा गिरावट, हावाहुरी, पहिरो/भुक्षय, अत्याधिक तापक्रम, बालीजन्य असमान्य रोग तथा महामारी, पशुपन्छीजन्य असमान्य रोग तथा महामारी, कृषि सामग्रीमा हुने असमान्य मूल्य बृद्धि, कृषि सामग्री तथा उत्पादनको चोरी जस्ता चरम प्राकृतिक प्रकोप, घट्ना वा अन्यले **उत्पादनमा गम्भिर असर/आघात** पर्नुका साथै सन्दर्भ अवधिमा कृषि चलनमा पारिवारका सदस्यहरुमा गम्भिर विमारी वा दुर्घटना वा मृत्यु हुनु, पारिवारिक कलह तथा फुट, सामाजिक द्वन्द्व वा हिंसा, रोजगारी तथा आम्दानीमा कमी, खाद्यन्नमा असामान्य मूल्य बृद्धि आदि कारणले **घरपरिवारमा गम्भिर असर/आघात** परेको थियो भने उक्त कृषि चलनले अनुभव गरेका प्रमुख तीन विकल्पहरुलाई प्राथमिकताको आधारमा चिन्ह लगाउनु पर्दछ । दर्ता गरी कृषि कार्य गरेको फर्मको हकमा परिवार भन्नाले फर्ममा कार्यरत सदस्यहरुलाई बुझ्नुपर्दछ ।

**५.२.३ कृषि चलनले (आघात) समाधानको लागि मुख्य के उपाय अपनाएको थियो ?**

कृषि चलनमा परेको गम्भिर असर/आघात समाधानको लागि कृषि चलनले जमिन तथा भवनहरुको बिक्री, बाली तथा पशुहरुको बिक्री, मेसिन र उपकरण सहित अन्य सम्पत्तिको बिक्री, कृषि बाहेक अन्यत्र काम गरेर, सरकारबाट सहयोग प्राप्त, एनजीओहरु वा अन्य संस्थाहरुबाट सहयोग, प्राप्त खर्च कटौती गरेर (श्रमिक खर्च, पूँजी लागत आदि), आफन्तहरुबाट सहयोग प्राप्त गरेका (घरपरिवारको कृषि चलनको लागि मात्र), घर खर्चमा कटौती (शिक्षा, स्वास्थ्य आदि), ऋण लिएर, विमाबाट क्षतिपूर्ती प्राप्त गरेर आदि विकल्पहरु मध्ये कुन प्रमुख विकल्पको प्रयोग गरेको थियो सोधी चिन्ह लगाउनु पर्दछ ।

**५.२.४ कृषि चलन आघातहरुबाट सुरक्षित भई पूर्व अवस्थामा फर्कियो ?**

सन्दर्भ अवधिमा कृषि चलनमा परेको गम्भिर असर/आघात समाधानको लागि गरेको प्रयासबाट उक्त कृषि चलन पूर्ववत अवस्थामा फर्किएको थियो थिएन यहाँ बुझ्न खोजिएको छ । यदि, उक्त प्रयासबाट कृषि चलन सुरक्षित भई पूर्ववत अवस्थामा फर्किएको भन्ने जवाफ आएमा थियोमा र नआएमा थिएनमा चिन्ह लगाउनु पर्दछ ।

**५.२.५ विगतका तुलनामा तपाईंलाई कृषि चलन अब आघातहरुसँग सामना गर्न सक्षम छ भन्ने लाग्छ ?**

विगतमा कृषि चलनमा परेको गम्भिर असर/आघात परि समाधानको लागि गरेको प्रयासबाट वा नपरेको अवस्था भएमा पनि अरुलाई परेको आघातबाट शिक्षा लिई वा काम गर्ने सिलसिलामा पर्न जाने जोखिमहरुको अनुमान गरी अव हुनसक्ने आघातहरु सँग यदि कृषि चलन सामना गर्न सक्षम छ भन्ने लाग्छ भने छ मा र छैन भन्ने लाग्छ भने छैनमा चिन्ह लगाउनु पर्दछ ।

**५.२.६ विगतका तुलनामा आघातको गम्भिरताको तहको बारेमा तपाईंको धारणा के हो ?**

विगतको तुलनामा कृषि चलनमा पर्ने गम्भिर असर/आघातहरुको गम्भिरताको तह बढेको, घटेको वा समान रहेको मध्ये हाल कुन अवस्थामा रहेको छ सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**५.२.७ सन्दर्भ अवधिमा, कृषि मेशीनरी/उपकरणको संख्या तथा प्रकोप/विपत्‌द्वारा क्षति विवरण**

कृषि मेशीनरी/उपकरण भन्नाले आंशिक वा पूर्णरूपमा कृषिकार्यमा प्रयोग गरिएका औजारहरूलाई जनाउँछ । कृषि-चलनभित्र गैरकृषिकार्यमा मात्र प्रयोग भएका औजारहरूलाई यसमा समावेश गर्नु हुँदैन । गणना समयमा काम नलाग्ने भएका अथवा बिग्रिइसकेका औजारहरू पनि समावेश गर्नु हुँदैन । अस्थायी रूपमा बिग्रेको र किनेर ल्याउँदै गरेको साधनलाई भने यसमा समावेश गर्नुपर्छ ।

सन्दर्भ अवधिमा कृषि चलनमा फलामे हलो, पाओर टिलर/मिनि टिलर, चाफ कटर, दूध दुहुने मेसिन, स्याले ट्युववेल, डिप, रोअर/ढिकी पम्प, ट्याक्टर, थेस्रर, पम्पसेट, पशुगाडा, स्पेयर, कम्वाइन्ड हारवेस्टर जस्ता कृषि मेशीनरी/उपकरण थियो थिएन सोधी महल ३ को उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ। यदि माथि उल्लिखित उपकरणहरु मध्ये कुनै उपकरणहरु कृषि चलनमा थियो भन्ने जवाफ आएमा त्यस पछिको महल ४ मा कति संख्यामा थियो उल्लेख गर्नुपर्दछ। सन्दर्भ अवधिमा उक्त कृषि चलनमा भएका उपकरणहरु कुनै प्रकोप/विपद्द्वारा क्षति भएको भए उक्त संख्या महल ५ मा उल्लेख गर्नुपर्दछ।

# खण्ड ६
# कृषि चलनमा रोजगार, आवास तथा सुविधासम्बन्धी विवरण

## ६.१ सन्दर्भ अवधिमा, कृषि चलनद्वारा कृषि कार्यको लागि कामदार लिइएको थियो ?

सन्दर्भ अवधिमा कृषि चलनद्वारा कृषि क्रियाकलापको लागि कामदार लिइएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

## ६.२ सन्दर्भ अवधिभित्र, कृषि क्रियाकलापका लागि प्रयोग गरिएका कामदारको संख्या

यहाँ, कृषि क्रियाकलापमा संलग्न कामदारसम्बन्धी विवरणहरू सङ्कलन गरिन्छ । कृषिकार्यमा संलग्न व्यक्ति जसले नगद, जिन्सी वा अन्य कुनै शर्तमा पारिश्रमिक लिएर वा नलिएर काम गर्ने गर्दछन् त्यस्ता व्यक्तिहरूलाई नै कामदार भनिन्छ ।

**स्थायी कामदार**

पारिश्रमिक दिएर सन्दर्भअवधिभित्र व्यवसायमा नियमितरूपले काम गर्न लगाइएको व्यक्तिलाई स्थायी कामदार भनिन्छ । सन्दर्भअवधिभित्र काम गरेको जम्मा दिनको (साधारणतया ६ महिना वा सोभन्दा बढी) आधारमा स्थायी र अस्थायी कामदार छुट्टयाउने गरिन्छ तापनि मूलरूपमा काम लगाउने व्यक्तिले उसलाई जुनरूपको कामदार भन्छ, सोहीअनुसार स्थायी वा अस्थायी मान्नु पर्दछ । कामदारले पारिश्रमिकको रूपमा तोकिएको जिन्सी वा नगद जुनसुकै लिएको हुन सक्दछ ।

**अस्थायी कामदार**

अस्थायी कामदार भन्नाले सन्दर्भअवधिभित्र पारिश्रमिक दिएर पटकपटक वा एकपटक मात्र व्यवसायमा काम लगाएको व्यक्ति हो र निजले नियमित रूपमा त्यहाँ काम गर्ने अपेक्षा गरिएको हुँदैन । छोटकरीमा, दैनिक रूपमा ज्याला दिने गरी व्यवसायको काममा लगाइएको व्यक्तिलाई अस्थायी कामदार मान्नुपर्दछ ।
कुनै कामदार "स्थायी वा अस्थायी" के हो भनी छुट्टयाउन मुलतः उसले कुन शर्तमा काम गरेको छ भन्ने कुरालाई नै आधार मान्नुपर्दछ ।

**परिवार/सञ्चालक सदस्य**

कुनैपनि प्रकारको पारिश्रमिक नलिई हप्ताको **कम्तिमा १६ घण्टा** (साधारणतया काम गरिने समयको एक तिहाइ) काम गर्ने गरी सञ्चालक वा परिवारका सदस्यहरु व्यवसायको कार्यमा संलग्न भएका रहेछन् भने तिनीहरूको संख्यालाई लिङ्गअनुसार महिला, पुरुष छुट्टयाई स्थायी कामदारको महलमा लेख्नु पर्दछ ।

**प्रवन्धक/प्रशासकीय कर्मचारी**

व्यवसायको प्रशासन, लेखा तथा व्यवस्थापनसँग संलग्न रहेका कर्मचारीहरू, व्यवसायको सुरक्षाका लागि राखिएका संस्थाबाटै तलब खाने सुरक्षा गार्ड आदि यसअन्तर्गत पर्दछन् । कर्मचारीको संख्या उल्लेख गर्दा लिङ्ग अनुसार सम्बन्धित महलमा लेख्नु पर्दछ । तलब लिएर व्यावसायमा काम गर्ने परिवारका सदस्यसमेत यसैअन्तर्गत पर्दछन् ।

**दक्ष कामदार**

कुनै औपचारिक शिक्षा वा तालिम लिई प्रमाणपत्र प्राप्त गरेका कर्मचारीहरूलाई प्राविधिक कर्मचारीअन्तर्गत समावेश गर्नु पर्दछ । जस्तैः जे.टी., जे.टी.ए. आदि ।

दक्ष उत्पादनशील कामदार भन्नाले व्यवसायको उत्पादनको कार्यमा प्रत्यक्षरूपमा संलग्न कर्मचारी जसले सम्बन्धित व्यवसायमा गर्ने कार्यसम्बन्धी कुनै किसिमको तालिम अथवा राम्रो कार्य अनुभव हासिल गरेको

कामदार भन्ने बुझ्नु पर्दछ । जसले, खेती तथा पशुपालनकार्यमा वीउ विजन, मल, विषादी, रोग किराको प्रकोप, सिँचाई आदि कार्यमा प्राविधिक तथा अन्य सल्लाह सुझाव दिने कार्य गर्दछन् । यस्तो काम गर्ने कामदारलाई दक्ष उत्पादनशील कामदारअन्तर्गत राख्नु पर्दछ ।

**अदक्ष कामदार**

अदक्ष उत्पादनशील कामदार पनि व्यवसायको उत्पादन कार्यमा प्रत्यक्ष संलग्न कर्मचारी नै हुन्छन् तर यिनिहरुबाट व्यवसायमा प्राविधिक कार्यको अपेक्षा गरिएको हुँदैन र निजले व्यवसायमा खनजोत, गोडमेल र अन्य लाए अराएको काम गर्ने गर्दछन् । यस्ता काम गर्ने कामदारहरुलाई अदक्ष उत्पादनशील कामदारअन्तर्गत राख्नु पर्दछ ।

**कामदारको प्रकार (महल २)**

यस महलमा सन्दर्भ अवधिमा कृषि क्रियाकलापका लागि प्रयोग गरिन सक्ने कामदारहरुको प्रकार जस्तैः सञ्चालक/परिवारका सदस्य, प्रबन्धक/प्रशासक, दक्ष श्रमिक, अदक्ष श्रमिक राखिएको छ । यस महलमा कामदारको प्रकार उल्लेख गर्नु पर्दैन तर यस पछिका महलहरु भरिने विवरणहरु यिनै कामदारको प्रकारको आधारमा भर्नु पर्दछ ।

**स्थायी कामदार पुरुष (महल ३ र ४)**

यस महलमा सन्दर्भ अवधिमा कृषि क्रियाकलापका लागि स्थायीरुपले काम गर्ने सञ्चालक/परिवारका सदस्य,प्रबन्धक/प्रशासक, दक्ष श्रमिक, अदक्ष पुरुष श्रमिकहरु प्रयोग गरिएको भए उक्त पुरुषहरुको संख्या लेख्नु पर्दछ ।

**स्थायी कामदार महिला (महल ४)**

यस महलमा सन्दर्भ अवधिमा कृषि क्रियाकलापका लागि स्थायीरुपले काम गर्ने सञ्चालक/परिवारका सदस्य,प्रबन्धक/प्रशासक, दक्ष श्रमिक, अदक्ष महिला श्रमिकहरु प्रयोग गरिएको भए उक्त महिलाहरुको संख्या लेख्नु पर्दछ ।

**अस्थायी कामदार (व्यक्ति दिन) (महल ५ र ६)**

यी महल अन्तर्गत महल २ मा रोजगारीका आधारमा संलग्न हुने विभिन्न तहका अस्थायी कामदार (खासगरी सञ्चालक/परिवारका सदस्य, प्राविधिक तथा दक्ष/अदक्ष उत्पादनशील कामदार) को संख्यालाई लिङ्ग अनुसार पुरुष र महिला छुट्टयाई पुरुषको व्यक्ति दिन संख्या महल ५ मा र महिला अस्थायी कामदारको व्यक्ति दिन संख्या महल ६ मा लेख्नु पर्दछ ।

एक व्यक्तिले एक दिनमा गरेको कामलाई एक व्यक्तिदिन मानिन्छ । एक व्यक्तिले ४ दिन काम गरेको छ भने उसले काम गरेको व्यक्तिदिन सङ्ख्या ४ हुन्छ । तीन जनाले ५ दिन काम गरेको भए जम्मा व्यक्तिदिन सङ्ख्या १५ (३ × ५= १५) हुन्छ । व्यक्तिदिन संख्या गणना गर्दा सामान्यतया ८ घण्टाको अवधिलाई एक व्यक्तिदिन मानी गणना गर्नुपर्दछ ।

मौसमअनुसार प्रतिदिनको ज्याला फरकफरक हुनसक्ने हुनाले वर्षभरिको दरभाउ हिसाब गरी औसत प्रतिदिनको ज्याला कति हुन आउँछ त्यही ज्यालालाई नै यहाँ लेख्नु पर्दछ ।

**पर्मका कामदार (महल ७ र ८)**

पर्ममा काम लगाएको भन्नाले अरूको काम गरिदिएको सट्टामा वा पछि सट्टामा काम गरिदिने सर्तमा आफ्नो कृषि-चलनमा काम गर्न आएका व्यक्तिलाई बुझाउँछ । आफ्नो कृषि-चलनमा काम गरिदिएको सट्टामा

अरुको चलनमा काम नै गरिदिनु पर्दछ । अर्थात्, आफूआफूमा आलोपालो गरेर एक परिवारको सदस्यले अर्को परिवारमा काम गरिदिने चलनलाई पर्म भनिन्छ ।
पर्ममा काम गरेको पनि व्यक्ति दिन सङ्ख्यामा लेख्नु पर्दछ । व्यक्ति दिन सङ्ख्या लेख्ने तरिका अस्थायी कामदार सङ्ख्या लेख्दा जस्तै हो ।

## ६.३ कृषि चलनले कृषि कार्यको मुख्य समयमा कामदारको अभावको अनुभव गरको थियो ?

कृषि कार्यको मुख्य समय भन्नाले बाली उत्पादनको हकमा बाली लगाउने, गोडमेल गर्ने, मल तथा विषादी राख्ने र भित्र्याउने समय, त्यस्तै, पशुपन्छी र अन्य खेतीको हकमा कृषक वा व्यावसायीलाई अति आवश्यक परेको समय बुझ्नु पर्दछ ।
कृषि चलनले सन्दर्भ अवधिको कृषि कार्यको मुख्य समयमा कामदारको अभाव अनुभव गरेको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

## ६.४ कृषि चलनले कृषि कार्यको मुख्य समयमा कामदारको अभावपछि के गरेको थियो ?

कृषि चलनले सन्दर्भ अवधिको कृषि कार्यको मुख्य समयमा कामदारको अभाव भएपछि ठेक्कामा दिएको, आंशिक कृषि कार्य गरेका, आफै बढि खटेको, कम कामदार चाहिने कृषि कार्य गरेको, आधुनिक मेसिन प्रयोग गरेको मध्ये कुन कुन विकल्पहरु प्रयोग गरी उक्त कृषि कार्य गरेको हो सोही विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ । यदि, मुख्य समयमा कामदारको अभाव भएपछि कृषि कार्य बन्द गरेको भए कृषि कार्य बन्द गरेको विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

## ६.५ प्रयोग र स्वामित्वअनुसार आवासिय तथा गैरआवासीय भवनको संख्या

कृषि चलनले सन्दर्भ वर्षमा आवासको लागि कुनै भवन तथा कृषिकार्यको लागि कुनै गैरआवासीय भवनको प्रयोग गरेनगरेको यहाँ बुझ्न खोजिएको छ ।

**आवास (घर) भन्नाले** - सामन्यतया चारैतिर गारो/टाटी लगाई छानो हालेर मानिस बस्नका लागि वा पशुपन्छी राख्नका लागि वा बाली थन्क्याउनका लागि बनाइएको संरचनालाई बुझाउँछ ।

(क) **आवासको लागिः** कृषि चलनले आवासको लागि प्रयोग गरेको भवनलाई आवसीय भवन भनिएको हो ।

(ख) **पशुपालनको लागिः** यसमा चराचुरुङ्गीबाहेक घरपालुवा चौपायाका लागि प्रयोगमा ल्याइएका गोठ आदि पर्दछन् ।

(ग) **पन्छीपालन लागिः** यसमा पाल्तु चराचुरुङ्गीका लागि बनाइएका घर वा खोरका लागि प्रयोग भएका घर पर्दछन् ।

(घ) **बाली थन्क्याउनको लागिः** बाली थन्क्याउनको लागि प्रयोगमा ल्याइएका भकारीहरू, घाँसपात आदि राखिएका घरहरू यसमा पर्दछन् ।

(ङ) **अन्य विविध कार्यको लागिः** माथि उल्लिखित प्रयोजनबाहेक अन्य विविध कृषिकार्यका लागि प्रयोगमा ल्याइएका भवनहरू जस्तैः कृषि औजार र साधन राख्न प्रयोग गरिएको भवन यसमा पर्दछन् ।

**प्रयोग र स्वामित्वअनुसार आवसीय तथा गैरआवासीय भवनको सङ्ख्या**
यो प्रश्नमा गणनाको समयमा आवसीय तथा गैरआवासीय भवनको प्रयोग र स्वामित्वको बारेमा उल्लेख गरी सङ्ख्या खुलाउनु पर्छ । साथै, गैरआवासीय भवनको प्रयोगअनुसार स्वामित्व खुलाउनु पर्छ ।

कृषि-चलनमा चौपायाको लागि वा चराचुरुङ्गीको लागि वा बाली थन्क्याउनको लागि वा अन्य कृषिकार्यका लागि गैरआवासीय भवनको प्रयोग भएको छ-छैन सोधी भएको छ भने त्यो आफ्नो हो वा बहालमा लिएको हो वा अन्य किसिमबाट लिएको हो यकीन गरी उपयुक्त महलमा सङ्ख्या लेख्नुपर्दछ र महल-३ मा जम्मा सङ्ख्या उल्लेख गर्नुपर्दछ ।

**भवनको स्वामित्व**

यसले कृषिकार्यको लागि प्रयोग गरिएको आवासीय तथा गैरआवासीय भवनको स्वामित्व अथवा अधिकार कसमा निहित छ भन्ने कुरा बुझाउँछ ।

**आफ्नै स्वामित्व**

कृषि चलनको आफ्नै हकमा रहेका भवन यसअन्तर्गत पर्दछन् ।

**बहालमा लिएको**

कृषि चलनले कृषि प्रयोजनको लागि भाडा तिर्ने गरी चलन गरेको अरूको हकका भवनहरू यसमा पर्दछन् ।

**अन्य शर्तमा लिएको**

कृषि चलनले आफ्नो प्रयोगको लागि आफ्नो स्वामित्व पनि नभएको र भाडा पनि नलिई अन्य कुनै प्रकृयाबाट प्राप्त गरेको भवनहरू यसमा पर्दछन्, जस्तैः घरधनीको सहायताले भाडा नतिर्ने शर्तमा लिएका भवन, कानुनी वादविवाद परेको तर प्रयोग गरिरहेको भवन आदि ।

## ६.६ यस कृषि चलनले प्रयोग गरेको आवासीय घरको गारोको प्रकार कस्तो छ ?

कृषि चलनले प्रयोग गरेको आवासीय घरको बाहिरी गारो कस्तो प्रकारको छ सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

## ६.७ कृषि चलनले प्रयोग गरेको आवासीय घरको छानोको प्रकार कस्तो छ ?

यस कृषि चलनले प्रयोग गरेको आवासीय घरको छानो कस्तो प्रकारको छ सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

## ६.८ यस कृषि चलनले प्रयोग गरेको आवासीय घरको भुईंको प्रकार कस्तो छ ?

यस कृषि चलनले प्रयोग गरेको आवासीय घरको भुईं कस्तो प्रकारको छ सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

## ६.९ यस कृषि चलनले भान्साको लागि छुट्टै कोठा प्रयोग गरेको छ ?

यस कृषि चलनले भान्साको लागि छुट्टै कोठा प्रयोग गरेको छ छैन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

## ६.१० यस कृषि चलनको खानेपानीको मुख्य स्रोत के हो ?

यस कृषि चलनको खानेपानीको मुख्य स्रोत के हो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

### ६.११ यस कृषि चलनमा खाना पकाउन मुख्य रुपमा कुन इन्धन प्रयोग गर्नुहुन्छ ?

कृषि चलनले खाना पकाउन प्रयोग गरेको मुख्य इन्धन कुन हो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

### ६.१२ यस कृषि चलनमा बत्ती बाल्न मुख्य रुपमा के प्रयोग गर्नुहुन्छ ?

कृषि चलनले बत्ती बाल्नको लागि प्रयोग गर्ने मुख्य ऊर्जा कुन हो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

### ६.१३ यस कृषि चलनमा चर्पीको प्रकार कस्तो छ ?

कृषि चलनमा प्रयोग गरिने चर्पीको प्रकार कस्तो छ सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

### ६.१४ सन्दर्भ अवधिमा, कृषि चलनसँग भएका घरायसी तथा कृषि साधनहरुसम्बन्धी विवरण

सन्दर्भ अवधिमा, कृषि चलनसँग भएका घरायसी तथा कृषि साधनहरु जस्तैः मोबाईल, टेलिफोन, रेडियो, टेलिभिजन, यातायातको साधन, इन्टरनेट, कम्प्युटर, कृषि औजार मध्ये कुन कुन साधनहरु छन् सोधी उक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ । यदि माथिका कुनै पनि साधनहरु नभएको खण्डमा कुनै पनि साधन नभएको विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

### ६.१५ सन्दर्भ अवधिमा, कृषि चलनले कुन कुन कृषि कार्यका लागि सूचना उपयोग गरेको थियो?

सन्दर्भ अवधिमा, कृषि चलनले कृषि कार्यहरु जस्तैः मलको प्रयोग वा बाली संरक्षण सामाग्री, उत्पादनको मूल्य, बालीको रोग सम्बन्धी, उत्पादन गर्नुपर्ने बालीका प्रकारहरु, मौसमको पूर्वानुमान, पशुपन्छीको स्वास्थ्यसम्बन्धी, पशुपन्छीको आहारा, पशुपन्छीको प्रजनन, साधनको उपलब्धता, साधनको मूल्य, बाली हेरफेर र दिगो कृषिजन्य अभ्यासहरु, अन्य वातावरणीय जानकारी, भण्डारण, प्रशोधन, प्याकेजिङसम्बन्धी मध्ये कुन कुन कार्यका लागि सूचना प्रयोग गरेको थियो सोधी तत् तत् विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ । यदि माथिका मध्ये कुनै पनि कार्यका लागि सूचना प्रयोग नगरेको भए कुनै पनि कार्यका लागि सूचना प्रयोग नगरेको भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

### ६.१६ सन्दर्भ अवधिमा कृषिसम्बन्धी जानकारी कुन कुन सूचना स्रोतहरुबाट लिनु भएको थियो ?

सन्दर्भ अवधिमा, कृषि चलनले प्रश्न ६.७ मा कृषि कार्यको लागि उपयोग गरेका सूचनाहरुको स्रोतहरु जस्तैः सरकार वा अन्य सार्वजनिक संस्थाहरु, अन्य कृषकहरु, कृषकहरुको समूह वा संघहरु, गैह्रसरकारी संस्थाहरु वा गैह्र सरकारी परियोजना, नीजि प्राविधिक/सेवा प्रदायक, एग्रोभेट मध्ये कुन कुन स्रोतहरुबाट लिएको थियो सोधी तत् तत् विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ । यदि माथिका विकल्पहरुबाहेक अन्य सूचना स्रोतहरुबाट प्रयोग गरेको भए अन्यमा उल्लेख गर्नुपर्दछ ।

### ६.१७ सन्दर्भ अवधिमा, कृषिसम्बन्धी जानकारी कुन माध्यमबाट लिनुभयो ?

सन्दर्भ अवधिमा, कृषि चलनले प्रश्न ६.८ मा कृषि कार्यको लागि उपयोग गरेका सूचनाहरुको स्रोतहरु सिधा छलफल, टेलिफोन, रेडियो, टेलिभिजन, इन्टरनेट, पत्रपत्रिका, मोबाईल एप मध्ये कुन कुन माध्यमबाट लिएको थियो सोधी उक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ । यदि माथिका विकल्पहरुबाहेक अरु कुनै माध्यमबाट लिएको भए अन्यमा चिन्ह लगाउनु पर्दछ ।

# भाग १
# उत्पादन विधि तथा वातावरणसम्बन्धी विवरण

उत्पादन विधि तथा वातावरण मोडल AGRIS कार्यक्रम अन्तर्गत मुख्य प्रश्नावलीसँगै सोधिने प्रश्नावलीहरुमध्ये एक हो । उत्पादन विधि तथा वातावरण मोडल मुख्यतया कृषि चलनको उत्पादन विधि तथा अभ्याससँग सम्बन्धित छ । उत्पादन विधि तथा वातावरण मोडलमा ऊर्जाको प्रयोग, जग्गाको प्रयोग, माटो संरक्षण विधि, बाली संरक्षण सामग्री, पशु प्रजनन् विधि, पशुचिकित्सा, पशु आवास, मल व्यवस्थापन, प्राङ्गारिक खेती, कृषि वन, पूर्वाधार तथा सेवाहरुको प्रयोग रपहुंच, मौसम परिवर्तन र यसले पार्ने असरसम्बन्धी विवरणहरु संकलन गरिन्छ ।

### भाग १ उर्जा स्रोतसम्बन्धी विवरण

प्रश्नावलीको यस भागमा कृषि चलनले कृषि गतिविधिका लागि प्रयोग गरेका ऊर्जा स्रोतहरुको विवरण लिनुपर्दछ । ऊर्जा स्रोतहरुको विवरण लिँदा घरायसी गतिविधिमा प्रयोग भएको ऊर्जालाई छुट्याएर कृषि कार्यमा प्रयोग भएकोलाई मात्रै उल्लेख गर्नुपर्दछ ।

## १.१ सन्दर्भ-अवधिमा कृषि क्रियाकलापको लागि प्रयोग गरिएका ऊर्जा स्रोतहरु कुन कुन थिए ?

सन्दर्भ वर्षमा कृषि चलनले कृषि क्रियाकलापहरु गर्नको लागिविद्युत, पेट्रोलियम पदार्थ, वायोग्याँस, वायोमास मध्ये कुन कुन ऊर्जाका स्रोतहरु प्रयोग गरेको थियो सोधी प्रयोग भएका सबै स्रोतहरुमा चिन्ह लगाउनु पर्दछ ।

**विद्युत**

नेपाल विद्युत प्राधिकरण वा अन्य कुनै समुदायबाट उत्पादन गरी वितरित उर्जाको रुपमा कृषि चलनले प्रयोग गरेको उर्जाको विभिन्न स्रोतहरु मध्ये विद्युत एक प्रकारको स्रोत हो ।

**पेट्रोलियम पदार्थ**

यस सर्वेक्षणको सन्दर्भमा पेट्रोलियम पदार्थ भन्नाले उर्जाको रुपमा कृषि चलनले प्रयोग गरेको पेट्रोलजन्य पदार्थ जस्तैः पेट्रोल, डिजेल, मट्टितेल, एल.पि.जि. ग्यास आदि लाई बुझ्नु पर्दछ ।

**वायोमास**

वायोमास भन्नाले जैविक पदार्थहरू जस्तैः दाउरा, मकैको ढोड, काठ चिर्दा आएको भुस, गोबर मलबाट बनाइएका गुइँठा आदि बालेर प्रयोग गरिने ऊर्जालाई बुझ्नुपर्दछ ।

**वायोग्याँस**

वायोग्याँस भन्नाले जैविक पदार्थहरु जस्तैः जैविक फोहोर, फालिएको खाना, पशुजन्य फोहोर आदि कुहाएर निकालिएको मिथेन ग्याँस भन्ने बुझ्नु पर्दछ । जस्तैः गोबर ग्याँस ।

**सोलार**

सोलार भन्नाले सूर्यको प्रकाश/ताप प्रयोग गरी विभिन्न प्रविधि मार्फत उत्पादित ऊर्जालाई बुझ्नुपर्दछ ।

**अन्य ऊर्जा/इन्धन**

माथि उल्लिखित विभिन्न ऊर्जा स्रोतहरु प्रयोग नगरी अरु नै प्रयोग गरिएको छ भने अन्य ऊर्जा/इन्धन भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ।

**प्रयोग नभएको**

कृषि क्रियाकलापमा कुनै पनि ऊर्जा स्रोतहरु प्रयोग गरिएको छैन भने प्रयोग नभएको भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ।

# भाग २
# माटो व्यवस्थापन तथा सिंचाइसम्बन्धी विवरण

यहाँ, माटोको अवस्था र यसको उर्वरामा आएको कमी, संरक्षण विधि तथा उक्त विधि प्रयोग गरिएको क्षेत्रफलका साथै सिंचाईको अवस्था, सिंचित बाली तथा क्षेत्र, सिंचाई विधि र सिंचाइको लागि प्रयोग गरिएको पानीको स्रोतहरुआदि सम्बन्धी बुझ्न खोजिएको छ ।

## २.१ माटो व्यवस्थापनसम्बन्धी विवरण

**२.१.१ सन्दर्भ-अवधिमा अस्थयी बालीले ढाकेको खेतीयोग्य जग्गाको क्षेत्रफल**

यहाँ कृषि चलनले सन्दर्भ अवधिमा अस्थायी बाली लगाएको जग्गाको क्षेत्रफलसम्बन्धी विवरण संकलन गर्नुपर्दछ ।

**२.१.२ सन्दर्भ-अवधिमा खनजोत विधिअनुसार लगाइएको अस्थाई बालीको क्षेत्रफल लेख्नुहोस् ।**

यहाँ कृषि चलनले सन्दर्भ अवधिमा अस्थायी बाली लगाउँदा प्रयोग गरिएको खनजोत विधि र उक्त विधि प्रयोग गरिएको क्षेत्रफलसम्बन्धी विवरण संकलन गर्नुपर्दछ ।

**परम्परागत रुपमा खनजोत गरिएको जमिन**

सन्दर्भ अवधिमा, कृषि चलनले परम्परागत तरिकालेजमिन खनजोत गरी अस्थायी बाली लगाएको थियो भने परम्परागतरूपमा खनजोत गरी अस्थायी बाली लगाइएको क्षेत्रफल विघा, रोपनी, कठ्ठा वा रोपनी, आना, पैसामा उल्लेख गर्नुपर्दछ ।

**आधुनिक (यन्त्रिक) रुपमा खनजोत गरिएको जमिन**

सन्दर्भ अवधिमा, कृषि चलनले मेसिन तथा उपकरण, यन्त्रहरु प्रयोगबाट आधुनिक तरिकाले जमिन खनजोत गरी अस्थायी बाली लगाएको थियो भने आधुनिक (यान्त्रिक) रूपमा खनजोत गरी अस्थायी बाली लगाइएको क्षेत्रफल विघा, रोपनी, कठ्ठा वा रोपनी, आना, पैसामा उल्लेख गर्नुपर्दछ ।

**खनजोत नगरिएको**

सन्दर्भ अवधिमा, कृषि चलनले कुनै पनि साधन तथा उपकरणले जमिन खनजोत नगरी अस्थायी बाली लगाएको थियो भने खनजोत नगरी अस्थायी बाली लगाइएको क्षेत्रफल विघा, कठ्ठा, धूर वा रोपनी, आना, पैसामा उल्लेख गर्नुपर्दछ । यदि, खनजोत नगरी अस्थायी बाली लगाइएको भए उक्त क्षेत्रफल यहाँ उल्लेख गर्नु पर्दैन ।

**२.१.३ सन्दर्भ-अवधिमा, दुई अस्थायी बालीको बीचको अवधिमा माटोलाई ढाक्ने विधिअनुसार खेती योग्य जग्गाको क्षेत्रफल लेख्नुहोस् ।**

कृषि चलनले सन्दर्भ अवधिमा एउटा अस्थायी बाली लगाई अर्को अस्थायी बाली नलगाएसम्म जमिन खाली राखेको अवधिमा माटोलाई ढाक्न कुन कुन विधि प्रयोग गरिएको थियो र कति क्षेत्रफलमा उक्त विधि अपनाईएको थियो यहा बुझ्न खोजिएको हो ।

सन्दर्भ वर्षमा कृषि चलनले अस्थायी बालीहरु लगाएको भए दुई अस्थायी बालीहरुबीच जमिन खाली राखिएको सबैभन्दा लामा अवधिमा माटो नढाकिएको वा बालीको अवशेष रहेको वा आउने मौसमी बाली लगाई माटोलाई ढाकिएको वा नढाकिएको अवस्थाहरुको बारेमा सोधी कति क्षेत्रफलमा उक्त विधि अपनाइएको थियो विघा, कठ्ठा, धूर वा रोपनी, आना, पैसामा उल्लेख गर्नुपर्दछ । जस्तैः असारमा धान लगाई मंसिरमा उत्पादन लिएपछि पुन उक्त जग्गामा माघमागहु रोपी चैत्रमा उत्पादन लिइयो । त्यसपछि, सोही जग्गामा बैषाखमा तरकारी खेती गरियो भने यहा, दुई अस्थायी बाली बीचको समय अवधि क्रमशः २ महिना र १ महिना रहेको देखिन्छ । यस्तो अवस्थामा धेरै अवधि २ महिनालाई मानी उक्त अवधिमा माटोलाई ढाक्न प्रयोग गरिएको विधिअनुसारको क्षेत्रफल लेख्नुपर्दछ ।

**माटो नढाकिएको**

माटो नढाकिएको जग्गा भन्नाले बाली भित्र्याएपछि माटोलाई खुला वा माटोमाथि केही पनि नराखिएको अवस्थालाई बुझ्नुपर्दछ ।

**बालीको अवशेष रहेको**

बालीको अवशेष रहेको भन्नाले बाली भित्र्याइएपछि अवशेषका रुपमा जस्तैः पराल, ढोड, झारपात आदिले माटो ढाकिएको अवस्थालाई बुझ्नुपर्दछ ।

**आउने मौसमी बाली**

आउने मौसमी बाली भन्नाले एउटा अस्थायी बाली भित्र्याउने वित्तिकै अर्को अस्थायी बाली लगाई जमिन खाली नराखिएको अवस्थालाई बुझ्नुपर्दछ ।

**२.१.४ सन्दर्भ-अवधिमा कृषिचलनमा हेरफेर गरी बाली लगाउने गरिएको थियो ?**

यहा,कृषि चलनले एउटा बाली भित्र्याएपछि अर्को बाली लगाउँदा बाली परिवर्तन गरेको थियो वा थिएन भन्ने जान्न खोजिएको छ । सन्दर्भ वर्षमा यदि बाली परिवर्तन गरिएको भए थियोमा र नगरिएको भए थिएनमा चिन्ह लगाउनु पर्दछ ।

**२.१.५ सन्दर्भ-अवधिमा कम्तिमा दुईवटा बालीहरु हेरफेर गरिएको भए, सो जग्गाको क्षेत्रफल कति हो ?**

सन्दर्भ वर्षमा कृषि चलनले बाली परिवर्तन गरी खेती गरेको भए सो बाली हेरफेर गरिएको जग्गाको क्षेत्रफल लेख्नुपर्दछ । क्षेत्रफलको विवरण लिँदा बाली हेरफेर गरिएका सवै कित्ताहरुको हेरफेर गरिएको क्षेत्रफल मात्र जोडी एकमुष्ठ लेख्नुपर्दछ । उदाहरणको लागिः रामले ५ रोपनीको घरबारीमा क्रमशः मकै, तरकारी, तोरी लगाएको थियो । त्यस्तै, ७ रोपनीको टारीखेतमा धान लगाई मात्र ३ रोपनीमा गहु बाली लगाएको थियो भने यस्तो अवस्थामा बाली हेरफेर गरिएको जम्मा क्षेत्रफल ८ रोपनी हुन आउछ ।

**२.१.६ सन्दर्भ-अवधिमा कृषिचलनमा माटो व्यवस्थापनकालागि तलका मध्ये कुन कुन अभ्यास गरिएको थियो ?**

यहा, माटो व्यवस्थापन भन्नाले माटोको गुणस्तर बृद्धि तथा संरक्षणका लागि गरिएका विभिन्न प्रयासहरु जस्तैः **बाँझो राखिएको वा बाली स्थानान्तरण गरिएको, बोटविरुवा लगाइएको, कृषिचुनको प्रयोग गरिएको, कान्लाखेती गरिएको, डिल/बार लगाईएको, चरनको हेरफेर** आदि लाई बुझ्नु पर्दछ ।

कृषि चलनले सन्दर्भ वर्षमा माटो व्यवस्थापनकालागि तल दिइएका विकल्पहरु मध्ये कुन कुन विकल्पहरु अभ्यास गरेको थियो छनौट गरी चिन्ह लगाउनु पर्दछ ।

**बाँझो राखिएको वा बाली स्थानान्तरण गरिएको**
बाँझो राखिएको भन्नाले खेती लाग्ने जग्गालाई माटोको गुणस्तर बृद्धि गर्न वा संरक्षण गर्नका लागि केहि समय खेती नगरीखाली राखिएको जग्गालाई बुझ्नुपर्दछ ।
त्यस्तै, बाली स्थानान्तरण भन्नाले माटोको गुणस्तर बृद्धि गर्न वा संरक्षण गर्नका लागि कुनै जग्गामा एक बाली लगाएपछि त्यसै खेती नगरी बाँझै छोड्ने अभ्यासलाई बुझ्नुपर्दछ ।

**भूक्षय रोक्न बोटविरुवा लगाइएको**
भू-क्षय रोक्न बोटविरुवा लगाइएको भन्नाले माटो संरक्षण गर्ने उद्देश्यले भिरालो जग्गामा लगाइएको बोट विरुवालाई बुझ्नुपर्दछ ।

**कृषिचुनको प्रयोग गरिएको**
कृषि चुनको प्रयोग गरिएको भन्नाले माटोमा भएको अम्लीयपना हटाउन वा माटोमा भएको जिवाणुहरुलाई सक्रिय पार्ने उद्देश्यले क्याल्सियम/म्याग्नेसियम भएका पदार्थ जस्तैः चुनको प्रयेगलाई बुझ्नु पर्दछ ।

**कान्लाखेती गरिएको**
कान्ला खेतीको प्रयोग गरिएको भन्नाले भिरालो जग्गामा साना साना गह्रा बनाएर मलिलो माटोलाई बग्न नदिन र भू-क्षय रोक्ने उद्देश्यले गरिएको खेतीलाई बुझ्नु पर्दछ ।

**डिल/बार लगाईएको**
डिल वा बार लगाइएको भन्नाले खेतबारीमा मलिलो माटोलाई बग्न नदिन र भूक्षय रोक्ने उदेश्यले विशेष गरी जग्गाको भिरालोतर्फ बोट विरुवा लगाई वा अन्य तरिकाले गरिएको प्रयासलाई बुझ्नुपर्दछ ।

**चरनको हेरफेर**
चरणको हेरफेर भन्नाले चरन क्षेत्रमा माटोको गुणस्तर बृद्धि गर्न वा संरक्षणका लागि एक चरन क्षेत्रबाट अर्को चरन क्षेत्रमा जानुलाई बुझ्नु पर्दछ ।

**कुनै अभ्यास नगरिएको**
माथि उल्लेख गरिएको अभ्यासहरु वा अन्य कुनै अभ्यास नगरिएको भन्ने बुझ्नु पर्दछ ।

२.१.७ **सन्दर्भ अवधिमा, कृषि चलनको जग्गामा बाली अवशेषलाई जलाइएको थियो ?**
सन्दर्भ वर्षमा कृषि चलनमा जग्गा लगाइएको बालीको अवशेष जलाइएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
यहाँ, बालीको अवशेष भन्नाले बाली थन्काएपछि जग्गामा छोडिएका धानको पराल, मकैको ढोड, कोदोको नल आदिलाई बुझ्नुपर्दछ ।

२.१.८ **सन्दर्भ अवधिमा, अवशेष जलाइएको बालीको नाम तथा क्षेत्रफलको विवरण**
सन्दर्भ वर्षमा बालीको अवशेष जलाएर जग्गा सफा वा खाली गरेको भए अवशेष जलाइएको बालीको नाम र क्षेत्रफल उल्लेख गर्नुपर्दछ ।

**२.१.९ सन्दर्भ अवधिमा, काटेर वा फाडेर वा जलाएर जग्गा खाली गरिएको थियो ?**

सन्दर्भ वर्षमा बाली अवशेष बाहेकका वनस्पती, घास आदि काटेर वा फाँडेर वा जलाएर जग्गा सफा वा खाली गरिएको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

**२.१.१० सन्दर्भ अवधिमा, कृषि जग्गालाई अस्थायी बाँझोको रुपमा छाडिएको थियो ?**

सन्दर्भ वर्षमा कृषि चलनले कृषि जग्गालाई अस्थायी बाँझोको रुपमा छोडेको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यहाँ, अस्थायी बाँझोको रुपमा छोडिएको जग्गा भन्नाले कम्तीमा एक वर्ष र बढीमा ५ वर्षसम्म बाली नलगाई त्यसै खाली छोडिएको जग्गा लाई बुझ्नु पर्दछ ।

**२.१.११ सन्दर्भ अवधिमा, अस्थायी बाँझो जग्गामा भएको विरुवा, झारपात जलाइएको थियो ?**

सन्दर्भ वर्षमा कृषि चलनले अस्थयाी बाँझोको रुपमा छोडिएको जग्गामा भएका बोट विरुवा, झारपात वा झ्याङ जलाइएको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

**२.१.१२. सन्दर्भ अवधिमा, अस्थायी बाँझोको क्षेत्रफलमध्ये विरुवा, झारपात जलाइएको क्षेत्रफल कति प्रतिशत थियो ?**

सन्दर्भ वर्षमा अस्थायी बाँझोको रुपमा छोडिएका जग्गामा भएका बोट विरुवा वा झारपात वा झ्याङ जलाइएको थियो भने उक्त जलाइएको क्षेत्रफल जम्मा अस्थायी बाँझोको कति प्रतिशत क्षेत्रफल हो उल्लेख गर्नुपर्दछ ।

**२.१.१३ सन्दर्भ अवधिमा वन बनेलो भएको जग्गामा जलाइएको थियो ?**

सन्दर्भ वर्षमा कृषि चलनको वन वनेलो भएको जग्गामा जलाइएको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

**२.१.१४ सन्दर्भ अवधिमा, वन वनेलो भएको जग्गाको क्षेत्रफलमध्ये, जलाइएको क्षेत्रफल कति प्रतिशत थियो ?**

सन्दर्भ वर्षमा कृषि चलनको वन वनेलोभएको जग्गा जलाइएको थियो भने उक्त जलाइएको क्षेत्रफल जम्मा वन वनेलो भएको क्षेत्रफलको कति प्रतिशत थियोसोधी उल्लेख गर्नुपर्दछ ।

**२.१.१५ सन्दर्भ अवधिमा, प्रयोग नगरिएको कृषि जग्गामा जलाइएको थियो ?**

सन्दर्भ वर्षमा कृषि चलनले प्रयोग नगरेको कृषि जग्गा जलाइएको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**२.१.१६ प्रयोग नगरिएको जम्मा कृषि जग्गा मध्ये जलाइएको जग्गाको क्षेत्रफल कति प्रतिशत थियो ?**

सन्दर्भ वर्षमा कृषि चलनले प्रयोग नगरेको कृषि जग्गा जलाइएको थियो भने उक्त जलाइएको क्षेत्रफल प्रयोगमा नआएको जम्मा जग्गाको कति प्रतिशत थियो सोधी उल्लेख गर्नुपर्दछ ।

**२.१.१७ सन्दर्भ अवधिमा, पशुपन्छीलाई आहार वा सोत्तरका लागि बाली अवशेषहरु प्रयोग गरिएको थियो ?**

सन्दर्भ वर्षमा बालीका अवशेषहरु पशुपन्छीलाई आहार/खान वा सोतरको रुपमा प्रयोग गरिएको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**२.१.१८ सन्दर्भ अवधिमा, कुन कुन बालीका अवशेषहरु पशुपन्छीलाई आहार वा सोत्तरका लागी प्रयोग गर्नुभएको थियो ?**

सन्दर्भ वर्षमा बालीका अवशेषहरु पशुपन्छीलाई आहार/खाना वा सोत्तरको लागि प्रयोग गरिएको थियो भने बालीको अवशेषको नाम र के प्रयोजनको लागि प्रयोग गरिएको थियो उल्लेख गर्नुपर्दछ । बाली अवशेष महलमा बाली अवशेषहरुको नाम र अर्को महलमा पशुपन्छीलाई खुवाएको हो भने **आहाराको लागि** र पशुपन्छीलाई ओछ्याउन प्रयोग गरिएको हो भने **सोत्तरको लागि** र दुवै प्रयोजनको लागि हो भने **दुवैको लागि** भन्नेमा चिन्ह लगाउनु पर्दछ ।

**२.१.१९ सन्दर्भ अवधिमा कृषि चलनले माटोको परीक्षण गरेको थियो ?**

सन्दर्भ वर्षमा कृषि चलनले माटोको गुणस्तरको अवस्था थाहा पाउने उद्देश्यले माटोको परीक्षण गरिएको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**२.१.२० विगत पाँच वर्षमा कृषि चलनले माटोको परीक्षण गरेको थियो ?**

विगत पाँच वर्षमा कृषि चलनले माटोको गुणस्तरको अवस्था थाहा पाउने उद्देश्यले माटोको परीक्षण गरिएको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**२.१.२१ माटो परीक्षणपछि सुधारको लागि तलका मध्ये कुनकुन अभ्यास गरिएको थियो ?**

सन्दर्भ वर्षमा वा विगत पाँच वर्षमा माटो परीक्षणपछि सुधारका लागि कृषि चलनले गरेका विभिन्न अभ्यासहरुमा सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**कृषि चुनको प्रयोग**

कृषि चुनको प्रयोग भन्नाले माटोमा भएको अम्लीय पना हटाउन वा माटोमा भएको जिवाणुहरुलाई सक्रिय पार्ने उद्देश्यले क्याल्सियम/म्याग्नेसियम भएका पदार्थ जस्तैः चुनको प्रयोगलाई बुझ्नु पर्दछ ।

**प्राङ्गारिक मलको प्रयोग**

प्राङ्गारिक मल भन्नाले विभिन्न जैविक पदार्थ जस्तैः घाँस, पराल लगायतका वस्तुहरु कुहाएर बनाएको मल वा गोबर मल बुझ्नु पर्दछ ।

**सन्तुलित रासायनिक मलको प्रयोग**

सन्तुलित रासायनिक मलको प्रयोग भन्नाले रासायनिक मलमा हुने विभिन्न तत्त्वहरु जस्तैः नाइट्रोजन फोसफोरस र पोटासलाई माटोको अवस्था अनुसार सन्तुलित ढङ्गले प्रयोग गर्नुलाई बुझ्नु पर्दछ । यस्तो अभ्यास कृषि चलनमा कुनै पनि बाली वा कित्तामा गरिएको छ भने पनि उल्लेख गर्नु पर्दछ ।

**अन्य**

माटो सुधारका लागि कृषि चलनले अन्य प्रयासहरु गरेको थियो भने अन्य विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**केही पनि नगरेको**

माटो सुधारका लागि कुनै अभ्यास गरिएको छैन भने केही पनि नगरेको भन्ने बुझ्नु पर्दछ ।

**२.१.२२ सन्दर्भ अवधिमा, भारी वर्षा भएको बेला माटोको सतहमा ठूलो मात्रामा पानी जम्मा हुन्थ्यो ?**

यस प्रश्नले अत्याधिक वा धेरै वर्षा भएको बेलामा माटोमा पानी जम्मा हुन्छ वा हुँदैन भनी बुझ्न खोजिएको छ । यसरी पानी जम्मा भएको जग्गाको सन्दर्भमा कृषि गतिविधि भएकोमध्ये सबैभन्दा बढी पानी जम्मा भएको जग्गाको विवरण लिनु पर्दछ ।

**२.१.२३ माटोको सतहमा पानी जमेको वा बगेको बेलामा, पानी कस्तो देखिन्छ ?**

यहाँ माटोको सतहमा पानी जमेको वा बगेको अवधिमा पानीको रङ कस्तो हुन्छ भनी बुझ्न खोजिएको छ । यदि सफा देखिन्थ्यो भने **पानी स्पष्ट सफा देखिन्छ** भन्ने विकल्पमा, पानी खैरो वा धमिलो वा धेरै माटो भएको हिलो जस्तो देखिन्थ्यो भने **खैरो वा धमिलो** विकल्पमा चिन्ह लगाउनु पर्दछ । साथै कृषकलाई जानकारी वा याद छैन भने **थाहा छैन** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**२.१.२४ विगत पाँच वर्षमा, कृषि चलनमा तलका मध्ये माटोमा कुनै परिवर्तन देखिएको छ ?**

यस प्रश्नमा विगत पाँच वर्षदेखि कृषि चलनले खेती गर्दै आएको माटोमा के कस्ता परिवर्तनहरु देखिएका छन् भन्ने बुझ्न खोजिएको छ । त्यसैले कृषकलाई माटोमा आएका वा अनुभव गरिएका परिवर्तनहरु जस्तैः **माटोको रङमा परिवर्तन, खनजोतमा सहजता असहजता, बाली हुर्काइमा सहजता असहजता, माटोमा भएको ढुङ्गामा आएको परिवर्तनको** बारेमा सोधी उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ । माथि उल्लेखित कुनै पनि परिवर्तन नभएमा कुनै पनि होइनन् भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

**माटोको रङमा आएको परिवर्तन**

माटोको रङमा आएको परिवर्तन भन्नाले Moisture, खनिजको मिश्रण तथा जैविक तत्त्व आदिले माटोको रङमा आउने परिवर्तनलाई बुझ्नु पर्दछ ।

**खनजोतमा सहजता**

खनजोतमा सहजता भन्नाले माटो खनजोत गर्दा माटो खुकुलो भएर खनजोत गर्न सजिलो भएको अवस्थालाई बुझ्नु पर्दछ ।

**खनजोतमा असहजता**

खनजोतमा असहजता भन्नाले माटो चिम्टाइलो वा जमेर सारो भई खनजोत गर्न गाह्रो भएको अवस्थालाई बुझ्नु पर्दछ ।

**बाली हुर्काइमा सहजता**

माटोमा बाली रोपेपछि बाली सजिलै र समयमै हुर्केको छ भने बाली हुकाईमा सहजता भएको अवस्थालाई बुझ्नु पर्दछ ।

**बाली हुर्काइमा असहजता**

माटोमा बाली रोपेपछि बाली सजिलै र समयमै नहुर्केको छ भने बाली हुकाईमा असहजता भएको अवस्थालाई बुझ्नु पर्दछ ।

**माटोमा भएको ढुंगाको मात्रामा आएको परिवर्तन**

माटोमा ढुङ्गाको मात्रा बढेको वा घटेको भएमा माटोमा भएको ढुङ्गाको मात्रामा आएको परिवर्तनको अवस्थालाई बुझ्नु पर्दछ ।

**२.१.२५ विगत तीन वर्षदेखि, कृषि चलनमा तलका कुन कुन कारणले माटोको गुणस्तर घटाएको अनुभव गर्नुभएको छ ?**

यस प्रश्नले कृषि चलनमा विगत ३ वर्षदेखि कुनै कारणले माटोको गुणस्तरमा वा माटोको ऊर्वरा शक्तिमा कमी आएको छ भनी बुझ्न खोजिएको छ । यदि पछिल्लो तीन वर्षमा कृषकलाई माटोको गुणस्तर घटेको अनुभव भएको छ भने के के कारणले गुणस्तर घटेको भन्ने लाग्छ सोधी विभिन्न विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ । उक्त अवधिमा गुणस्तर घटेको अनुभव नगरिएको भए गुणस्तर घटेको छैन भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**अम्लीयपना**

माटोमा विरुवालाई चाहिने पोषक तत्व पर्याप्त नहुनु वा नाइट्रोजनको कमी भएर माटोको गुणस्तर घटेको अनुभव गरिएको छ भने अम्लीयपना भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**असन्तुलित रासायनिक मलको प्रयोग**

असन्तुलित रासायनिक मलको प्रयोग भन्नाले माटोमा प्रयोग गरिने रासायनिक मलको विभन्न तत्त्वहरु नाइट्रोजन, फसफोरस र पोटासलाई सन्तुलित ढङ्गले प्रयोग नगर्नु वा प्रयोग गर्दा समयको अन्तरालमा आवश्यकता अनुसार नराख्नुलाई बुझ्नुपर्दछ ।

**भूक्षय**
भूक्षय भन्नाले माथिल्लो तहको माटो विस्थापित वा बगेर वा अन्य कुनै तरिकाले खेर गई माटोको गुणस्तर घटेकोलाई बुझ्नु पर्दछ ।

**पानी जमेर (बाढी समेत/डुबान)**
पानी जमेर वा डुवान भन्नाले पानी जमेर वा डुवान वा बाढीले माटोमा क्षती पुऱ्याइ गुणस्तर घटाएको भन्ने बुझ्नु पर्दछ ।

### २.१.२६ विगत ३ वर्षमा, माथि उल्लेखित कारणहरुले प्रभावित भएको क्षेत्रफल कति हो ?
कृषि कार्य गर्दा विभिन्न कारणले माटोको गुणस्तर घटेको वा माटोलाई असर पुऱ्याएको भए उक्त प्रभावित क्षेत्रको क्षेत्रफल उल्लेख गर्नु पर्दछ । क्षेत्रफल उल्लेख गर्दा प्रभावित क्षेत्रको मात्रै विवरण लिनु पर्दछ ।

## २.२ सिंचाइ तथा निकाससम्बन्धी विवरण

यस भागमा सिंचाइको प्रयोग, सिंचित क्षेत्रफल, विधि, पानीको स्रोत र निकास सम्बन्धी जानकारी लिनुपर्दछ । यहाँ सिंचाइ भन्नाले जग्गाको उत्पादकत्व बढाउने उद्देश्यले थप श्रम वा साधन लगाई जग्गामा कूलो, नहर आदि बाट पानी पुऱ्याउने कार्यलाई बुझाउँदछ । त्यसैगरी निकास भन्नाले कृषि कार्य गरिएको जग्गामा पानी कटाउनको लागि व्यवस्था गरिएको पानीको निकास सम्बन्धी विधिलाई बुझ्नु पर्दछ ।

### २.२.१ विगत तीन वर्षमा, कृषि चलनमा सिंचाइ गर्नु भएको थियो ?
यस प्रश्नमा कृषि चलनले विगत तिन वर्षमा जग्गामा सिंचाइ गरको थियो वा थिएन भनेर बुझ्न खोजिएको छ । यदि सिंचाइ प्रयोग गरिएको थियो भने **थियो भन्ने** विकल्पमा चिन्ह लगाउनु पर्दछ । सिंचाईको व्यवस्था नभएर सिंचाइ गरिएको थिएन भने **थिएन, सिंचाई नभएर** भन्ने विकल्पमा चिन्न लगाउनु पर्दछ । यदि महंगो भएर सिंचाइ गरिएको थिएन भने **थिएन, महंगो भएर** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि आवश्यक नभएर सिंचाइ गरिएको थिएन भने **थिएन, आवश्यक नभएर** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ । यसरी विगत तिन वर्षको सिंचाइको प्रयोगको बारेमा जानकारी लिंदा तिन वर्षमा कम्तिमा एकपटक सिंचाइ भएको थियो भने पनि त्यसलाई सिंचाइ गरको थियो भनेर बुझ्नु पर्दछ ।

### २.२.२ सिंचाइ प्रयोग गर्ने अवस्थामा रहेको जग्गाको क्षेत्रफल
यहाँ सिंचाइ प्रयोग गर्ने अवस्थामा रहेको जग्गा भन्नाले सिंचाई प्रयोग नगरीएको तर प्रयोग गर्न चाहेमा सिञ्चित हुने जग्गालाई बुझ्नु पर्दछ ।
सन्दर्भ वर्षमा कृषि चलनमा सिंचाइ प्रयोग गर्ने अवस्थामा रहेको तर सिंचाई नगरिएको जग्गाको क्षेत्रफल उल्लेख गनुपर्दछ । उदाहरणको लागि धनमाया श्रेष्ठको खेतमा नहरको माध्यमबाट सिंचाई गरी उहाँले धान लगाउन सक्नुहुन्छ तर काम गर्ने मानिसको अभावले उक्त जमिनमा सिंचाई नचाहिने बाली मकै लगाउनु भएको छ । उहाँको यस जग्गाको क्षेत्रफल सिंचाइ प्रयोग गर्ने अवस्थामा रहेको जग्गाको क्षेत्रफलको महलमा लेख्नु पर्दछ ।

### २.२.३ सिंचित जग्गाको क्षेत्रफल
यहाँ जम्मा सिंचाइ प्रयोग भएको जग्गाको/सिञ्चित जग्गाको क्षेत्रफलको विवरण लिनुपर्दछ ।

२.२.४ **सन्दर्भ अवधिमा, सिंचाइका लागि कुन कुन विधि प्रयोग गरिएको थियो ?**

यहाँ, कृषि कार्यका लागि प्रयोग गरिएका विभिन्न सिंचाइका विधिहरुको बारेमा जानकारी लिन खोजिएको छ। सन्दर्भ वर्षमा कृषि चलनले सतही सिंचाई, फोहोरा सिंचाई, थोपा सिंचाई मध्ये कुन कुन विधिहरु प्रयोग गरी सिंचाई गरेको छ सोही विधिहरुमा चिन्ह लगाउनु पर्दछ। यदि, माथिका विधिहरु बाहेक अन्य विधि प्रयोग गरेको भए अन्यमा खुलाई लेख्नु पर्दछ।

**सतही सिंचाइ**

जमनिको सतहमा भएकोपानीलाई पाइप, नहर, कुलो वा अन्य तरिकाले खेत बारीमा पानी पुऱ्याई गरिने सिंचाईलाई सतही सिंचाइमा बुझ्नु पर्दछ।

**फोहोरा सिंचाइ**

वर्षाको अनुभूति हुने गरेर पाइपमार्फत् चापसृजना गरेर जमिन हावामा पानीको फोहोरा छोडी जमिन भिजाइने सिंचाईलाई फोहोरा सिंचाइमाबुझ्नु पर्दछ।

**थोपा सिंचाइ**

भल्भ/पाइप ट्युवमार्फत पानी सिधै माटोको सतहमा वा सिधा जरा भएको भागमा थोपा थोपा गरी पानी पठाइ गरिने सिंचाईलाई थोपा सिंचाइ भनिन्छ।

**अन्य**

माथिको बाहेक अरु कुनै विधिद्वारा सिंचाइ गरिएको भए **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ।

२.२.५ **सन्दर्भ अवधिमा, सिंचाइका स्रोतहरु कुन कुन थिए ?**

यहाँ सन्दर्भ वर्षमा सिंचाइको स्रोत कुन कुन थिएर उक्त स्रोतको सिंचाइमा योगदान कति थियो जान्न खोजिएको छ। सन्दर्भ वर्षमा जमिन मुनिको पानी, खेतको सतहको पानी, खेत बाहिर सतहको पानी, बाध रिजर्भ्वायर नहर, धाराको पानी, वर्षाको पानी, वर्षामा संकलित पानी मध्ये कुन कुन स्रोतहरुबाट सिंचाई गरिएको थियो सोधी सोही स्रोतका विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ। यदि माथि उल्लेखित स्रोतहरुबाहेक अन्य स्रोतबाट सिंचाइ गरिएको थियो भने उक्त स्रोत यहाँ उल्लेख गर्नुपर्दछ। साथै, माथि चिन्ह लगाएका स्रोतहरुको सिंचाईमा कति प्रतिशत योगदान रहेको थियो सम्बन्धित महलहरुमा प्रतिशतमा लेख्नु पर्दछ।

**सिंचाइका स्रोत**

सिंचाइका स्रोत भन्नाले सिंचाइको लागि पानी कहाँबाट ल्याएको हो सो स्रोतलाई बुझाउँदछ। जस्तैः नदी बाँध बाँधेर कुलो/नहरको सहायताले सिंचाइको लागि पानी ल्याएको छ भने बाँध बाँधेर पानी, नदी सिंचाइको स्रोत हो र कूलो/नहर चाहिँ सिंचाइको माध्यम हो।

**जमिनको सतह मुनिको पानी**

जमिनको सतह मुनिको पानी भन्नाले ट्यूबवेल वा बोरिङ गरी सतह मुनीबाट तानिएको पानी बुझ्नु पर्दछ।

**खेतको सतहको पानी**

कृषि चलनको खेतमा आफैं मुल फुटेर निस्किएको पानीलाई खेतको सतहको पानी बुझ्नु पर्दछ।

**खेत बाहिरको सतहको पानी**

कृषि चलनको खेत भन्दा बाहिर जमिनको सतहमा भएका नदी, तलाउ आदिको पानीलाई खेत बाहिरको सतहको पानी बुझ्नु पर्दछ।

**बाँध रिजर्भ्वायर नहर**

नदीबाट सिधै सिंचाई नगरी उक्त नदीमा कुनै किसिमको अवरोधहरु बनाई गरीने सिंचाईलाई बाँध बाँधेर नहर बुझ्नु पर्दछ ।

**धाराको पानी**

सरकार, संघसंस्था वा उपभोक्त समिति आदिले खानेपानी प्रयोजनकालागि पाइपको माध्यमबाट घर तथा समुदायमा वितरण गरिएको पानीलाई धाराको पानी बुझ्नु पर्दछ ।

**वर्षामा संकलित पानी**

वर्षाको समयमा आकाशबाट आएको पानी कुनै ट्याङ्की, पोखरीबनाई संकलन गरिएको पानीलाई बुझ्नु पर्दछ ।

**अन्य**

माथि उल्लेखित बाहेकका स्रोत भएमा **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

२.२.६ **विगत ३ वर्षमा, तपाईंलाई पानीको स्रोतहरुमा पानी घटेको अनुभव छ ?**

यस प्रश्नमा विगत ३ वषको अवधिमा पानीको स्रोतहरुमा पानी घटेका अनुभव गरेको छ छैन जान्न खोजिएको छ । यदि घटेको अनुभव गरेको छैन भने **घटेको छैन** भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ । यदि इनारमा पानीको तह घटेको वा निकै कम हुन थालेको अनुभव छ भने **छ, इनारमा पानीको तह उल्लेख्य रुपमा घट्दै गएको छ** भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ । यदि इनार बाहेक पानीको अन्य स्रोत खोला, नदी, कुलो, झरना, प्राकृतिक मुलहरुमा पानी घट्दै गएको वा प्रर्याप्त नभएको अनुभव छ भने छ, **पानीका श्रोतहरु (इनार बाहेक) मा पानी पर्याप्त छैन** भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ । यदि कुनै अनुभव गरेको थाहा नभएको अवस्थामा **थाहा छैन** भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

२.२.७ **सिंचाइसम्बन्धी संस्थाहरुले कृषिचलन भएको क्षेत्रमा कार्य गरिरहेका छन्** ?

कृषिचलन भएको क्षेत्रमा विभिन्न संघ संस्थाले सिंचाइसम्बन्धी काम गरिरहेका छन् वा छैनन् र छन् भने कस्तो कार्य गरिरहेका छन् भनी जान्न खोजिएको छ । यदि विभिन्न संघसंस्थाले राम्रो काम गरिरहेका छन् भने छन्, राम्रो काम गरिरहेका छन् भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ । यदि विभिन्न संघ संस्थाले काम गरेछन् तर राम्रो काम गरको छैनन् भने छन् तर राम्रो काम गरिरहेका छैनन् भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ । यदि कुनै काम गरेका छैनन् भने छैनन् भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ । यदि उत्तरदातालाई यस सम्बन्धमा कुनै जानकारी नभएको भए थाहा छैन भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

२.२.८ **सन्दर्भ अवधिमा, कृषि चलनले सिंचाइमा गरेको जम्मा खर्च** (रु.)

सन्दर्भ वर्षमा कृषि चलनले सिंचाइ कार्यको लागि गरेको जम्मा खर्च यहाँ उल्लेख गर्नुपर्दछ । सिंचाइ कार्यका लागि गरेको खर्च भन्नाले सिञ्चित जग्गाको क्षेत्रफल अनुसार वा समय अनुसार वा एकमुष्ट रुपमा तोकिएको खर्च वा सिंचाइको लागि प्रयोग गरिएको विद्युत वा अन्य ऊर्जाको लागि गरिएको खर्च भन्न बुझ्नु पर्दछ । यदि कुनै खर्च गरिएको छैन भने शुन्य रूपैयाँ उल्लेख गर्नुपर्दछ ।

२.२.९ **सन्दर्भ अवधिमा, कृषि चलनमा पानीको निकासको व्यवस्था थियो** ?

यस प्रश्नमा कृषि चलनमा पानीको निकासको व्यवस्था थियो वा थिएन भनेर बुझ्न खोजिएको छ । यदि थियो भने कस्ता किसिमको थियो भन्ने जानकारी पनि लिनुपर्दछ । यहाँ निकास भन्नाले कृषि कार्य गरिएको जग्गामा पानी कटाउनको लागि गरिएको व्यवस्थालाई बुझ्नुपर्दछ । यदि जमिनको सतहमा सामान्य रूपमा कुलेशा वा खेतका गराहरुबाट पानी कटाउने व्यवस्था गरिएको छ भने **थियो, सामान्य निकाश** भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ अथवा निकासका लागि जमिनको सतहमा वा भूमिगत रूपमा पाइपहरु राखेर प्रविधियुक्त व्यवस्था गरिएको छ भने **थियो, व्यवस्थित निकाश** भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

# भाग ३
# बाली उत्पादन विधिसम्बन्धी विवरण

उत्पादन विधि तथा वातावरण मोडलको यस भागमा बाली संरक्षणसम्बन्धी विवरण तथा धान खेतीसम्बन्धी विवरण, विशेषगरी खनिज मल र यसको प्रयोग, विषादीको प्रयोगका साथै यससँग जोडिएको जोखिम र नियन्त्रणका उपायको बारेमा जानकारी लिइन्छ ।

**३.१.१ तपाई रासायनिक एवमं खनिज मलको प्रयोगबाट हुने पर्यावरणीय जोखिमको बारेमा जानकार हुनुहुन्छ ?**

यहाँ कृषि चलन रासायनिक एवम् खनिज मलको प्रयोगबाट हुने पर्यावरणीय जोखिमको बारेमा जानकार हुनुहुन्छ वा हुनुहुँदैन भनेर बुझ्न खोजिएको छ । यहाँ पर्यावरणीय जोखिम भन्नाले बाली उत्पादनमा प्रयोग गरिएको रासायनिक एवम् खनिज मलको प्रयोगबाट माटोको अम्लीयपना बढेर उर्वरत शक्तिमा आउने कमी, पानीमा हुने जीव/किराहरुमा पर्ने असर, मानवीय स्वास्थ्य, जलवायु परिर्वनमा पर्ने असरबाट हुने पर्यावरणीय जोखिमलाई बुझ्नुपर्दछ ।

**३.१.२ सन्दर्भ अवधिमा, कृषिचलनले रासायनिक एवं खनिज मलको प्रयोगको कारणले हुने पर्यावरणीय जोखिम कम गर्न उपायहरु अपनाएको थियो ?**

कृषि चलन रासायनिक एवं खनिज मलको प्रयोगबाट हुने पर्यावारणीय जोखिमको बारेमा जानकार हुनहुन्छ भने सन्दर्भ वर्षमा कृषि चलनले त्यस्ता जोखिम कम गर्ने कुनै उपायहरु अपनाएको थियो वा थिएन भनी सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**३.१.३ कृषिचलनले कुन कुन उपाय अपनाएको थियो ?**

रासायनिक एवं खजिन मलको प्रयोगबाट हुने पार्यवारणीय जोखिम कम गर्न कृषि चलनले अपनाएका उपायहरु कुन कुन थिए सोधी उपर्युक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

- सिफारिस गरेको मात्रा वा सल्लाह अनुसार मलको प्रयोग गरी जोखिम कम गराउने उपाय अपनाएको भए प्राविधिक सल्लाह वा मापदण्ड अुनसार प्रयोग गरेर भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- यदि गाई/गोरुको मल, गोवर पराल, घाँस आदि जैविक पदार्थ कुहाएर बनाएको प्राङ्गारिक मल र रासायनिक मलको उचित मात्रा प्रयोग गरेर जोखिम कम गराउने उपाय अपनाएको भए प्राङ्गारिक र रासायानिक मलको उचित समिश्रण गरेर भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- माटोको गुणस्तर बृद्धि वा सन्तुलित रासायनिक मलको प्रयोग कम गर्न कोषेबाली जस्तैः केराऊ, दाल, राज्मा, चना जस्ता बालीहरु वा अन्य बालीहरु सँगै लगाएर जोखिम कम गराउने उपाय अपनाइएको छ भने कोषेबाली वा बहुबाली लगाएर भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- बालीहरु रोपेदेखि फल लाग्ने समयसम्मको अवधि भरी उचित समयको फरकमा रासायनिक मलको प्रयोग गरेको थियो भने उचित समय अन्तरालमा रासायनिक मलको प्रयोग गरेर भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- यदि माटोको किसिम तथा जलावायुको अवस्थाको आधारमा आवश्यकता अनुसार रासायनिक मलको प्रयोग गरेको थियो भने माटोको प्रकार, मौसमको आधारमा मलको आवश्यक मात्रा प्रयोग गरेर भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

- यदि कम्तिमा ५ वर्षमा एकपटक माटोको गुणस्तर वा अवस्थाको जनकारीका निम्ति माटो परिक्षण गरेर आवश्यक सुधार गरेको थियो भने ५ वर्षमा कम्तिमा एकपटक माटो परिक्षण गरेर भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- माथि उल्लेखित विभिन्न उपाय बाहेक अन्य उपाय पनि कृषि चलनले अपनाएको थियो भने अन्य भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**३.१.४ सन्दर्भ अवधिमा, कृषि चलनले, बाली उत्पादनको लागि विषादी प्रयोग गरेको थियो ?**

सन्दर्भ वर्षमा कृषि चलनले बाली उत्पादनको लागि विषादी प्रयोग गरेको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यहाँ विषादी भन्नाले हानीकारक पदार्थ हो, जसले बोट विरुवामा लाग्ने किरा वा रोगलाई नष्ट गर्ने वा नियन्त्रण गर्ने गर्दछ । साथै, यसले विरुवा तथा उत्पादनलाई पनि संरक्षण गर्दछ ।

**३.१.५ सन्दर्भ अवधिमा, कृषि चलनले मुख्य कुन प्रकारको विषादी प्रयोग गरेको थियो ?**

सन्दर्भ वर्षमा कृषि चलनले विषादी प्रयोग गरेको भए कुन मुख्य विषादी प्रयोग गरेको थियो सोध्नुपर्दछ । विषादीको कडापनका सन्दर्भमा यदि सुरक्षित वा सामँन्य खालको हरियो संकेत भएको विषादी हो भने **हरियो (सुरक्षित)** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि कडापनका सन्दर्भमा मध्यम खालको निलो संकेत भएको विषादी हो भने **निलो (मध्यम खालको)** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि कडापनका सन्दर्भमा कडा खालको पहेंलो संकेत भएको विषादी हो भने **पहेंलो (कडा)** भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ । यदि कडापनका सन्दर्भमा अति कडा खालको रातो संकेत भएको विषादी हो भने **रातो (अति कडा)** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**३.१.६ सन्दर्भ अवधिमा, कृषि चलनले विषादी प्रयोगबाट हुने मानव स्वास्थ्यसम्बन्धी जोखिमहरुबाट बच्नको लागि विशेष उपायहरु अपनाएको थियो ?**

यहाँ, विषादी प्रयोगबाट मानव स्वास्थ्यमा पर्न सक्ने असर वा जोखिमबाट बच्न कृषि चलनले कुनै विशेष उपाय अपनाएको थियो वा थिएन भन्ने सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यहाँ मानव स्वास्थ्यसम्बन्धी जोखिम भन्नाले बाली संरक्षणका लागि प्रयोग गरिएका विषादीले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानव स्वास्थ्यमा पार्ने असरलाई बुझ्नुपर्दछ ।

**३.१.७ सन्दर्भ अवधिमा, कृषिचलनले मानव स्वास्थ्यसम्बन्धी जोखिमबाट बच्नका के के उपायहरु अपनाएको थियो ?**

यदि कृषि चलनले मानव स्वास्थ्यसम्बन्धी जोखिमबाट बच्न कुनै उपायहरु अपनाएको रहेछ भने अपनाएका उपायहरु सोधी **विषादीको प्रयोगसम्बन्धी निर्देशन पालन गरेर, विषादी प्रयोग भएका कार्टुन, बोटल, झोला आदिको सुरक्षित व्यवस्थापन गरेर, सुरक्षित पोशाक तथा उपकरणको** प्रयोग गरेर भन्ने विकल्पहरु मध्येबाट उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनुपर्दछ ।

**विषादीको प्रयोगसम्बन्धी निर्देशन पालन गरेर**

विषादीको प्रयोग गर्दा यसको प्रयोगको सन्दर्भमा दिएका निर्देशनहरु जस्तै: प्रयोग गर्ने मात्रा, प्रयोग गर्ने विधि, समय आदिको पालना गरिएको छ भने विषादीको प्रयोगसम्बन्धी निर्देशन पालन गरेर भन्ने बुझ्नु पर्दछ ।

**कार्टुन, बोटल, झोला आदिको सुरक्षित व्यवस्थापन गरेर**

विषादीको प्रयोग भएका विभिन्न सामग्रीहरु जस्तैः कार्टुन, बोटल, झोला आदिको सुरक्षित व्यवस्थापन गरेर मानव स्वास्थ्यमा पर्ने असरलाई कम गरिएको छ भने विषादी प्रयोग भएका कार्टुन, बोटल, झोला आदिको सुरक्षित व्यवस्थापन गरेर भन्ने बुझ्नु पर्दछ ।

**सुरक्षित पोशाक तथा उपकरणको प्रयोग गरेर**

यदि विषादीको प्रयोग गर्ने समयमा स्वास्थ्यमा पर्न सक्ने असर कम गर्न सुरक्षित पोशाक, पन्जा, माक्स, जुत्ता वा अन्य सामग्री प्रयोग गरिएको छ भने सुरक्षित पोशाक तथा उपकरणको प्रयोग गरेर भन्ने बुझ्नु पर्दछ ।

**३.१.८ सन्दर्भ अवधिमा, कृषिचलनले बाली तथा पशुपन्छीजन्य रोग नियन्त्रणका लागि विशेष उपायहरु अपनाएको थियो ?**

सन्दर्भ वर्षमा, बाली तथा पशुपन्छीजन्य रोग नियन्त्रणका लागि कृषि चललले कुनै विशेष उपाय अपनाएको थियो कि थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि, बालीजन्य रोग नियन्त्रणका लागि उपाय अपनाएको थियो भने **थियो, बालीजन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि पशुपन्छीजन्य रोग नियन्त्रणका लागि उपाय अपनाएको थियो भने **थियो, पशुपन्छीजन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि दुवै बाली तथा पशुजन्य रोग नियन्त्रणका लागि उपाय अपनाएको थियो भने **दुवै थियो** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि रोग निन्त्रणका लागि कुनै उपयाहरु अपनाइएको थिएन **भने थिएन** भन्ने विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ ।

**३.१.९ सन्दर्भ अवधिमा, कृषिचलनले बालीजन्य रोग नियन्त्रणका लागि के के उपायहरु अपनाएको थियो ?**

सन्दर्भ वर्षमा, बालीमा लागेको रोगहरु नियन्त्रण गर्न कृषि चलनले कस्ता किसिमका उपायहरु अपनाएको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

- विषादीको प्रयोग गर्दा यसको प्रयोगको सन्दर्भमा दिएका निर्देशनहरु जस्तैः प्रयोग गर्ने मात्रा, प्रयोग गर्ने विधि, समय आदिको पालना गरिएको छ भने विषादीको प्रयोगसम्बन्धी निर्देशन पालन गरेर भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- विरुवा रोप्ने समय फेरबदल गरी रोगबाट बच्ने उपाय अपनाइएको थियो भने विरुवा रोप्ने समयको समायोजन गरेर भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- एउटा विरुवा र अर्को विरुवाको बीचमा निश्चित दुरी कायम गरी रोपिएको थियो भने बोटविरुवाको अन्तर पारेर भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- बालीजन्य रोग नियन्त्रणका लागि एउटै जग्गामा एउटा बालीपछि नयाँ बाली लगाउने गरिएको थियो भने बालीको हेरफेर गरेर भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ । जस्तैः रामबहादुरले मंसिरमा धान उत्पादन गरेपछि पुन त्यस जग्गामा धान नलगाई आलु रोप्दछ भने यसलाई एउटा बाली पछि अर्को नयाँ बाली लगाएको वा बाली हेरफेर गरिएको भन्ने बुझ्नुपर्दछ ।
- दुई वा दुईभन्दा बढी बाली लहर बनाएर व्यवस्थित तरिकाले अन्तर बालीको रूपमा वा दुई वा दुई बढी बाली लाइन नबनाई संयुक्त रूपमा मिश्रित बालीको रूपमा रोपिएको थियो भने अन्तर/मिश्रित बालीको प्रयोग गरेर भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ । मकैसँगै भटमास रोप्नुलाई दुई वा दुईभन्दा बढी बाली संयुक्त रूपमा रोपिएको बालीको रूपमा बुझ्नुपर्दछ ।

- बाली विरुवाहरुमा रोग तथा किराको प्रकोपहरु हुदाँ घरायसी वस्तुहरु जस्तैः तितेपाती, खरानी, गोमूत्र तथा अन्य प्राङ्गारिक पदार्थहरुबाट बनाइएको विषादी प्रयोग गरि नियन्त्रण गरिएको छ भने जैविक विषादीको प्रयोग गरेर भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- रोग नियन्त्रणको निम्ति रोग प्रतिरोधी वा रोगबाट बच्न सक्ने प्रजातिका विरुवाहरु वा बाली लगाइएको थियो भने रोग प्रतिरोधी वा अनुकूल खेती लगाएर भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- किराले आक्रमण गरेको वा असर पुऱ्याएको बोट विरुवाको भाग व्यवस्थित रूपमा हटाएर रोग नियन्त्रण गर्ने गरिएको थियो भने किराले आक्रमण गरेको विरुवाको भाग व्यवस्थित रुपमा हटाएर भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- बोट विरुवाहरुमा रोग किराको प्रकोप छ कि छैन भनी  परिक्षणपश्चात बोटविरुवाहरु एक ठाउँबाट अर्को ठाउँमा सारिएको छ भने क्वारेन्टाइनीङ गरेर भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**३.१.१० कृषि चलनले पशुपन्छीजन्य रोग नियन्त्रणका लागि के के उपायहरु अपनाएको थियो ?**

सन्दर्भ वर्षमा, पशुपन्छीजन्य रोग नियन्त्रण गर्न कृषि चलनले कस्ता किसिमका उपायहरु अपनाएको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

- औषधीको प्रयोग गर्दा यसको प्रयोगको सन्दर्भमा दिएका निर्देशनहरु जस्तैः प्रयोग गर्ने मात्रा, प्रयोग गर्ने विधि, समय आदिको पालना गरिएको छ भने विषादीको प्रयोगसम्बन्धी निर्देशन पालन गरेर भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- पशुपन्छीजन्य रोगको प्रकोपहरु हुँदा घरायसी वस्तुहरु तथा अन्य प्राङ्गारिक पदार्थहरुबाट बनाइएको औषधीको प्रयोग गरि नियन्त्रण गरिएको छ भने जैविक विषादीको प्रयोग गरेर भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- पशुपन्छीजन्य रोग नियन्त्रणका लागि चरन हेरफेर गर्रिएको छ भने चरन हेरफेर गरेर भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- पशुपन्छीहरुमा रोगको प्रकोप छ कि छैन भनी परिक्षण पश्चात पशुपन्छीहरु एक ठाउबाट अर्को ठाउमा सारिएको छ भने क्वारन्टाईनीङ गरेर विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- रोग नियन्त्रणकोनिम्ति रोग प्रतिरोधी वा रोगबाट बच्न सक्ने प्रजातिका पशुपन्छीपालिएको थियो भने पशुपन्छीको प्रजाति पालेरलगा भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

## धान खेतीसम्बन्धी विवरण

धान खेतीसम्बन्धी विवरण अन्तर्गत यस खण्डमा धानको उत्पादन विधि, उत्पादन चक्र, धानको जातहरु उत्पादन अवधि, सिंचाइको अवस्था, रोप्ने विधि आदिको जानकारी लिनुपर्दछ ।

**३.२.१ सन्दर्भ अवधिमा, कृषिचलनमा धान खेती गरिएको थियो ?**

सन्दर्भ वर्षमा कृषि चलनमा धान खेती गरिएको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**३.२.२ सन्दर्भ अवधिमा, कति पटक धान खेती गरिएको थियो ?**

यहाँ कृषि चलनको वर्ष भरीमा कति पटक धान खेती गरिएको थियो भन्ने जानकारी लिन खोजिएको छ । यदि, वर्ष भरिमा कृषि चलनले असार र चैत्रमा धान लगाएको थियो भने २ पटक भन्ने उल्लेख गर्नुपर्दछ ।

**३.२.३ सन्दर्भ अवधिमा, कुन कुन प्रकारका धान खेती गरिएको थियो ?**

यहाँ, सन्दर्भ वर्षमा कुन कुन प्रकारको धान खेती गरिएको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनुपर्दछ । यदि, मसिनो धान जस्तैः वासमति, जिरामसिनो लगाइएको थियो भने **मसिनो धान** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि, मोटो धान जस्तैः सावित्री, मनसुली लगाइएको थियो भने **मोटो धान** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ । यहाँ बहुउत्तर लागू हुनेछ ।

**३.२.४ सन्दर्भ अवधिमा, (धान) को उत्पादन अवधि (दिन) कति थियो ?**

सन्दर्भ वर्षमा हिउँदे वा वर्षे दुवै मौसममा रोपिएको धानको उत्पादन अवधि कति दिन थियो सोधी उल्लेख गर्नुपर्दछ । यहाँ उत्पादन अवधि भन्नाले धान रोपेदेखि काटेको समयसम्मको अवधिलाई बुझ्नुपर्दछ । धानको उत्पादन अवधि सोध्दा दुवै प्रकारको धानको हकमा छुट्टाछुट्टै सोध्नुपर्दछ ।

**३.२.५ सन्दर्भ अवधिमा, (धान) उत्पादनको दौरानमा प्रयोग गरिएको सिंचाई विधि र पानीको व्यवस्था सम्बन्धी विवरण दिनुहोस् ।**

यहाँ, धान रोपीसकेपछि उत्पादन नभएसम्मको अवधिमा धानको लागि प्रयोग गरिएको सिंचाइ-विधि र पानीको व्यवस्थाको बारेमा जानकारी लिनुपर्दछ । यदि, सिञ्चित छ र सधैं खेतमा पानी बगिरहन्छ भने **सिञ्चित, लगातार बगिरहने** भन्ने विकल्पमा चिन्ह लगाउनुपर्छ वा सिञ्चित छ र आवश्यकता अनुसार पानी लगाउने वा सुकाउने गरिएको थियो भने **सिञ्चित सुकाउने/लगाउने** भन्ने विकल्पमा चिन्ह लगाउनुपर्छ र पानीको लागि वर्षामा निर्भरता थियो भने **वर्षा अनुरुप** भन्ने विकल्पमा चिन्ह लगाउनुपर्छ ।

**३.२.६ सन्दर्भ अवधिमा, धान खेती गर्नु अगाडि माटोमा कुनै प्राङ्गारिक मल राखिएको थियो ?**

सन्दर्भ वर्षमा धान खेती गर्नु अगाडि माटोमा गोठे मल, कम्पोष्ट मल, हरियो मल वा अन्य मल मध्ये कुन कुन किसिमको प्राङ्गारिक मल राखिएको थियो सोधी उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनुपर्दछ । त्यस्तैः माथि उल्लेखित बाहेक अरु कुनै मल प्रयोग भएको भए अन्य विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि, खेती गर्नु अगाडि कुनै पनि किसिमको प्राङ्गारिक मल राखिएको थिएन भने कुनै पनि राखिएको थिएन भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

**प्राङ्गारिक मलको प्रयोग**

प्राङ्गारिक मलको प्रयोग भन्नाले माटो सुधारको लागि प्रयोग गरिएको स्थानीय गोबर मल, पराल, घाँस लगायत विभिन्न जैविक पदार्थ कुहाएर बनाएको मल आदिको प्रयोग बुझ्नु पर्दछ ।

**गोठे मल**

गाइवस्तुको दिसा, पिसाव सोत्तर आदिको समिश्रणबाट बनेको मललाई गोठे मल भनिन्छ ।

**कम्पोष्ट मल**

विभिन्न खालको जैविक वस्तुहरु जस्तैः पात, पतिङ्गर आदि कुहाएर बनाइएको मललाई कम्पोष्ट मलभनिन्छ ।

**हरियो मल**

हरियो मल भन्नाले असुरो, तितेपाती, ढैंचा लगायतका अन्य विरुवाहरु सिधै खेतबारीमा कुहाएर बनाइएको मल भन्ने बुझ्नु पर्दछ ।

**३.२.७ सन्दर्भ अवधिमा, धान रोप्न कुन विधि प्रयोग गरिएको थियो ?**

सन्दर्भ वर्षमा धान रोप्न प्रयोग गरिएको विधिको बारेमा जानकारी लिई उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि, धान रोप्नुभन्दा पहिले विरुवाहरु ब्याडमा हुर्काएपछि खेतमा सारिन्छ भने **विरुवा सार्ने विधि** भन्ने

विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि सुख्खा माटोमा बीऊ छरेर त्यही हुर्काइन्छ भने **बीऊ छर्ने** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि दुवै विधि प्रयोग गरिएको थियो भने **मिश्रित** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**३.२.८ सन्दर्भ अवधिमा औषत कति दुरीमा धान रोपिएको थियो ?**

सन्दर्भ वर्षमा रोपिएको धानको विरुवाहरु बिचको औषत दूरीको विवरण लिनुपर्दछ । यदि, लाइन बनाएर धान रोपिएको थियो भने लाइन लाइन बीचको दूरीका साथै विरुवा-विरुवाबीचको दूरी पनि लिनु पर्दछ र लाइन अनुसार रोपिएको थिएन भने एउटा विरुवाबाट अर्को विरुवा बीचको दूरी सेन्टिमटरमा लिनुपर्दछ ।

# भाग ४
# पशुपालन उत्पादन विधिसम्बन्धी विवरण

प्रश्नावलीको यस खण्डमा पशुपालनको उत्पादन विधि, प्रजनन् विधि, आहारा, पानी आवास मलको प्रयोग जस्ता विवरण लिई तथ्याङ्क संकलन गर्नुपर्दछ।

४.१.१ **सन्दर्भ अवधिमा, कृषि चलनमा पशुपन्छी चिकित्सा सेवाहरु लिएको थियो ?**
सन्दर्भ वर्षमा कृषि चलनले पशुपन्छीको प्रजनन्को लागि, उपचारको लागि, रोग लाग्न नदिनका लागि कुनै चिकित्सा सेवा लिएको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ।

४.१.२ **सन्दर्भ अवधिमा, कृषि चलनले (पशुपन्छी) मा कुन कुन प्रयोजनका लागि पशु चिकित्सा सेवाहरु लिएको थियो ?**
सन्दर्भ वर्षमा कृषि चलनले लिएको चिकित्सा सेवा के को लागि थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ। साथै, उल्लेखित सबै पशुपन्छीको हकमा पालैपालो गरी सोध्नु पर्दछ।

- कृषि चलनले लिएको चिकित्सा सेवा पशु प्रजनन्सँग सम्बन्धित थियो भने प्रजनन् भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ।
- उल्लेखित पशुपन्छीहरुमा लागेको रोग वा स्वास्थसम्बन्धी समस्याको उपचारको लागि चिकित्सा सेवा लिइएको थियो भने उपचारमूलक भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ।
- उल्लेखित पशुपन्छीहरुमा रोग लाग्न वा स्वास्थ्यसम्बन्धी समस्या आउन नदिनको लागि रोकथाम गर्ने उद्देश्यले चिकित्सासेवा लिइएको थियो भने रोकथाममूलक भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ।

४.१.३ **सन्दर्भ अवधिमा कृषि चलनमा पालिएको (पशु) को लागि प्रयोग गरिएको प्रमुख प्रजनन् विधि के थियो ?**
सन्दर्भ वर्षमा कृषि चलनले पशु प्रजननको लागि अपनाएको विधि के थियो भनी सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ।

- कृषि चलनमा भएको भाले प्रजाति छनौट गरी वा अन्य चलनको भाले प्रजाति मार्फत् प्राकृतिक गर्भधान गराइएको थियो भने प्राकृतिक प्रजनन विधि भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ।
- पशुचिकित्सक वा प्रजजन् केन्द्र आदिका प्राविधिक सल्लाह अनुरुप विभिन्न प्रविधिमार्फत् कृत्रिम गर्भाधान गराइएको थियो भने कृत्रिम प्रजनन् विधि भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ।

४.१.४ **सन्दर्भ अवधिमा, कृषि चलनको लागि प्रजनन् सेवा उपलब्ध गराउने प्रमुख प्रदायक को थिए ?**
सन्दर्भ वर्षमा कृषि चलमा उल्लेखित पशुपन्छी गर्भाधान गराउन प्रयोग गरिएको प्रजनन् सेवा उपलब्ध गराउने प्रमुख संस्था कुन थियो सोधी कुनै एक सेवा प्रदायक उल्लेख गर्नुपर्दछ।

- निजी क्षेत्रका पशु चिकित्सक वा प्राविधिकबाट सेवा लिईएको थियो भने निजी पशु प्राविधिक भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ।
- नेपाल सरकारका वा सरकारी पशु कार्यालयका प्राविधिक वा पशु चिकित्सबाट सेवा लिईएको थियो भने सरकारी पशु प्राविधिक भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ।
- कृषि चलन आफैं पशु प्रजनन्सम्बन्धी चिकित्सक सेवाको अनुभव भएर आफैं व्यवस्था गरेको थियो भने आफ्नै व्यवस्थापन भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ।

- पशु चिकित्सासम्बन्धी तालिम लिई ग्रामीण क्षेत्रमा ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको रूपमा कार्यरत प्राविधिकबाट लिएको सेवा भए ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- माथि उल्लेखित सेवा प्रदायकहरु भन्दा अन्य प्रदायकबाट सेवा लिएको भए अन्य भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**४.१.५ सन्दर्भ अवधिमा, कृषि चलनले (पशुपन्छी) मा एन्टेवायोटिक्सको प्रयोग गरेको थियो ?**

सन्दर्भ वर्षमा उल्लेखित पशुहरु उपचार गर्न वा रोकथाम गर्न वा घातक जिवाणुहरूलाई मारी स्वास्थ्य बनाउन एन्टेवायोटिक्स प्रयोग गरिएको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**४.१.६. सन्दर्भ अवधिमा, तपाईंले (पशुपन्छी) मा वृद्धि प्रवर्धक (Growth Promoter) को प्रयोग गर्नुभएको थियो ?**

सन्दर्भ वर्षमा कृषि चलनले बृद्धि प्रवर्द्धकको प्रयोग गरेको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यहाँ, बृद्धि प्रवर्धकको प्रयोग भन्नाले पशुको वजन बढाउने वा उत्पादन बढाउने उद्देश्येले प्रयोग गरिएको औषधि, भिटामिन वा अन्य वस्तुको प्रयोगलाई बुझ्नुपर्दछ ।

**४.१.७ सन्दर्भ अवधिमा, कृषि चलनले (पशुपन्छी) मा परम्परागत औषधिको प्रयोग गरेको थियो ?**

सन्दर्भ वर्षमा कृषि चलनलने उल्लेखित पशुहरुको उपचारमा परम्पारगत औषधिको प्रयोग गरको थियो वा थिएन भनी सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यहाँ, परम्परागत औषधी भन्नाले विभिन्न परिस्थिति, विश्वास र संस्कृतिमा आधारित स्वदेशी अनुभव, ज्ञान, सीप र विभिन्न अभ्यासहरु मार्फत् पशुको प्रजनन्, उपचारात्मक, रोकथाममूलक वा अन्य उपचारको लागि प्रयोग गरिने औषधि भन्ने बुझ्नुपर्दछ ।

**४.१.८ सन्दर्भ अवधिमा कृषि चलनले (पशुपन्छी) मा कुन कुन प्रयोजनको लागि परम्परागत औषधिको प्रयोग गरको थियो ?**

सन्दर्भ वर्षमा कृषि चलनले परम्पारगत औषधीको कुन कुन प्रयोजनको लागि प्रयोग गरेको थियो सोधी विभिन्न विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ ।

- पशुलाई गर्भधान गराउनको लागि प्रयोग गरिएको थियो भने प्रजनन भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- उल्लेखित पशुहरुमा लागेको रोग वा स्वास्थसम्बन्धी समस्याको उपचारको लागि चिकित्सा सेवा लिइएको थियो भने उपचारमूलक भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- उल्लेखित पशुहरुमा रोग लाग्न वा स्वास्थ्यसम्बन्धी समस्या आउन नदिनको लागि रोकथाम गर्ने उद्देश्यले चिकित्सासेवा लिइएको थियो भने रोकथाममूलक भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- माथि उल्लेखित प्रयोजन भन्दा अन्य प्रयोजनको लागि परम्परागत औषधिको प्रयोग गरेको थियो भने अन्य भन्ने विकल्मा चिन्ह लगाउनु पर्दछ ।

## पशुपन्छी आवाससम्बन्धी विवरण

**४.२.१ सन्दर्भ अवधिमा, तपाईंले आफु बस्ने घरमा पशुपन्छी पनि पाल्नुभएको थियो ?**

सन्दर्भ वर्षमा कृषि चलनले मानिस बस्न तथा पशुपन्छीपालनको लागि एउटै घरको प्रयोग गरेको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**४.२.२ सन्दर्भ अवधिमा, कृषि चलनभित्र रहेका पशुपालन गर्ने भवनहरुमा भेन्टिलेशनको व्यवस्था थियो ?**
सन्दर्भ वर्षमा कृषि चलनले पशुपन्छीको आवासको निम्ति प्रयोग गरेको भवनभित्र बाहिरको हावा प्रवाह गराई भित्रको प्रदूषित हावालाई विस्थापित गराउने प्रविधिको व्यवस्था गरिएको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनुपर्दछ । तर प्राकृतिक रुपमा वा खुल्ला रुपमा बनाइको भवन तथा गोठहरुको सन्दर्भमा भेन्टिलेशनको व्यवस्था गरिएको मानिदैन ।

**४.२.३ सन्दर्भ अवधिमा, कृषि चलनभित्र रहेका पशुपन्छीपालन गर्ने भवनहरुमा तापक्रम नियन्त्रण गर्ने गरिएको थियो ?**
सन्दर्भ वर्षमा, कृषि चलनले पशुपन्छीको आवासको निम्ति प्रयोग गरेको भवन भित्र आवश्यकता अनुसार तापक्रम मिलाउन सक्ने प्रविधिको व्यवस्था गरको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

## घुम्ती चरण विधि सम्बन्धी विवरण

**४.३.१ सन्दर्भ अवधिमा कृषि चलनमा घुम्ती चरण विधिको अभ्यास गरिएको थियो ?**
सन्दर्भ वर्षमा कृषि चलनले घुम्ती चरन विधि वा पशुपालन विधि अन्तर्गत अस्थायी रुपमा पशुहरु कुनै निश्चित समयको लागि चरन वा मौसम अनुकलताको लागि कुनै अर्को स्थानमा सार्ने/लाने गरिएको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । जस्तैः जाडो मौममा उच्च लेकहरु वा हिमाली भेगबाट बेसी तिर चरन वा मौसमअनुकूलका लागि चौंरीहरु सार्नुलाई एक ठाउँबाट अर्को स्थानमा सारेको भने बुझ्नुपर्दछ ।

**४.३.२ सन्दर्भ अवधिमा घुम्ती चरण विधिको लागि प्रयोग गरिएका पशुहरु कुन कुन थिए ?**
सन्दर्भ वर्षमा घुम्ती चरन विधिको लागि प्रयोग गरिएको पशुहरु सोधी प्रयोग गरिएका सबै पशुहरुमा चिन्ह लगाउनु पर्दछ ।

**४.३.३ सन्दर्भ अवधिमा, कृषि चलनबाट पशुहरु चलनभन्दा बाहिर चरनका लागि लाने गरिएको थियो ?**
सन्दर्भ वर्षमा कृषि चलनबाट पशुहरु चलनभन्दा बाहिर चराउनका लागि लाने गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यहाँ, चलनभन्दा बाहिर भन्नाले कृषि चलनले कृषि कार्यको लागि उपयोग गरेको जग्गाभन्दा बाहिर सार्वजनिक वा अन्य किसिमको चौर चरनमा लानेलाई बुझ्नुपर्दछ ।

**४.३.४ सन्दर्भ अवधिमा, कृषि चलनले बेच्नका लागि पशुहरु बजारमा लाने गरेको थियो ?**
सन्दर्भ वर्षमा, कृषि चलनले पशुहरु बेच्नका लागि बजार लाने गरेको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**४.३.५ सन्दर्भ अवधिमा, पशुहरु विक्रीका बजार लैजान मुख्य कुन यातायातको साधन प्रयोग गरिएको थियो ?**
सन्दर्भ वर्षमा कृषि चललने पशुहरु बेच्नका लागि बजार लैजादा प्रयोग गरेको यातायातको साधनको बारेमा जान्न खोजिएको छ ।

यदि, पैदल हिँडेर पशुहरु बजार लगि बेचिएको थियो भने **पैदल** भन्ने विकल्पमा सवारी साधन वा मोटर प्रयोग गरेर पशुहरु बजार लगि बेचिएको थियो भने **मोटर प्रयोग गरेर** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि, पैदल वा मोटर बाहेक अन्य साधन प्रयोग गरेर पशुहरु बजार लगि बेचिएको थियो भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

## पशुपन्छीको पिउने पानीसम्बन्धी विवरण

४.४.१ **सन्दर्भ अवधिमा पशुपन्छीलाई खुवाउने पानीको मुख्य स्रोत सबै मौसमहरुका लागि एउटै थियो ?**
सन्दर्भ वर्षमा पशुपन्छीलाई सबै मौसमहरु (वर्षैभरी) का लागि खुवाउने पानीको स्रोत एउटै थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

४.४.२ **सन्दर्भ अवधिमा, पशुपन्छीका लागि पानी खुवाउन प्रयोग गरिएको पानीको मुख्य स्रोत उल्लेख गर्नुहोस् ।**
सन्दर्भ वर्षमा पशुपन्छीलाई सबै मौसममा (वर्षैभरी) पानी खुवाउने मुख्य स्रोत कुन थियो सोधी उल्लेखित पानीका स्रोतहरु जस्तैः **वोरिङ गरिएको पानी, इनार, कुवा, ताल, बाध, नदि, खोला, जम्मा गरिएको वर्षात्को पानी, धाराको पानी** मध्ये उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । माथि उल्लेखित पानीको स्रोतभन्दा अन्य मुख्य स्रोत थियो भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

४.४.३ **सन्दर्भ अवधिको सुख्खायाममा पशुपन्छीका लागि पानी खुवाउन प्रयोग गरिएको पानीको मुख्य स्रोत उल्लेख गर्नुहोस् ।**
सन्दर्भ वर्षमा पशुपन्छीलाई पानी खुवाउने मुख्य स्रोत सबै मौसम वा याममा एउटै नभएको सन्दर्भमा सुख्खायामको लागि पानी खुवाउन प्रयोग गरिएको मुख्य स्रोत जस्तै **वोरिङ गरिएको पानी, ईनार, कुवा, ताल, बाध, नदि, खोला, जम्मा गरिएको वर्षातको पानी, धाराको पानी** मध्ये कुन थियो सोधी उपयुक्त विकल्पमा चिह्न लगाउनु पर्दछ । माथि उल्लेखित पानीको स्रोत भन्दा अन्य मुख्य स्रोत थियो भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

४.४.४ **सन्दर्भ अवधिको वर्षायाममा पशुपन्छीका लागि पानी खुवाउन प्रयोग गरिएको पानीको मुख्य स्रोत उल्लेख गर्नुहोस् ।**
सन्दर्भ वर्षमा पशुपन्छीलाई पानी खुवाउने मुख्य स्रोत सबै मौसम वा याममा एउटै नभएको सन्दर्भमा वर्षायामको लागि पानी खुवाउन प्रयोग गरिएको मुख्य स्रोत जस्तै **वोरिङ गरिएको पानी, ईनार, कुवा, ताल, बाध, नदि, खोला, जम्मा गरिएको वर्षातको पानी, धाराको पानी** मध्ये कुन थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । माथि उल्लेखित पानीको स्रोत भन्दा अन्य पानीको स्रोत थियो भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

४.४.५ **सन्दर्भ अवधिको पशुपन्छीलाई पानी खुवाउनका लागि समस्या परेको थियो ?**
सन्दर्भ वर्षमा पशुपन्छीलाई पानी खुवाउन समस्या परेको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

४.४.६ **सन्दर्भ अवधिमा कुन कुन महिना पशुपन्छीलाई पानी खुवाउन समस्या परको थियो ?**
सन्दर्भ वर्षमा पशुपन्छीलाई पानी खुवाउन कुन कुन महिनामा समस्या परेको थियो सोधी समस्या परेको महिनाहरुमा चिन्ह लगाउनु पर्दछ ।

४.४.७ **समस्या भएको बेलामा पशुपन्छीलाई पानी खुवाउन नसक्नुको मुख्य कारण के थियो ?**
सन्दर्भ वर्षमा पशुपन्छीलाई पानी खुवाउन समस्या भएकोसमयमा पानी खुवाउन नसक्नुको कारण सोधी उपयुक्त कारणमा चिन्ह लगाउनु पर्दछ ।

- पानीको स्रोतहरु प्रर्याप्त नभएकाले केही स्रोतहरुमा निर्भर हुनु परेकोले पानी खुवाउन नसकिएको हो भने सिमित पानीका स्रोतहरु भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

- उपलब्ध पानीका स्रोतहरुमा पानीको अभाव भएर पानी खुवाउन नसकिएको हो भने भइरहेका पानीका स्रोतहरुमा पानीको अभाव भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- उपलब्ध पानीका स्रातेहरुमा पानी फोहोर भएर खुवाउन अयोग्य भएकाले समस्या भएको हो भने भइरहेका पानीका स्रोतहरुमा फोहोर पानी भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- माथि उल्लेखित विकल्पबाहेक अन्य कारणले पानी खुवाउन समस्या भएको थियो भने अन्य भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

४.४.८ **समस्या अवधिमा, पशुपन्छीलाई पानी उपलब्ध गराउन गरिएका समाधानका उपायहरु के के थिए ?**
सन्दर्भ वर्षमा पशुपन्छीलाई पानी खुवाउन समस्या भएपछि समाधानका लागि गरिएका उपायहरु जस्तै:**कृषि चलन नजिकैको अन्य स्रोतको पानी निःशुल्क प्रयोग गरेर, कृषि चलन नजिकैको अन्य स्रोतको पानी शूल्क तिरेर, कृषि चलनबाट टाढाको अन्य स्रोतको पानी निःशुल्क प्रयोग गरेर, कृषि चलनबाट टाढाको अन्य स्रोतको पानी शुल्क प्रयोग गरेर** मध्ये कुन कुन थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि माथि उल्लेखित विकल्पबाहेक अन्य समाधानका उपायहरु भएको भए **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

## मल व्यवस्थापन सम्बन्धी विवरण

४.५.१ **सन्दर्भ अवधिमा, कृषि चलनमा कुन कुन प्रकारका प्राङ्गारिक मल उत्पादन गरिएको थियो ?**
सन्दर्भ वर्षमा कृषि चलनमा प्राङ्गारिक मल जस्तैः उत्पादन गरेको गोठे मल, कुखुराको मल, कम्पोष्ट मल, गोवरग्यासको लेदो, झोल मलमध्ये कुन कुन उत्पादन गरिएको थियो सोधी उत्पादन गरिएको प्राङ्गारिक मलहरूमा चिन्ह लगाउनु पर्दछ ।

- गाइवस्तुको दिशा पिसाव तथा सोत्तर समिश्रणबाट बनेको मल उत्पादन गरिएको थियो भने गोठे मल भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- कुखुराको मल उत्पादन गरिएको थियो भने कुखुराको मल भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- पात पतिङ्गर कुहाएर मल उत्पादन गरिएको थियो भने कम्पोष्ट मल भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- कृषि चलनमा वायोग्याँसबाट मल उत्पादन गरिएको थियो भने उक्त बायोग्यासबाट उत्पादित लेदो मललाई गोवर ग्यासको लेदो भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- पशुमूत्र, गोबर आदिमा तीतेपाती, असुरो, नीम आदि जस्ता वनस्पती कुहाएर झोल मल बनाइएको छ भने झोल मल भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- प्राङ्गारिक मल नै उत्पादन गरेको थिएन भने कुनै पनि थिएन भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- यदि कृषि चलनले माथि उल्लेखित कुनैपनि प्राङ्गारिक मल उत्पादन गरेको थिएन भने कुनै पनि थिएन भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

४.५.२ **सन्दर्भ अवधिमा कृषि चलनमा उत्पादित प्राङ्गारिक मल बेचेको वा दिएको थियो ?**
सन्दर्भ वर्षमा कृषि चलनले उत्पादन गरेको प्राङ्गारिक मल बेचेको वा दिएको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**४.५.३ सन्दर्भ अवधिमा, बेचेको वा दिएको प्राङ्गारिक मलको परिमाणसम्बन्धी विवरण**

सन्दर्भ वर्षमा कृषि चलनले उत्पादन गरी बेचेको वा दिएको प्राङ्गारिक मलको विवरण लिनुपर्दछ । कृषि चलनले आफ्नो चलनमा उत्पादन गरेको मल वस्तु वा सेवासँग साटिएको वा बिक्री गरिएको र निःशुल्क रूपमा दिइएको थियो भने कति कति परिमाण दिएको थियो सोधी किलोग्राममा उल्लेख गर्नुपर्दछ ।

**४.५.४ सन्दर्भ अवधिमा, प्राङ्गारिक मल को कति प्रतिशत तलका मल व्यवस्थापन विधि प्रयोग गरेर व्यवस्थित गरिएको थियो ?**

सन्दर्भ वर्षमा कृषि चलनले उत्पादन गरेको मलको व्यवस्थापनको लागी **परम्परागत वा सुधारिएको विधि** मध्ये कुन विधि प्रयोग गरेको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । साथै, कति प्रतिशत प्राङ्गारिक मल परम्परागत विधिबाट र कति प्रतिशत सुधारिएको विधि प्रयोग गरेर व्यवस्थित गरिएको थियो प्रतिशतमा सोधी उल्लेख गर्नुपर्दछ । यहाँ, सुधारिएको मल व्यवस्थापन विधि भन्नाले मल भएको पोषक तत्वलाई संरक्षण गर्ने उद्देश्यले घामपानीबाट जोगाई व्यवस्थित तरिकाले राखिएको भन्ने बुझ्नु पर्दछ । त्यस्तै, परम्परागत मल व्यवस्थापन विधि भन्नाले खुल्ला रुपमा घामपानीबाट पनि नजोगाई अव्यवस्थित तरिकाले राखिएको भन्ने बुझ्नु पर्दछ ।

**४.५.५ सन्दर्भ अवधिमा, कृषि चलनले उत्पादन गरेको मल कृषिकार्य बाहेक अन्य उद्देश्यको लागि प्रयोग गरिएको थियो ?**

सन्दर्भ वर्षमा, कृषि चलनने उत्पादन गरको मल कृषि कार्य बाहेक अन्य प्रयोजनको लागि प्रयोग गरिएको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**४.५.६ सन्दर्भ अवधिमा, कृषि चलनले उत्पादन गरेको मल अन्य कुन कुन उद्देश्यको लागि प्रयोग गरिएको थियो ?**

सन्दर्भ वर्षमा, कृषि चलनले उत्पादन गरको प्राङ्गारिक मल कृषि कार्य बाहेक कुन कुन प्रयोजनको लागि प्रयोग गरको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

- ऊर्जा उत्पादनको लागि मल प्रयोग गरेको थियो भने ऊर्जाको लागि भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ । जस्तैः गाई गोरुको मलबाट गुइठा बनाई आगो बाल्ने गरिएको छ भने ऊर्जा उत्पादनको लागि प्रयोग गरको मल भन्ने बुझ्नुपर्दछ ।
- निर्माण कार्यको लागि मल प्रयोग गरिएको थियो भने निर्माणको लागि भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ । जस्तैः घर वा गोठहरु निर्माणको क्रममा गोबर मल निर्माण सामग्रीको रुपमा प्रयोग गरिएको थियो भने निर्माणमा प्रयोग गरिएको मल भन्ने बुझ्नु पर्दछ ।
- आहार वा खानको लागि मलको प्रयोग गरिएको थियो भने आहारको लागि भन्ने विकल्पमा चिन्हलगाउनु पर्दछ । जस्तैः बंगुरपालनबाट निष्कासित मल माछापालनमा प्रयोग गरिएमा वा अन्य आहारा उत्पादन गर्न मल प्रयोग गरिएमा खानको लागि प्रयोग गरिएको मल भन्ने बुझ्नु पर्दछ ।

# भाग ५
# कृषि वनसम्बन्धी विवरण

कृषि वनसम्बन्धी विवरणअन्तर्गत कृषि चलनने अभ्यास गरेको कृषि वन सम्बन्धी क्रियाकलाप, कृषि वनको क्षेत्रफल, कृषि वनका लागि रोपिएका विरुवाहरु र क्षेत्रफल आदिको जानकारी लिनुपर्दछ।

## ५.१ सन्दर्भ अवधिमा कृषि चलनले कृषि वनसम्बन्धी क्रियाकलापहरु गरेको थियो?

सन्दर्भ अवधिमा कृषि चललने कृषि वनसम्बन्धी क्रियाकलाप गरेको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ।

यहाँ कृषि वन भनेको दिगो भूमी व्यवस्थापन प्रणाली हो जसले वनजन्य प्रजातिका रुखहरु र अन्य विरुवाहरु योजनाबद्ध रूपमा लगाई माटोको उर्वरतामा सुधार ल्याउने भू-क्षय नियन्त्रण, तथा पशुपालनको लागि आहार उपलब्ध गराई कृषि गतिविधिलाई सहयोग गर्दछ। जस्तैः कृषि चलनमा कृषि कार्यअन्तर्गत कृषि वनको क्रियाकलापसँगै बालीजन्य गतिविधि वा पशुपालन पनि सँगसँगै गरिएको साथै, कृषि चलनमा कृषि कार्य अन्तर्गत विभिन्न वनजन्य प्रजातिका रुखहरु र अन्य उपयोगी काठजन्य विरुवाहरु हुर्काइको/रोपिएको छ र यसले माटोको उर्वरता बढाउने देखि भू-क्षयबाट पनि जोगाउने वा बाली तथा पशुपालन कार्यलाई पनि सहायता प्रदान गर्दछ भने यो कृषि वन क्रियाकलाप हो भनी बुझ्नु पर्दछ।

## ५.२ सन्दर्भ अवधिमा, कृषि चलनले कुन कुन प्रकारका कृषि वनसम्बन्धी क्रियाकलापहरु गरेको थियो ?

सन्दर्भ वर्षमा कृषि चलनले कुन प्रकारको कृषि वनसम्बन्धी क्रियाकलापको गरेको थियो सोधी उपयुक्त कृषि वन प्रणालीमा चिन्ह लगाउनु पर्दछ।

- कृषि चलनले कृषि वन क्रियाकलापसँगै बाली उत्पादन कार्य पनि गरेको थियो र बाली उत्पादनलाई कृषि वनले सहयोग गरेको थियो भने बाली र रुख प्रणालीमा चिन्हलगाउनु पर्दछ। जस्तैः हरेरामले विभिन्न प्रकारका सिसौ, चापजस्ता रुख विरुवाहरु हुर्काएका थिए र तिनै रुख विरुवाहरुको छहारीमा अदुवा, बेसार जस्ता खेती गरेका थिए भने यसलाई बाली र रुख प्रणाली भनी बुझ्नु पर्दछ।
- कृषि चलनले कृषि वन क्रियाकलाप र पशुपालन पनि सँगसँगै गरेको थियो र पशुपालनलाई कृषि वनले सहयोग गरेको थियो भने रुख र पशुपन्छी प्रणालीमा चिन्ह लगाउनु पर्दछ। जस्तैः हरेरामले बाखापालन गरेका थिए र कृषि चलनअन्गार्तत रहेको जग्गामा बाखालाई आवश्यक पर्ने विभिन्न वनजन्य घाँस तथा बोटविरुवाहरु पनि हुकाईएका थिए भने यसलाई रुख र पशुपन्छी प्रणाली भनी बुझ्नु पर्दछ।
- कृषि चलनमा कृषि कार्य अर्न्तगत विभिन्न वनजन्य प्रजातिका रुखहरु र अन्य उपयोगी काठजन्य विरुवाहरु हुर्काइएको/रोपिएको थियो र बाली तथा पशुपालन उत्पादन कार्य पनि गरिएको थियो भने बाली, रुख र पशुपन्छी प्रणाली चिन्ह लगाउनु पर्दछ।

## ५.४ सन्दर्भ अवधिमा, भएका मुख्य रुखहरु/विरुवाहरु कुन कुन हुन् ?

सन्दर्भ वर्षमा कृषि वनसम्बन्धी कार्य अन्तर्गत कृषि चलनमा भएका तथा रोपिएका मुख्य रुख, विरुवाहरु जस्तैः **फलफूल, डालेघाँस, जडिबुटी, काठ पैदावारमध्ये** कुन-कुन हुन सोधी उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ। यदि, माथि उल्लेखित विकल्पबाहेक अन्य मुख्य रुख, विरुवाहरु भएको भए **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ।

## ५.५ कृषि चलनमा भएको कृषि वनको लागि सन्दर्भ अवधिमा विरुवा रोपिएको थियो ?

सन्दर्भ वर्षमा कृषि वन कार्य अन्तगर्त कृषि चलनले कृषि वनको लागि विरुवा रोपेको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

## ५.६ सन्दर्भ अवधिमा रोपिएको विरुवाले ढाकेको क्षेत्रफल

कृषि चलनमा कृषि कार्य अर्न्तगत विभिन्न वनजन्य प्रजातिका रुखहरु र अन्य उपयोगी काठजन्य विरुवाहरु रोपिएको थियो भने उक्त क्षेत्रफल यहाँ उल्लेख गर्नुपर्दछ ।

# भाग ६
# सूचना, पूर्वाधार र स्रोत साधनको पहुँच र प्रयोगसम्बन्धी विवरण

यस भागमा सुविधा, उपकरण, पूर्वाधार, बजार, भण्डारण वा उपकरणको रेखदेख सम्बन्धी विवरण लिनुपर्दछ । साथै, सुविधाको उपलब्धता वा पहुँच र कृषि चलनले सामना गर्नु परेको मुख्य समस्याहरु पहिचान गर्नु यस भागको मुख्य उद्देश्य हो ।

६.१.१ **सन्दर्भ अवधिमा कृषि चलनले उत्पादन बेच्नु अगाडि बजार अवस्थाको बारेमा जानकारी राख्ने गरेको थियो ?**
सन्दर्भ वर्षमा, कृषि चलनले कृषि उत्पादन विक्री गर्नु अगाीड बजारमा उत्पादनको माग तथा आपूर्ति वा बजार मूल्यको बारेमा जानकारी राख्ने गरेको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

६.१.२ **सन्दर्भ अवधिमा कृषि प्राविधिकले कति पटक प्राविधिक सेवाको लागि कृषि चलनको भ्रमण गरेका थिए ?**
सन्दर्भ वर्षमा, निजी वा सरकारी कृषि प्राविधिकले कृषि कार्यका लागि आवश्यक पर्ने प्राविधिक सेवा दिन कति पटक कृषि चलनको भ्रमण गरेका थिए सोधी लेख्नुपर्दछ ।

६.१.३ **सन्दर्भ अवधिमा, कृषि प्राविधिकले प्राविधिक सेवाको लागि कृषि चलनमा गरेको भ्रमण पर्याप्त थियो ?**
सन्दर्भ वर्षमा निजी वा सरकारी कृषि प्राविधिकले पशुपन्छी, बाली उत्पादन वा अन्य कृषि कार्यकालागि आवश्यक पर्ने प्राविधिक सेवा दिन कृषि चलनमा गरेको भ्रमण प्रर्याप्त थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्हलगाउनु पर्दछ ।

६.१.४ **सन्दर्भ अवधिमा, कृषि प्राविधिकले भ्रमण नगर्नु/पर्याप्त भ्रमण नगर्नुको मुख्य कारण के थियो ?**
सन्दर्भ वर्षमा, कृषि प्राविधिकले कृषि चलनमा प्राविधिक सेवा दिन गरेको भ्रमण यदि प्रर्याप्त थिएन भने मुख्य कारणहरु जस्तैः **आवश्यक नभएर, टाढा भएर, सेवा प्रदायक व्यस्त भएर, उपलब्ध नभएर, आउन नचाहेर** मध्ये कुन कारण थियो सोधी चिन्ह लगाउनु पर्दछ । यदि उल्लेखित कारणबाहेक अन्य कुनै कारण थियो भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

## पूर्वाधार (यातायात, सूचना प्रविधि र सुविधासँगको पहुँच)

६.२.१ **सन्दर्भ अवधिमा, कृषि चलनमा कुन कुन प्रयोजनको लागि यातायातका साधनहरु उपलब्ध थिए ?**
यहाँ सन्दर्भ वर्षमा, कृषि चलमा कुन कुन प्रयोजन वा कार्यका लागि यातायातको साधनहरु उपलब्ध थियो सोधी विभिन्न प्रयोजनका विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ ।

- पशुपन्छी ओसारपसार गर्ने प्रयोजनको लागि यातायातको साधन उपलब्ध थियो भने पशुपन्छी ओसारपसार गर्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि पशुपन्छीलाई खुवाउने दाना तथा उत्पादित बाली ओसार पसार गर्ने यातायातको साधन उपलब्ध थियो भने दाना/बाली ओसार पसार गर्ने भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- पानी वा अन्य तरल पदार्थ ओसारपारार गर्ने प्रयोजनको लागि यातायतको साधन उपलब्ध थियो भने पानी वा अन्य तरल पदार्थ ओसार पसार गर्ने भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- उत्पादित कृषि वस्तु चिस्याउन मिल्ने सवारी साधन थियो भने चिस्यान सहितको ओसारपसार गर्ने भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- माथि उल्लेखित विकल्पहरु बाहेक अन्य प्रयोजनका लागि यातायात साधन उपलब्ध थियो भने अन्य भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- कुनै पनि साधनहरु उपलब्ध थिएनन् भने कुनै पनि नभएको भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**६.२.२ सन्दर्भ अवधिमा, कृषि चलनको तल उल्लेखित सेवा सुविधामा पहुँचको अवस्था र उक्त सेवाको लागि मुख्य सवारी साधन/पैदलको प्रयोग र लाग्ने समयसम्बन्धी विवरण**

सन्दर्भ वर्षमा, कृषि चलनको विभिन्न सेवा सुविधासँग पहुँच थियो भने सुविधा प्राप्त गर्नको लागि आउन जान प्रयोग गरिएको सवारी साधन र आउन जान लाग्ने समय अवधिको बारेमा जान्न खोजिएको छ । त्यसैले सुविधासम्बन्धी विवरण उल्लेख गरिएको मलहमा भएका सुविधा कृषि चलनमा थियो थिएन सोधी पहुँच थियो वा थिएन भन्ने महलमा थियो भने १ र थिएन भने २ लेख्नु पर्दछ । सवारी साधनको किसिम भन्ने महलमा जनु जुन सविधाको पहुँच थियो त्यो सुविधा प्राप्त गर्न कुन कुन किसिमको सावरी साधन प्रयोग गरेको थियो सोधी उक्त सुविधा लिन प्रयोग गरिएको सवारी साधनलाई कति समय लागेको थियो घन्टा र मिनेटमा लेख्नु पर्दछ ।

**६.२.३ सन्दर्भ अवधिमा, तपाईंको समुदायमा सञ्चालन भइरहेको कृषि विकाससँग सम्बन्धित परियोजनाहरुको बारेमा जानकार हुनुहुन्थ्यो ?**

सन्दर्भ वर्षमा, कृषि चलन भएको समुदायमा सञ्चालन भइरहको कृषि विकाससँग सम्बन्धित परियोजनाको बारेमा जानकारी थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यहाँ कृषि विकाससँग सम्बन्धित परियोजना भन्नाले, कृषकको क्षमता अभिबृद्धि गर्ने, बीऊबिजन लगायत अन्य उत्पादनका साधनमा सहयोग गर्ने, आधुनिक कृषि प्रणालीका निम्ति यान्त्रिकरण वा पूर्वाधार विकास गर्ने, अनुदान दिई व्यवसायलाई सहयोग गर्ने वा अन्य कृषि विकाससँग सम्बन्धित कार्य गर्ने कार्यक्रमलाई बुझ्नु पर्दछ ।

**६.२.४ तपाईं कृषि विकास परियोजनाहरुमा सहभागी हुनु भएको थियो ?**

यहाँ उत्तरदाता समुदायमा सञ्चालित कृषि विकास परियोजनाहरुमा सहभागी हुनु भएको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**६.२.५ तपाईं सहभागी हुनुभएको कृषि विकास परियोजनाको उद्देश्य के थियो ?**

सन्दर्भ वर्षमा उत्तरदाता समुयदायमा सञ्चालित परियोजनामा सहभागी भएको भए उक्त परियोजनाको उद्देश्य के थियो सोधी **क्षमता अभिवृद्धि, वीउविजन जस्ता उत्पादनका साधनमा सहयोग, यान्त्रिकिकरण तथा पुर्वाधार विकास,व्यवसायमा अनुदान** मध्येको एउटा विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि उल्लेखित उद्देश्यहरु बाहेक अन्य उद्देश्य थियो भने के थियो लेख्नु पर्दछ ।

- क्षमता अभिवृद्धि भन्नाले कृषकको कृषि व्यवसायसँग सम्बन्धी ज्ञान तथा सीप, तालिम, भ्रमण वा प्राविधिक सेवामार्फत् क्षमता बढाउनुलाई बुझ्नु पर्दछ ।
- बीऊविजन जस्ता उत्पादनका साधनमा सहयोग भन्नाले कृषि कार्यमा उत्पादनका साधनका रुपमा प्रयोग हुने मल, बीऊविजन, औषधि, औजारहरु तथा अन्य सामग्रीहरुमा पुऱ्याएको सहयोग बुझ्नुपर्दछ ।
- यान्त्रिकीकरण तथा पूर्वाधार विकास भन्नाले परम्पारगत कृषि उत्पादन प्रणालीलाई परिवर्तन गरी प्रविधियुक्त आधुनिक कृषि उत्पादन गर्नु र कृषिसँग सम्बन्धित सिंचाई, बजार, कृषि सडक जस्ता पूर्वाधारको विकासलाई बुझ्नुपर्दछ ।
- व्यवसायमा अनुदान भन्नाले कृषकलाई प्रोत्साहित गराई कृषि कार्य वा उत्पादन बृद्धि गर्ने उद्देश्यले कृषि व्यवसायमा सरकारले दिने अनुदान वा सहयोग भन्ने बुझ्नुपर्दछ ।
- माथि उल्लेखित परियोजनाका उद्देश्यबाहेक अन्य उद्देश्य थियो भने अन्य भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**६.२.६ कृषि चलनले कृषि विकास परियोजनाहरुमा सहभागी नहुनुको मुख्य कारण के थियो ?**

सन्दर्भ वर्षमा कृषि चलन कृषि परियोजनाहरुमा सहभागी नहुनुको कारणहरु जस्तैः **इच्छा नभएर, इच्छा थियो तर सम्भव भएन वा अवसर नपाएर** मध्ये कुन मुख्य कारण हो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि माथिका विकल्पहरु बाहेक अन्य कारण मुख्य थियो भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**६.२.७ सन्दर्भ अवधिमा, कृषि चलनको नजिकै कृषि औजार वा मेसिनको लागि मर्मत केन्द्रको सुविधा थियो ?**

सन्दर्भ वर्षमा कृषि चलनको नजिकै कृषि कार्यमा प्रयोग हुने कृषि औजार तथा मेसिन मर्मत गर्नका लागि आवश्यक पर्ने मर्मत केन्द्रको सुविधा थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**६.२.८ कृषि चलनले मर्मतको सुविधा प्रयोग गरेको थियो ?**

सन्दर्भ वर्षमा यदि कृषि औजार वा मेसिनको मर्मत गर्ने मर्मत केन्द्र थियो भने कृषि चलनले उक्त सुविधा प्रयोग गरेको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**६.२.९ कृषि चलनले मर्मतको सुविधा उपयोग नगर्नुको मुख्य कारण के थियो ?**

सन्दर्भ वर्षमा यदि कृषि चलनले मर्मत केन्द्रको सुविधा उपयोग गरेको थिएन भने नगर्नुको कारणहरु जस्तैः **आफैं जानकार भएर, आवश्यक नभएर, महङ्गो भएर** आदि मध्ये सोधी मुख्य कारणको उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि माथिका विकल्पहरु बाहेक अन्य कारण मुख्य थियो भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**सार्वजनिक स्रोतहरुसँगको पहुँच**

**६.३.१ सन्दर्भ अवधिमा, कृषि चलन रहेको समुदायमा सार्वजनिक चरन गर्ने जग्गा थियो ?**

सन्दर्भ वर्षमा कृषि चलन रहेको समुदायमा सार्वजनिक चरन गर्ने जग्गा थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**६.३.२ सन्दर्भ अवधिमा, कृषि चलनले सार्वजनिक चरन उपयोग गरेको थियो ?**

सन्दर्भ वर्षमा यदि कृषि चलनले सार्वजनिक चरन उपयोग गरेको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**६.३.३ सन्दर्भ अवधिमा, कृषि चलनले सार्वजनिक चरनको उपयोग नगर्नुको मुख्य कारण के थियो ?**

सन्दर्भ वर्षमा यदि कृषि चलनले सार्वजनिक चरन उपयोग गरेको थिएन भने नगर्नुको कारणहरु जस्तैः **कृषि चलनमा पशुपालन नभएर, कृषि चलनभित्रै प्रशस्त आहाराको व्यवस्था भएर, प्रयोग गर्न नदिइएको, अरु उपभोक्तासँग समस्या भएर,चरनको गुणस्तर र परिमाणको समस्याले** मध्ये मुख्य कारण सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि माथिका विकल्पहरु बाहेक अन्य कारण मुख्य थियो भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**६.३.४ सन्दर्भ अवधिमा, कृषि चलन रहेको समुदायमा सामुदायिक वन थियो ?**

सन्दर्भ वर्षमा कृषि चलन रहेको समुदायमा सामुदायिक वन थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**६.३.५ सन्दर्भ अवधिमा, कृषि चलनले सामुदायिक वनको उपभोग गरको थियो ?**

सन्दर्भ वर्षमा यदि कृषि चलनले सामुदायिक वनको उपभोग गरेको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**६.३.६ सन्दर्भ अवधिमा, कृषि चललको सामुदायिक वनको उपभोग नगर्नुको मुख्य कारण के थियो ?**

सन्दर्भ वर्षमा यदि कृषि चलनले सार्वजनिक चरन उपयोग गरेको थिएन भने नगर्नुको कारणहरु जस्तैः **कृषि चलनभित्रै पर्याप्त बनबनेलो रहेको, महङ्गो भएर, प्रयोग गर्न नदिइएको, अरु उपभोक्तासँग समस्या भएर, बनबनेलोको गुणस्तर र परिमाणको समस्याले** मध्ये मुख्य कारण सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि माथिका विकल्पहरु बाहेक अन्य कारण मुख्य थियो भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**६.३.७ सन्दर्भ अवधिमा, कृषि चलन रहेको समुदायमा सार्वजनिक/सामुदायिक सिंचाइ सञ्चालनमा थियो ?**

सन्दर्भ वर्षमा कृषि चलन रहेको समुदायमा सार्वजनिक/सामुदायिक सिंचाइ सञ्चालनमा थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**६.३.८ सन्दर्भ अवधिमा, कृषि चलनले सार्वजनिक/सामुदायिक सिंचाइको उपभोग गरेको थियो ?**

सन्दर्भ वर्षमा यदि कृषि चलनले सार्वजनिक/सामुदायिक सिंचाइको उपभोग गरेको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**६.३.९ सन्दर्भ अवधिमा, कृषि चलनले सार्वजनिक सिंचाइको उपभोग नगर्नुको मुख्य कारण के थियो ?**

सन्दर्भ वर्षमा यदि कृषि चलनले सार्वजनिक सिंचाइको उपभोग गरेको थिएन भने नगर्नुको कारणहरु जस्तैः **आवश्यकता नभएर, कृषि चलनभित्रै पर्याप्त सिंचाइ रहेको, पहुँच प्रदान नगरिएकाले, अरु उपभोक्तासँग समस्या भएर, पानीको गुणस्तर र परिमाणको समस्याले, बाली लगाउने समयमा पानी उपलब्ध नभएर** मध्ये मुख्य कारण सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि माथिका विकल्पहरु बाहेक अन्य कारण मुख्य थियो भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

# भाग ७
# जलवायु परिवर्तनको अनुकूलन तथा समाधान गर्ने रणनीतिसम्बन्धी विवरण

प्रश्नावलीको यस भागमा चरम प्राकृतिक घटनाहरुले कृषि चलनमा पारेको नकारात्मक असर र कृषि चलनले जलवायु परिवर्तनलाई अनुकूल बनाउनका लागि अपनाएको अभ्यास तथा प्रयासहरुको जानकारी लिनुपर्दछ ।

## ७.१ सन्दर्भ अवधिमा, कृषि चलनमा चरम प्राकृतिक विपद्/प्रकोपले असर पारेको थियो ?

सन्दर्भ वर्षमा कृषि चलनमा भारी वर्षा, उच्च तापक्रम, भुईचालो पहिरो जस्ता प्राकृतिक प्रकोपले कृषि चलनलाई पारेको असरको बारेमा सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि कृषि आम्दानीमा वा उत्पादन लागतमा असर पुऱ्याएको थियो भने **थियो, आर्थिकमा** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि कृषि जग्गा, उपकरण वा अन्य सामग्रीमा असर परको थियो भने **थियो भौतिकमा** चिन्ह लगाउनु पर्दछ । यदि मानवीय क्षति वा विरामी वा घाइते पारेको थियो भने **थियो, मानवीयमा** चिन्ह लगाउनु पर्दछ । यदि, कुनै पनि असर पारेको थिएन भने **थिएन** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

## ७.२ सन्दर्भ अवधिमा, कृषि चलनमा चरम प्राकृतिक विपद्/प्रकोपले पारेको मानवीय असरको विवरण दिनुहोस् ।

सन्दर्भ वर्षमा, यदि प्राकृतिक प्रकोपले कृषि चलनमा मानवीय असर पारेको थियो भने **मरेको संख्या, घाइते संख्या, घरवारविहिन भएको संख्या प्रकोपको कारणले केही समयको लागि स्थानान्तरण हुनुपरेको संख्याको** विवरण सोधी असर परेको महिला वा पुरुषको महलमा लेख्नुपर्दछ । यदि उल्लेखित मानवीय असरबाहेक अन्य मानवीय असर परेको थियो भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि उल्लेखित कुनै मानवीय असर पुऱ्याएको थिएन भने **असर नगरेकोमा** चिन्ह लगाउनु पर्दछ ।

## ७.३ सन्दर्भ अवधिमा, कृषि चलनमा चरम प्राकृतिक विपद्/प्रकोपले पारेको आर्थिक असरसम्बन्धी विवरण दिनुहोस् ।

सन्दर्भ वर्षमा, कृषि चलनमा प्राकृतिक प्रकोपले पारेको आर्थिक असरको बारेमा सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

- प्राकृतिक प्रकोपको कारणले कृषि चलनको आम्दानीमा कमी आएको थियो भने आम्दानीमा कमी भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- प्रकोपका कारणले कृषि चलनको बाली, पशु वा अन्य कृषि उत्पादन घटेको थियो भने उत्पादनमा ह्रास भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- दुई उल्लेखित असर बाहेक अन्य आर्थिक असर पुऱ्याएको थियो भने अन्य भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- यदि उल्लेखित कुनै आर्थिक असर पुऱ्याएको थिएन भने असर नगरेकोमा चिन्ह लगाउनु पर्दछ ।

## ७.४ सन्दर्भ अवधिमा, कृषि चलनमा चरम प्राकृतिक विपद्/प्रकोपले पारेको भौतिक असर सम्बन्धी विवरण दिनुहोस् ।

सन्दर्भ वर्षमा, कृषि चलनमा प्राकृतिक प्रकोपले पारेको भौतिक असरको बारेमा सोधी विभिन्न विकल्पहरु जस्तैः **जग्गाको नोक्सान, बालीको नोक्सान, पशुपन्छीको नोक्सान, माछाको नोक्सान, काठ दाउराको नोक्सान, भवनको क्षति वा नोक्सान** मध्ये असर परेका उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ । यदि उल्लेखित भौतिक असर

बाहेक अन्य भौतिक असर पुऱ्याएको थियो भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि उल्लेखित कुनै भौतिक असर पुऱ्याएको थिएन भने **असर नगरेकोमा** चिन्ह लगाउनु पर्दछ ।

## ७.५ तपाई जलवायु परिवर्तनको बारेमा जानकार हुनुहुन्छ ?

जलवायु परिवर्तन भन्नाले लामो समयदेखि मौसम/जलवायुको अवस्थामा जस्तै मौसमको तापक्रम, आद्रता, हावा, वर्षामा आएको परिवर्तनलाई बुझ्नु पर्दछ । यस प्रश्नमा उत्तरदातालाई जलवायु परिवर्तनको बारेमा जानकारी छ, छैन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

## ७.६ सन्दर्भ अवधिमा, जलवायु परिवर्तनका अनुकूलनका लागि कृषि चलनले के के अभ्यासहरु गरेको थियो ?

सन्दर्भ वर्षमा जलवायु परिवर्तनका प्रभावहरुको असर कम गर्नको लागि कृषि चलनले गरको विभिन्न अभ्यासहरुको बारेमा सोधी विभिन्न विकल्पहरु जस्तैः **बुहबाली, खेती स्थानान्तरण, परम्परागत कृषि अभ्यास र ज्ञानको प्रयोग, परम्परागत बाली र पशुपन्छीको प्रयोग, स्थानीय परिस्थिति अनुकूलका विजनको प्रयोग, नयाँ अभ्यास वा प्रविधिको प्रयोग, प्रजातिमा परिवर्तन** आदिबाट उपयुक्त विकल्पहरु छनौट गर्नुपर्दछ । यदि उल्लेखित विकल्पहरु बाहेक अन्य अभ्यास गरेको थियो भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि कुनै पनि अभ्यास गरिएको थिएन भने कुनै पनि होइन भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**बहुबाली**
एउटै मौसममा उही जग्गामा एकैसाथ दुई वा दुईभन्दा बढी बाली लागाइने अभ्यासलाई बहुबाली भनी बुझ्नुपर्दछ । अथवा पहिलो बालीको बीचमा वा पहिलो बाली थन्काउनुभन्दा पहिले दोस्रो बाली लगाइन्छ भने पनि बहुबाली भन्ने बुझ्नुपर्दछ । जस्तैः धान थन्काउनुभन्दा पहिले नै मुसुरो बाली लगाउनुलाई बहुबालीको उदाहरणको रुपमा लिन सकिन्छ ।

**खेती स्थानान्तरण**
खेती गरिरहेको जग्गा केही समयलाई छोडेर अन्य जग्गाको वनस्पति तथा झाडीहरु फाँडेर वा आगो लगाई जमिन खाली वा सफा गरी बाली लगाइन्छ भने खेती स्थानान्तरण भनी बुझ्नुपर्दछ ।

**परम्परागत कृषि अभ्यास र ज्ञानको प्रयोग**
जलवायु परिवर्तनको अनकूलनका लागि लामो समयदेखि गरिँदै आएको परम्परागत कृषि अभ्यास वा ज्ञान र सीपको प्रयोग बुझ्नुपर्दछ ।

**नयाँ अभ्यास वा प्रविधिको प्रयोग**
जलवायु परिवर्तनको अनुकलनका लागि नयाँ कृषि अभ्यास वा नयाँ प्रविधिको प्रयोग गरिएको भन्ने बुझ्नु पर्दछ ।

**स्थानीय परिस्थिति अनुकलका विजनको प्रयोग**
जलवायु परिवर्तनको अनुकूलनका लागि स्थानीय परिस्थितिमा हुर्कने वा अभ्यस्त भएको बीऊविजनको प्रयोगलाई बुझ्नुपर्दछ ।

**प्रजाति परिवर्तन**
जलवायु परिवर्तनको अनुकलनको लागि बाली वा पशुपन्छीको प्रजातिमा गरिएको परिवर्तन गरेको बुझ्नुपर्दछ ।

# भाग ८
# फोहोर व्यवस्थापनसम्बन्धी विवरण

प्रश्नावलीको यस भागमा कृषि चलनबाट उत्पन्न भएको फोहोर पानी र अन्य ठोस प्रकारको फोहोरको व्यवस्थापन सम्बन्धित विवरण लिन खोजिएको छ ।

## ८.१ सन्दर्भ अवधिमा, कृषि चलनबाट निस्किएको फोहोर कुन कुन प्रकारका थिए ?

सन्दर्भ वर्षमा, कृषि चलनबाट कुन कुन प्रकारका फोहोर निस्काशन हुने गर्दथ्यो सोधी विभिन्न विकल्पहरु जस्तैः **काम नलाग्ने साधनहरु, विषादीका खाली खोलहरु, मलका खाली खोलहरु, पेट्रोलियम उत्पादनका खाली खोलहरु, बीऊका खाली खोलहरु, प्रयोग भएका प्लास्टिकहरु, तार रसी र जालीहरु, अयोग्य विषादीहरु, पशु उपचारजन्य फोहोर, कुहिएको फलफुलजन्य पदार्थ, अन्य खतरारहित जैविक फोहोर, अन्य खतरारहित रसायनिक फोहोर, अन्य खतराजन्य फोहोरहरुमध्ये** उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ । यदि उल्लेखित कुनै प्रकारको फोहार निस्काशन गर्दैन भने **माथिका कुनै पनि होइन** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

## ८.२ सन्दर्भ अवधिमा कृषि चलनबाट निस्किएको फोहोर व्यवस्थापन कसरी गरिएको थियो ?

सन्दर्भ वर्षमा कृषि चलनबाट उत्पन्न फोहोर व्यवस्थापन कसरी गरिएको थियो सोधी विभिन्न विकल्पहरु जस्तैः **फोहोर व्यवस्थापकलाई पठाएर, जलाएर, गाडेर, घरमै अन्य तरिकाले व्यवस्थापन गरेर** मध्ये उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ । यदि उल्लेखित तरिकाले फोहोर व्यवस्थापन गरिएको छैन भने **कुनै पनि व्यवस्थापन गरिएको छैन** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

## ८.३ सन्दर्भ अवधिमा, कृषि चलनबाट निष्काशन भएको फोहोर पानीको व्यवस्थापन कसरी गरिएको थियो ?

सन्दर्भ वर्षमा कृषि चलनबाट उत्पन्न भएको फोहोर पानीको व्यवस्थापन कसरी गरिएको थियो सोधी विभिन्न विकल्पहरु जस्तैः **खाल्डो बनाएर व्यवस्थापन गरेको, सुरक्षित स्थान वा सेफ्टि ट्यांकमा पठाएर, कृषि जग्गामा प्रयोग गरेर, झोल मल बनाउन प्रयोग गरेर, व्यवस्था छैन** मध्ये उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ । यदि उल्लेखित तरिकाले फोहोर पानीको व्यवस्थापन गरिएको छैन भने **कुनै पनि व्यवस्थापन गरिएको छैन** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ । माथि उल्लेखित बाहेक अन्य तरिकाले फोहोर पानीको व्यवस्थापन गरिएको छ भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।